पौडेलवंशप्रकाश



लेखक तथा सम्पादक
पं. हरिप्रसाद पौडेल
साहित्याचार्य, (एम. ए.

पौडेल वंश प्रकाश

लेखक

पं० हरिप्रसाद पौडेल

साहित्याचार्य,एम०; ए०

वृन्दावन (मथुरा)

संकलक

श्री लक्ष्मीनारायण पौडेल

कैम्पा बजार, तोप गाछी

झापा (नेपाल)

प्रकाशक

पौडेल वंश प्रकाशन समिति

कार्यालय

धुलावरी झापा (नेपाल)

प्रति–१०००]
२०४२ वि० सं० वैसाख संक्रान्ति

[मूल्य :
नै० रु० २५/-

दुई शब्द

श्रीमान् सज्जनवृन्द !

पुज्य गुरुको यो कार्य हेर्दा मन
उम्ली पोखिनखोज्छ हर्ष बटुली ल्याएर वर्षाउँन ।
यो यस्तो इतिहासपूर्ण छ कहाँ ? हज्जार नामावली
सानो एक अबोध बालकवि! यो पौडेल वंशावली ? ।

नेपाली जनभावनासित सधैं नाता बनाईकन
हाम्रो गौरव गर्वलाइ बटुलोस् यो देशमैं चम्किन ।
नौलो ह्वैन वसन्त यो हृदयमा आनन्द क्यै ल्याउँन
आउँदैछ समाजमा घरघरै एकत्व दर्शाउँन ।।

नेपालीरुहका दल्यान मजले हेर्दै र खेल्दै नयाँ
माँया प्रेम अपार कोष बटुली ल्यायेर देला त्यहाँ ।
नेपाली हिमरत्न पङ्कज फुली यो कुञ्जका गौथली
भुल्याऊँन वसन्तझैं अब हिड्यो पौडेल वंशावली ।।

मेची पूर्व कलिङ्ग बङ्ग उडिसा आसाम टिष्टा तट
घुम्दै पश्चिम काङ्गडा विजयको झण्डा बनोस् पूर्णतः ।
हाम्रा पूर्वजको दया-धृति-क्षमा-गाम्भीर्यता शक्ति यो
नेपालीहरुकै उमङ्ग बटुलोस् पौडेल वंशावली ।।

झापा देखि लिएर पश्चिम पुगी यो एकता सूत्रमा-
बाँध्दै यो हिमशैलका शिखरमा झुल्क्योस् उषाकालमा ।
नेपालीहरुलाइ झट्ट उठि यो ब्युँझाउँदै साथमा
हाम्रो धर्म लिएर दौडिन सकोस् मेरो छ यो कामना ।।

भगवती शरण बकाल
भा० सि०–५ सुन्सरी
नेपाल

२०४१ साल पौष २७ गते
वृन्दावन

श्री बाबुराम पौडेल (प्रमुख जिल्ला अधिकारी)

(उदै भट्टका २४ औं पुस्तामा शंपू थिर्ता लिनेऋषि, उमापति वीरभद्र, पर्शुराम, देवदत्त, बलभद्र, प्रेमलालका कनिष्ठ पुत्र संस्कृतका प्रकाण्ड विद्वान् पं०श्री दधिराम ज्यू हुनुहुन्थ्यो, उहाँका एक मात्र पुत्र गंगा प्रसादका कनिष्ठ पुत्र श्री बाबुराम पौडेल ज्यू हुनु हुन्छ, जो अति नै सहृदय, सरल स्वभाव, उदार मना, निपुण विद्वान् एवं कुशल प्रशासक हुनुहुन्छ, वर्तमान उहाँ मोरङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारी हुनुका साथै स्ववंश ज्ञानार्थ मार्ग-निर्देशक र महान योग दाता हुनु हुन्छ। उहाँ का ५ पुत्रहरुछन्। पौडेल वंश प्रकाशको श्लोक सं०१०६ र रेखा पृष्ठ सं०२७ मा वंशको उल्लेखछ)

— लेखक

शुभ कामना

परमादरणीय श्री ५ बडामहाराज पृथ्वी नारायण शाहले नेपाललाई चार जात छत्तीस वर्णको फुलवारी हुकुम भएको थियो। यस नेपाली वर्गीचामा फूलेका फुलहरु मध्ये ब्राह्मण जातीय पौडेल वंश सुमनको अनुसन्धानात्मक वर्णन लिएर पौडेल वंश प्रकाश हाम्रो हातमा आएकोछ। प्रकाशित भै सके पछि यसले आलोचना, समालोचना वा स्यावासी जे पाउला त्यो भविष्यको कुरा हो। म चाहिं अहिले के भन्न चाहन्छु भने आपना अज्ञात पहिरुको विषयमा जानकारी दिन बहुत परिश्रम गरेर छन्दोबद्ध कविताको साथै सरल भाषामा लेखी यो पुस्तिका प्रकाशनगर्ने पं० हरिप्रसाद पौडेल धन्यवादका पात्र हुनुहुन्छ।

यो वंशावलि संकलनमा पं० हरिप्रसाद जी, प्र० अ० दीनानाथ जी र लक्ष्मीनारायणजी हरुले पौडेलहरु बसेको ठाऊँ-ठाऊँ, थलो-थलो पुगी वंशावलिको नाम संकलन गर्नु भएको मैले थाहा पाएको छु। परिश्रमका लागि साधु वाद दिनै पर्छ।

यस पुस्तकका छन्दोबद्ध कविता हेर्दा कविशिरोमणि लेखनाथ पौडेलका कविता हरुको स्मरण हुन आउँछ। कविता को रुप दिन लेखक लाई निकै समय र परिश्रम लागेको अनुमान गर्न सकिन्छ। यस बाट लेखकको राम्रो कवित्व शक्तिको स्फुरण झल्किन्छ।

अधिराज्य भरि वा बाहिर छरिएर बसेका संम्पूर्ण पौडेल हरुको हांगा बिगाहरुलाई समेटेर यस पुस्तकमा प्रकाशनार्थ ल्याउन न सकेता पनि भविष्य का लागि यसले केहि हद सम्म बाटो चाहिं अवश्य बनाई दिएको छ भन्न सकिन्छ। अस्तु—

दिनाङ्क-२०४२।१।५।४ मा

बाबुराम पौडेल
प्रमुख जिल्ला अधिकारी
पाञ्चाली, विराटनगर
मोरङ्ग (नेपाल)

प्राक्-कथन

बिसौं शताब्दिको वैज्ञानिक पराकाष्ठाको युगमा आएर हामी नेपाल अधिराज्य र अन्यत्र छरिएर बसेका ब्राह्मण क्षेत्रीहरु हाम्रो वंश परंपरा र पुस्ताको खोजमा लागेको देख्ता अन्य विकसित मुलुकका मानिसका लागि आश्चर्य लाग्दो भएतापनि विभिन्न कारणले विभिन्न थरमा विभाजित हाम्रा ब्राह्मण क्षेत्रीहरुको पूर्खाको थलो र संतानको लेखा जोखा राख्नु हाम्रो निम्ति गौरव र आउने पिढिको लागि अनुसन्धान गर्न मार्ग दर्शन हुने कुरा निर्विवाद छ । यसै क्रममा ब्राह्मण को एक समूह देवकोट पर्वतमा बसेर देवकोटा, अर्को समूह सापकोटमा बस्ने सापकोटा भए जस्तै पौडीमा बस्ने पौड्यालय वा पौडेल थर बाट चिनिइ नेपाल अधिराज्य मात्र होइन प्रवासको विभिन्न ठाउमा बसेका छन् । एउटैका कोही काला पट्टीका संतान काला र सेता पट्टीका संतान सेता कहिएता पनि राता पौडेल समेत नेपालको मध्य पश्चिमाञ्चल क्षेत्रमा रहेका कुरा नेपाल पैदल यात्रा गर्ने पूर्ण प्रकाश नेपाल 'यात्री' भन्नु हुन्छ । यसरी पौडेल थरीका उपथरी काला सेता र राता समेतले हामी चिनिएका छौं ।

आफ्नो वंशजको खोज गर्ने केही अन्य थरी जस्तै हाम्रो पौडेलको पनि वंशावली तयार गरौं भन्ने चाहना हुदै गर्दा हाम्रा काका लक्ष्मीनारायण पौडेलले 'सैंपू' बीरता लिनु हुने मेरा नवौं पिढि अघिका ऋषि पाध्या पौडेलको पूर्व आउने हाँगोको खोज दुई तीन वर्ष लगाएर गरिसक्नु भएको थियो र यस काममा वहाँलाई हर प्रकारले सहयोग गर्नेमा हाल झापाका प्र० जि० अ० बाबुराम पौडेल, भाई देवनारायण पौडेल, तर्कमणि लगायत धेरै बन्धुहरुले चाख लिइदिएकोले वंशावली तयारी समितिको गठन समेत भइ सचिव जस्तो गहन जिम्मेवार पदमा मलाई विश्वास गरी अविभारा सुम्पेकोमा यो काम पूरा गरी प्रत्येक पौडेल परिवारको घरमा श्लोकबद्ध पौडेल वंशावली कसरी पुर्‍याउने भन्ने चिन्ता मलाई लाग्नु स्वभाविकै थियो तर यो कामको जिम्मा ऋषि कै संतानमा कुलका रत्न विद्वान भतिजा पं० हरिप्रसाद पौडेलले लिइ दिएकोले हामी सबै यस वंशावलीमा पर्ने पौडेल वहाँ प्रति आभारी छौं ।

अरु ब्राह्मण समुदाय जस्तै पौडेल परिवार पनि नेपालको पश्चिमी भेगबाट पूर्व हानिदै आएको कुरा हाम्रो पौडेल हरुले पाएको वीरताको प्रमाण-बाट देखिन्छ तापनि हाम्रो मुख्य थलो कास्की पोखरा र त्यस बाट पूर्व सर्दै काभ्रेको कानपुर र यसबाट पनि पूर्व आई रामेछापको सैंपूमा ऋषिले वीरता

पाएको कुरा राष्ट्रिय अभिलेखालय र चार खाल अड्डामा भएको प्रमाणबाट पाउँछौं । विभिन्न ठाउँमा विभिन्न कारणबाट राजा रजौटाबाट पौडेलहरुले वीरता लिएको धेरै नै पाइन्छ जसमा पूर्व सि० पा० मण्डन, पूर्व हलेसी, सल्ले आदि पनि उल्लेख्य छन् । यसरी पाएको बीरताको प्रमाणबाट पनि वंशावली तयार गर्न आधार हुने कुरा पं० हरिप्रसाद पौडेल र मबाट भएको काठमाण्डौ हुदै पोखरा सम्मको भ्रमणबाट देखिएको छ । यसै बेला नै हामीले हाम्रो कुलका प्र० मन्त्री पद सम्म पुग्ने रंगनाथ पौडेल, काजी लक्ष्मीभक्त पौडेल र कवि शिरोमणि लेखनाथ पौडेल जस्ता ख्यातीप्राप्त विशिष्ट व्यक्तिहरुको हाँगो यो वंशावलीमा जोड्न सफल भयौं । यो हाम्रो सौभाग्यको कुरा हो ।

अब रह्यो यो वंशावलीमा को-को छौं भन्ने । नेपाल अधिराज्य र प्रवासका असंख्य पौडेल बन्धु मद्धे यसमा दशांश मात्र पनि छैनौं । यो सानो र छोटो प्रयासबाट निस्केको वंशावली हो । यसमा खाली पोखराबाट पूर्व आउने केही पौडेल मद्धे कोही अर्घौं अर्घेले, कोही कानपुर र त्यसबाट पनि पूर्व सैंपू आउने बुढाका संतान मात्र छौं । यसमा पनि कति छुटनु भएको छ । अन्य कतिपय बन्धुहरुको माथिल्ला बुढाहरु नमिलेकोले छोड्नु परेको छ । सम्पूर्णलाई समेट्न धेरै समय, त्याग र भ्रमणको आवश्यकता पर्नेछ । सबैको समान रुपमा सहयोग पाइएमा हामी यसमा दोश्रो संस्करण निकाल्दा समेटने छौं । हाललाई छुटनु हुने सम्पूर्ण दाजु भाई प्रति समिति क्षमा याचना गर्दै यसको प्रकाशनार्थ आर्थिक सहयोग गर्ने सम्पूर्ण पौडेल बन्धुमा समिति आभार व्यक्त गर्दछ ।

दीनानाथ पौडेल
सचिव
वंशावली तयारी समिति
हाल-धुलाबारी झापा

मिति २०४१/७/११/१

पौडेल वंश अन्वेषक श्रीलक्ष्मीनारायण को जीवनी

जन्म कुण्डली



श्री लक्ष्मीनारायण पौडेल

मानव हृदय आपना सहजगुणहरुवाट जीवन लाई उज्यालो पथमा लैजान आत्मीय भावले ओत प्रोत हुन्छ। त्यो प्रकाश कहीं संकीर्ण र कहीं विस्तीर्ण हुन्छ। इतिहास एक छिपेको प्रकाशपुञ्ज हो। कुनै सहृदय हृदय मानवले उसलाई खोजेर हाम्रा समक्ष प्रस्तुत गरेको त्यही प्रकाशमा हामी सबै दगुर्यौं। मूल बाटोमा कुद्न पायौं। पुराना वंशावली को खोज पनि सर्वजनोपयोगी न भए ता पनि एक जातीय एकता लाई सुदृढ पार्ने सबल समाज,सबल राष्ट्रको परिकल्पनामा प्रथम इकाई हो। यस सम्बन्धमा लगभग डेढहजार वर्ष देखि बनेको पौडेल थर आज एशिया का कुना-कुना पार गरेर धेरै पर पुगेको छ। त्यस अन्वेषणको प्रथम चरण शुरु गर्ने खोजेर एक अर्का लाई चिनाउन प्रयासगर्ने हाम्रा वंशज श्रीलक्ष्मीनारायणको जन्म उदय भट्टका २४ औं पुस्ता शंपूवितर्वाल ऋषि पाध्याका साहिला पुत्र वशिष्ठ का छैटौं वंशज धर्मानन्द की धर्मपत्नी श्रीमती लक्ष्मी देवी का गर्भबाट कनिष्ठ पुत्र का रूपमा कार्तिक २४ गते १९७३ वि० सं० मा भएको हो। चिराँख बाट ताप्लेजुङ्ग आउदा इलाम को गोर्खे जगात मा खतिवड़ाका घरमा जन्मभै दोखू गाऊँ मा उहाँको पावन बाल्य जीवन बित्यो। १२ वर्ष मा पिता को देहान्त भयो। त्यस वेलाको ग्रामीण जीवनमा शिक्षा दीक्षा को समुचित व्यवस्था न भएकोले घरैमा साक्षर बनी युवावस्थामा सामाजिक कार्य मा विशेष रुचि उहाँले दिनुभयो। आर्थिक कमी भएपनि उहाँ ले उदारता पूर्वक श्रम दान द्वारा हिटी धारा र पाठशालाको निर्माण गर्नु भयो। काष्ठ शिल्पी र प्रस्तर शिल्पी उहाँका सहजात गुणहरु हुन्।

वि० सं० २०१४ मा आसाम मणिपुर पुगेर कृषि पेशा गर्दै पुल बाटो-घाटो र पाठशालाको निर्माणमा श्रम योगदान गरेर नेपाली जन समाजलाई नयाँ बाटो दिनु भयो। २०२३ मा माता को मृत्यु पछि आशौचक्रिया सम्पन्न गरेर आफ्नी धर्मपत्नी श्रीमती मैना देवी का साथ मा गया, काशी, बद्री, केदार, गंगोत्री, यमुनोत्री जगन्नाथ, रामेश्वर द्वारिका आदि विविध तीर्थको भ्रमण गरी धन, मन र तन को पावनता उपलब्ध गर्नु भयो। यसरि जीवन को उत्तरार्ध सम्म दैहिक भौतिक र पारमार्थिक कार्यले मनलाई सद्ग्रन्थ को अध्ययन द्वारा पावन गराएर २०२९ सालमा स्वदेश फर्की झापा जिला को तोप गाछी वार्ड नं० ८ मा सपरिवार बसोवास गर्नु भैरहेको छ।

२०३४ सालमा वृद्धावस्था ले घेरे पनि अचानक आपना बन्धुहरु चिन्ने इच्छा जागृत भएकोले घर-बार छोरा र पत्नी लाई सुम्पिएर यस यज्ञ मा पदार्पण गर्नु भयो। खोलो, पैरो, भीर, पहाड, वर्षा, गर्मी, सर्दी र दुनी लाई सहनगर्दै ऋषि पाध्याका दश पुस्ताका सर्व नाम बटुल्नु भयो। साथै तत्कालीन झापा जिल्लाका प्र० जि० अ० श्री बाबुराम पौडेल संग परिचय गरी शंपू रामेछाप पुगेर पूर्वज को बितस्थली हेर्दै नामहरु लिएर आउनु भयो। अल्प शिक्षा, रुग्ण शरीर र वृद्धावस्था मा पनि उहाँले गरेको यो प्रयास हामी सम्पूर्ण बन्धुलाई हितकर भावनात्मक र संश्लेषण सूत्र बन्ने छ। उहाँ आफैं लेख्न नसक्ने हुदा अरुलाई लेख्न लगाएर ल्याएको अति प्रयास र सतत पसीना का कण मा चम्किएको यो वंश प्रकाशले उहाँको जीवनलाई स्मृतिको प्रकाश-दिने छ र हामी शिक्षित बुद्धिजीवीलाई नवीन गोरेटो देखाउने छ। यद्यपि यो वंशावली विश्वका पौडेल हरुको दशांश मात्र होला तर अरु पनि वंशज्ञानाभिलाषी बन्धुहरुको प्रयासले केही जोडेर, सगालेर, सिगारेर बनाएको प्रकाशले हामी सबलाई उज्यालो पार्नेछ।

महाम्रो अन्वेषक श्रीलक्ष्मीनारायण ज्यू लाई धेरै धन्यवाद दिन्छु जसले ठूलो श्रम गरेर मलाई लेखनार्थ र प्रकाशनार्थ आज्ञादिनु भयो त्यसैले पूर्व मेची देखि पोखरा सम्मका धेरै बन्धुहरु संग परिचय गर्ने मौका पाएँ र यस महानकार्य को प्रारंभ गरेर पुस्तकाकार देख्न असीम इच्छा राख्दै अझै रातोदिन परिश्रम गरिरहने उहाँ को यो सानो जीवनी लेख्न मौका पाएँ। उहाँ कै सदिच्छा बमोजिम जन्म कुण्डली र प्रकाशन समिति को स्वीकृति अनुसार सर्व बन्धुहरु संग चिनारी गर्न उहाँको फोटो पनि साथै प्रकाशित गरें। वर्तमान मा उहाँका चार पुत्र हरु नरनाथ, भोलानाथ, चोमनाथ र चूडामणि

साथै एक पुत्री रुक्मिणी छन्। हाम्रोवंशप्रकाश को रेखात्मक १६ पेज र श्लोक ३३५ मा उहाँको उल्लेख छ। अन्त्यमा भगवान संग उहाँको चिरायुष्य, मनोबल र आत्मबल प्राप्तिको साथै सद्वंशको विस्तारका लागि प्रार्थना गर्दछु।

लेखक : *पं० हरिप्रसाद पौडेल*

एक उद्गार

आजको कम्प्यूटर र इलेक्ट्रोनिक युगमा पदार्पण गरेर पनि यस धरतीका हामी मानव आफ्नो सृष्टि सर्वप्रथम कुन रुपमा कहिले र कसरी भयो भन्ने बारे आज सम्म मतैक्यमा पुग्न नसक्नु ठूलो दुःखको कुरा हो। मानिसले अन्य पदार्थको साथै आफ्नो बारे धेरै-धेरै कुराहरुको अनुसन्धान गरिनु बौद्धिक मानवको परम् कर्त्तव्य हो भन्ने कुरा मैले ठानेको छु। प्रस्तुत यो "पौडेल वंश प्रकाश" विश्वका करीब ५ अरब मानिस मध्ये एउटा सूक्ष्म एकाई ब्रह्मनिष्ट ऋषि अत्रिका सन्तान आत्रेयगोत्री पौडेलहरुको अनुसन्धानको एउटा सानु प्रारम्भक स्वरूप मात्र हो। पौडेलहरुको वंशावलीले अत्री ऋषि पुग्याएको छ भने खोज जारी रहेमा अत्रि ऋषिको वंशावलीले अवश्यमेव हामीलाई अरु ऋषिहरुको यथार्थ ज्ञान गराई सम्पूर्ण मानव जातिको वंशज र सृष्टिको रहस्योद्घाटन गराई दिन सक्नेछ भन्नु अत्युक्ति नहोला जस्तो मलाई लागेको छ।

लोकनाथ पौडेल
शनिश्चरे—२, झापा (नेपाल)

प्रस्तावना

जगत-सृष्टि, स्थावर-सृष्टि र जंगम सृष्टिको क्रममा मानव सृजनको परपरा विश्वका विभिन्न इतिहासमा आ-आफ्नो परंपरामा शैली र वातावरणको चिन्तनानुसार लेखिएको छ। विज्ञान र पुराणका आफ्ना अलग गतिविधिहरुछन्, मानव सृष्टिको आदिकाल पत्ता लगाउन। तथापि विश्वका प्राचीनतम दुई सभ्यता (युरोपीय-र भारतीय) मध्ये प्रमाणको आधारमा खोजका तथ्यहरु आर्य (भारतीय) सभ्यतामा बहुत छन् त्यो परंपरा वेद पुराण र स्मृति-हरुमा अन्तर्निहित छ। त्यस अनुसार विश्वसृष्टिका कारण ब्रह्मा हुन्। उनी आफ्नो इच्छा शक्ति द्वारा देव, मनुष्य, तिर्यक् आदि चराचरको सृष्टि गर्छन्। यहि क्रममा आदिकालमा परमात्मशक्ति प्रेरित ब्रह्माजी दश पुत्रहरु मध्ये आफ्नो नेत्र तेजबाट अत्रि नामक पुत्र उत्पन्न गर्दछन्। यी सबै पुत्रहरु तेजस्वी, तपस्वी, मनस्वी र ओजस्वी हुन्छन्। मनुपुत्री देवहूति बाट समुत्पन्न कर्दमकी छोरी अनसूया संग अत्रिको विवाह हुन्छ। पातिव्रत्य-धर्ममा सर्वश्रेष्ठ अनसूयाका पुत्रहरु आत्रेयनामले प्रसिद्ध हुन्छन् यिनैबाट चलेको आर्य परंपराको बृहत्तम कुल **आत्रेय गोत्रले** प्रख्यात छ। यसरि विश्वमानवता बाट सांगुरिदै आएर एक सानो इकाई गोत्र बन्न पुग्दछ। यो भन्न गाह्रो मात्रै हैन असंभव पनि छ अत्रिको देश, काल, परिस्थिति के कस्तो र कहाँ थियो। यति भन्न सकिन्छ उनी आर्य थिए तत्कालीन विशाल भारतवर्ष आर्यावर्त, ब्रह्मावर्तादि नामान्तर युक्त क्षेत्र हिमालयको दक्षिण तटमा कहिं थिए र आज पनि हजारौं लाखौं शताब्दि पछि उनको नाम लिदै हामी उत्तरी आकाशमा उदाएका सप्तर्षि अत्रिको उज्यालो प्रकाशमा विश्वमा छरिएपनि यही धरती को काखमा आफ्ना पूर्वजलाई हेरिरहे छौं, आफू लाई उनीसंग लगेर जोड्ने मानवताको पावनतम लक्ष्य हासिल गर्न शान्ति सूत्रमा उज्यालो, सुखद, शान्त, सरस र सरल तारो बन्ने प्रयास गरिरहे छौं। यसै परंपरामा अर्चिनानस र श्यावाश्व नामक ऋषिहरुको नाम वैदिक आर्ष परपरामा उल्लेखित छ। विश्वको आदिम ग्रन्थ ऋग्वेद मण्डल ५ सूक्त ६१ मा आत्रेय श्यावाश्व को कथा अंकित छ। धेरै साम एवं ऋक्का मन्त्रहरुबाट प्रतिपादित छन् त्यसैले गोत्रपछिका त्रिप्रवर आत्रेय, **अर्चिनानस र श्यावाश्व** हुन्। जो हाम्रो पावनतम आदिम परंपरालाई अभिव्यक्त गर्दछन्।

यस पछि प्रकृतिका हजारौं रूप बदलिए। मानवको विस्तार र युद्ध दावानलले गर्दा कैयौं संहार भए। मानव छरियो। ऋषिका सन्तानहरुबाट नै देशकालानुसार जातिविभाजन भयो। कर्मको निर्धारण भयो। आचार संहिता बने। लामो समय व्यतीत भयो। समस्त प्राच्यधरोहर कालकवलित भयो, नाम निशान रहेन। बिक्रमादित्य को समय पछि फेरि जन चेतना जागृत भयेथ्यो। यवन, हूणहरुको दक्षिणी एशियामा भएको आक्रमणले फेरि छरियो। छरिनु स्वाभाविक थियो। गाँस र बासको सुविधा खोज्दै चारेतिर प्रत्येक विचारशील मानवहरु पसेका थिए। लगभग बिक्रमको छैंटौं शताब्दिमा पावनसलिला भागीरथीको तट निकट हरिद्वारमा **श्रीरंगनाभ** १ नामका कुनै आत्रेय ब्राह्मण बस्दथे। कृषि पेशा, सत्कर्मानुष्ठान र सद्व्यवहार ले गर्दा उनको प्रभाव प्रशस्त थियो, पर्वतीय राज परिवारमा प्रवेश गरेर आफ्नो बौद्धिक परिचय दिए, तदनन्तर त्यही प्रान्तमा यो रंगनाभको सन्तान छरियो।

श्री रंगनाभ का ११ रौं पीढी मा उदय (उदै) भट्ट नामक पूर्वजभए। इनको नाम चैं सर्वत्र उपलब्ध छ। प्राचीन हस्तलेख, संग्रहालयमा सुरक्षित लेख र अर्यालहरुको र थापाहरुको वशावलीमा यसै नाम देखि प्रारंभ गरेको छ। प्राचीन हस्तलेखहरुमा **कन्नौज** भारतको कानपुर जिला बाट पर्वतीय क्षेत्रमा प्रवेश गरेका हुन् भनेको छ तर नेपाल अधिराज्यका पदयात्री **श्री पूर्णप्रकाश नेपाल** ज्यू को भनाई छ कि अफगानिस्तानको "**कनवोज**" भन्ने स्थान बाट हिन्दूराजा श्री जयपाल को पराजय पछि वि० सं० १०५३ मा पौढी गढवाल आएका हुन् २। केही पुस्ता संम भट्ट हुदै फेरी पौडीमा आएर बसेका हुनाले पौड्यालय भन्ने थर बनेको कुरा सिद्ध छ। वास्तविक पौडी कहाँ थियो ? यो पनि सन्दिग्धनैं छ। गढवाल पौडी, कुमायू पौडो र नेपालको डोटी मा पनि पौडी थियो भन्ने पुरानालेखहरु छन्। **जेहोस् पश्चिमबाट पूर्व सर्दै आउदा उनीहरु बसेको गाऊँनै पौड्यालय गाऊँ भएको हुन सक्छ। इनै उदै भट्टका पाँचौं पीढी मा बत्सराज थिए। इनका विषयमा तीन पत्नी भएका लोकोक्तिहरु छन्। इनकै पुत्रहरुमध्यबाट यो कुल बढेको छ। जेठा वंशराज**

१—यो श्री रंगनाभ देखि कुबेर भट्ट सम्मको वंशावली शंपू रामेछापबाट प्राप्त लिथो प्रति अनुसार दिएको छ। अन्यत्र कहीं बाट यी नाम हरुको पुष्टि हुन् नसकेता पनि प्रचीनप्रति जनाइएको हुनाले खोज आवश्यक छ।

२—सचिव श्री दीनानाथपौडेलज्यू संग भएको "पद यात्री" ज्यू को पत्रव्यवहार बमोजिम लेखिएको छ। अन्य धेरै खोजको सहयोग उहाँबाट मिल्ने आशा छ।

कालापौडेल, माहीला छेय्यानी तर्फ कालु थापा र कान्छी तर्फ सिग्दी गाऊँमा बस्ने सिग्देलहरुका पूर्वज थिए भन्ने प्रमाण थापा वंशावली मा छ*। वि० सं० १२४६ मा कालु थापाले राज्यगरेका थिए। यिनै वंशराजको नाम कहीं श्रीवत्सराज पनि पाइएको छ तर अधिकांश मिलेका प्रमाणहरुमा वत्सराज पुत्र वंशराज, तत्पुत्र श्रीवत्स यसरि पाएकोले त्यही क्रमलाई पुस्तकमा राखिएकोछ।

प्रो० बालकृष्ण पोखरेलज्यू को **नेपाली भाषा तथा साहित्य** पृष्ठ ९६ अर्याल वंशावलीको प्रकरणमा श्रीवत्सराजका पुत्र श्रीकृष्ण लाई सिग्देल र कान्छा श्रीदेवलाई पौडेल मानिएको छ र श्री देवका पाँचौं पुस्त कृष्णरामका पुत्र चावाकी जेठी पत्नीबाट अर्यालको मूल पुरुष देखाइएकोछ। परन्तु यस-पुस्तकमा धेरै भिन्नता नभएर साधारण भएकाले सर्वप्रथम प्राप्त शंपू रामेछाप को लिथोप्रतिलाई प्रमाण मान्दै अन्य सर्व प्रमाणहरुको आधारले यथार्थ दर्शाउन कोशीश गरिएतापनि प्राच्य खोजहरुमा त्रुटी अवश्य छ। वैमत्य को संभावनापूर्ण छ तर आशा छ यसले तथ्यलाई अंगालेर अनुसन्धान को रूप लिनेछ एव यो गोरेटो बनेर मूलबाटो को सर्वेक्षण साध्यहुनेछ।

विस्तारै विलम्बले मिलेका प्रमाणानुसार बागलुङ को फालेबास मा पौडेलहरुको वंश वृक्ष धेरै पहिले तयार भएको थियो उसमा पनि श्रीकृष्णलाई सिग्देल, चावा पुत्र अर्याल र अर्याल बाटै मैदी गाऊँमा बस्ने वंशज मैनाली हुन् भन्ने आशय बुझिएको छ*। थर गोत्रावली का लेखक श्री शिखर नाथ ज्यू पनि गुल्मीजिल्लाको सिग्दी गाऊँमा बस्ने सिग्देल, मुसीकोट को अर्जी गाऊँमा बस्ने अर्याल हुन् भन्नुहुन्छ। यसरि एकै मूल पुरुष बाट ८–९ सय वर्षमा धेरै थरि भएर छरिएको कुरा स्पष्ट व्यक्तहुन्छ।

इनै वंशराज पौडेल का ११ पुस्तामा जैदास **कालान्तपुरमा** बसेकाथिए, इन्का पुत्र कालु र चन्द्रा (चन्दास) थिए। यहाँ पनि मिलेका तथ्यहरुमा केही अन्तर छ। बहुपक्षलाई प्रामाण्य मानेर क्रमानुसार लेखिएको छ यथार्थ गवेषणीय छ। चन्द्रा (चन्दास वा चन्द्रमा) का पुत्र चापु कालान्तरपुर बस्दथे भन्ने कहीं प्रमाण छ भने कहीं पूर्कोट बासस्थानको उल्लेख छ। पूर्वोक्त "पद

* यो प्रमाण इतिहासप्रकाश अङ्क १ पृष्ठ ११९ थापा वंशावलीमा स्पष्ट छ।

* यो तथ्य श्री लोकनाथ पौडेल शनिश्चरे २ निवासी बाट पाएको पत्रानुसार।

यात्री" को पत्रानुसार पौडेलहरु तीन प्रकारकाछन् । "काला राता र सेता । राता पौडेलहरु गौरा शेषी समूहमा र काला पौडेलहरु कालाशेषी समूहमा पर्छन् । इनै काला शेषी 'पुर्कोटे' कहलाइन्छन् । यी काला शेष र गौरा शेष रा० अ० को रोल्पा जिल्ला र लु० अ० को गुल्मी जिल्लामा पर्छन् ।" पुर्कोट को उल्लेख पाएको छैन, काहीं पारकोट पनि लेखिएको छ । कालुका सन्तान हरु मल्लाजी र हुर्लुङ्गेमा छन्, कुनै आरुखर्क स्याङ्जामा छन् भन्ने उल्लेख-मिल्दछ । चन्द्राका गंगु र देवीदास सन्तान पुर्कोटमैं छन् । माहीला रामूका सन्तानहरु केही लेखिएकाछन् जो १८९४ देखि १८९६ सम्म नेपालका प्रधानमन्त्री बन्ने श्री रंगनाथ पौडेल यसै वंशका तारा हुन् । मोतिराज पुत्र देवराजका सन्ततिहरु पोखराको अर्घौं कोट थमाली र तम्ल्याकमा छन् भने घुर्वाखोलामा पनि । अर्घौं को बिर्ता पाउने मुण्डुका १२ औं पुस्तामा कवि-शिरोमणि लेखनाथ पौडेल हुनुहुन्छ, जसलाई यो वंशावलीमा जोड्न हामी सफल भएकाछौं । चन्द्रमा पुत्र धर्माखर ले काठमाण्डू पूर्व कानपुर गाऊँमा बिर्ता पाएकाथिए । केही शताब्दि अघि नेपालमा जनसंख्या को अति कमी थियो । पहाडी क्षेत्रहरुमा कृषियोग्य भूमि पनि उपेक्षित थियो, राजाहरु योग्य विद्वान् पण्डित,गुणी, वीर पुरुषलाई बिर्ता दिएर ताम्रपत्र वा लाल मोहर गरिदिन्थे, वंशजले राजांश दिएर भोग गर्दथे । प्र० म० रंगनाथ पौडेलको पालामा बहुतै बिर्तादिएका थिए । काठमाण्डू चारखालका प्राचीनअभिलेखमा आज हजारौं प्रमाण छन् । त्यसै शिलशिलामा पौडेल पूर्वजहरुले पाएका बीर्ताको बीसौं प्रमाण छन्, पूर्ण तथ्य प्राप्त हुनसकेको छैन । इनै धर्माखरका पाचौं पुस्तामा ऋषि पौडेलले शैपू रामेछाप मा बिर्ता पाएकाथिए ।

बिर्ता—पौडेलका पूर्वजले राजा महाराजाहरुबाट अनेकौं बिर्ता पाएका-थिए । वर्तमानमा बिर्ताउन्मूलन कानून द्वारा पूर्ववत् अधिकार न भएता पनि पूर्वजहरुले पाएको बीरता विद्वत्ता व योग्यताका प्रतीक तो बिर्ताहरु हमीलाई राष्ट्रसेवा, राष्ट्र गौरव र राष्ट्रिय एकताका लागि क्षण प्रतिक्षण संस्मरण अवश्यमेव गराउछन् । यहाँ बिर्ता प्राप्तगरेका ताम्रपत्र लालमोहर को प्रति-लिपि प्रकाशित गरेर सबै बन्धुहरुलाई परिचय गराउन सकिएन । एक मात्र शैपूको प्रतिलिपि प्राप्तथियो, त्यसलाई प्रकाशनार्थ स्थगित राखियो । कारण सबै प्राप्त गरेर एकसाथ छपाउने विचार भयो । काठमाण्डू उपत्यकाभित्रै तीन स्थलमा पौडेलका बिर्ता थिए । ख० गणपति र काजी लक्ष्मीभक्त जस्ता ऐतिहासिक पुरुषहरुको योगदान ले राष्ट्र र पौडेल थर गौरवान्वित भएथ्यो ।

निवास—यस वंश प्रकाशमा माथि उल्लेख गरिएका पौडेलहरुको सानो क्रमलाई प्रकाशित गरिएको छ । जैंदासका पुत्र प्रेमदास हुन् भन्ने अनु-मान ले उनका सन्तानमा पूर्व गएका उपाध्याय र जैसी ब्राह्मणहरुको यथा संभव वंश बटुलिएकोछ । दामोदर पुत्र कृष्ण कै सन्तानहरु काठमाण्डू भित्रका पौडेलहरु देखाइएका छन् । दामोदर पुत्र विश्वामित्रका पाँच भाइहरु मध्ये कान्छा पीताम्बरका केही सन्तानहरु यहाँ छन् । ऋषिका सन्तानहरु यहाँ प्रायः सबै छन् । शैपूको लिथो प्रति र पूर्व ताप्लेजुङ् गएर बस्ने ऋषिपुत्र, रघुपति, वशिष्ठ र उमापति का केही पुत्रहरुको साङ्गोपाङ्ग विवेचन यहाँ छ । शैपू बाट प्राप्त नाम क्रममा गाऊँ, ठाऊँको उल्लेख न भएकोले नाम मात्रछ तर ताप्लेजुङ् का ऋषि सन्तानहरुको प्राय गाऊँ उल्लेख गरेको छ । तीन चार पीढी पूर्वका मूल पुरुषको गाऊँलाई शीर्षक बनाएर श्लोक दिएको छ । इनै मध्ये केही भाइ इलाममा बसेकाले इलाम, दार्जिलिङ्ग, लिङ्से आसाम आदि लेखिएको छ । त्यस्तै प्रकारले जसको परिचय प्राप्त भयो त्यही दिने कोशीश गरेकोछ ।

कुल देवता—यो पौडेलहरुको कुलदेवता मान्ने सम्बन्धमा केहि लेख्नु अप्रासङ्गिक न होला ।

यसै पुस्तकमा स्वर्गीय श्री कपिलमुनि पौडेलज्यूको फोटो राखिए कोछ । उहाँ उदै भट्ट देखि आफुसम्मका मूल हाँगाको नाम कण्ठस्थ भन्नुहुन्थ्यो र वंशावली खोज्ने प्रेरणा सबैलाइ दिनु हुन्थ्यो एवं उहाँको विशेष आग्रह थियो कुल पूजाको विवरण प्रकाशित गराउन । उहाँकै हस्त लिपि पनि प्राप्त भए को हो, तर धेरैतिर घुम्दा सोध पूछ गर्दा यो स्पष्ट ज्ञात भयो कि पौडेलहरु-का कुलदेवपूजा सम्बन्धि रीतिरीवाज विभिन्न रहेछन् एक सानो समुदायले मात्र मानेको प्रमाण यस विशाल वंशमा दिन असमर्थ भएँ । शैपूको लिथोमा प्राचीन प्रमाणको उद्धरण स्वरुप दुई श्लोक दिएको छ ।

'कन्नोजदेव प्रथमं गच्छादेवी द्वितीयकम् ।
जयन्तमाला तृतीयं मष्टदेव चतुर्थकम् ॥'
'पञ्चमं वराहनामं च सुरुपालं च षष्ठमम् ।
सप्तमं ब्रह्मदेवं च शाखा माध्यन्दिनीयकम् ॥'

यसबाट प्रतीत हुन्छ अलग-२ स्थानमा अलग-२देवता को आराधना गर्दै आएकाथिए । अगाडि उल्लेख छ चावाको पालामा वाराह देवको पूजा गरेका थिए । उनकै कुनै भाइका सन्तान सुरुपाल लाटा थिए । झुण्डिएर मरे । कुल मा दोष लाग्यो । पूजाको प्रथा चलाए दोष हरायो । त्यही सुरुपालको पूजाब्रह्म पूजा हो, "लुकी-पूजा" भन्छन् । यो परंपरा ऋषिका सन्तानहरुले शैपू र ताप्ल-

जुङ्मा पनि मानेका छन् । कहीं मङ्सीरमा र कहीं बैसाख मा गर्छन् । ताप्लेजुङ्का उमापति, वशिष्ठ र राम भद्रका सन्तानहरु शैपुमाझें ३-३ वर्षमा पशुवलि द्वारा कुल पूजागर्छन् साथै पाठ पूजा हवन मन्त्र जप पुरश्चरणादि । तथा सुदर्शनका सन्तानहरु पशुवलि विना नै कुल मनाउने गर्दछन् । राम-भद्रकै सन्तानहरु इलाम गएर बसेका केहिपनि पूर्ज्दैनन् अर्थात् देवाली मानउने प्रथा छैन । त्यस्तैप्रकारले पोखरा अर्चलमा अलग विधि, अर्घौकोटमा अलग, कानपुर र काठमाण्डूका पौडेल समूहमा कुलदेव पूजाविधि भिन्न-२ भएकोले यहाँ एक निश्चय गरि प्रकाशनार्थ असमर्थ भएको हूँ । त्यस्तै गोठ को गैडू भवानी पूजा पनि अलग स्थान विशेष को प्रथा देखिएकोछ । जेहोस् कालान्तरमा परपरा विच्छिन्न भए पनि हिन्दू परपरा अनुसार आपना इष्ट-देवलाई मनाउने हाम्रा विभिन्न प्रथा हामी सबलाई एक सूत्रमा बाँधेर एक-त्वको भावनामा अंकित गराउन समर्थ छन् । सबै बन्धुहरुको रुचिभए पुन संकलन गरी सबै प्रकाशन गरौंला ।

वंश प्रकाश को सम्बन्धमा—संमान्य बन्धुहो ! यो सानो वंश प्रकाश तपाईहरुका हातमा आउदैछ । तपाइहरुलाई धेरैजिज्ञासा ठूलो अभिलाषा र रसीलो आशा होला, आफूलाई जान्न तर मलाई भय छ तपाइहरुले यो भएन, उ भएन,मेरो नाऊँ छुटो आदि-आदि भन्नु हुन्छ भन्ने । यो ता सर्व विदित छ यो नाम समूहको संकलक श्रीलक्ष्मीनारायण पौडेल, जसको फोटो जन्म कुण्डली र जीवनी यसै पुस्तकमा प्रकाशित छ । विभिन्न परिस्थिति संग लडेर उहाँले मेची, कोशी का गाऊँ-२ घर-२ मा गै नामहरु ल्याउनुभयो । जेपूँ पुगेर पनि आउनुभयो । छपाउने लेखाउने समस्या पनि अप्ठ्यारै थियो, अचानक म संग भेट भयो । हामी दुवैको मन्तव्य मिल्यो । लेख्ने अभिभारा मैले लिएँ । नाम संकलन गर्दा देखिनै उहाँको संपर्क श्री दीनानाथ पौडेल-ज्यू धुलाबारी निवासी संग भएको रहेछ साथै देवनारायण पौडेलज्यू संग पनि । उहाँ दुइजनाकै विविध आर्थिक र वाचिक सहयोगले संकलनले तेजी लिएको रहेछ । प्रकाशनार्थ धन संग्रह गर्ने सम्बन्धमा योग्य उत्साही कुशल व्यक्तिको आवश्यकता भएकाले उपरोक्त दुई भाईले एक पौडेल भेला को आयोजन गर्नु भएछ । द्वितीय बैठकमा म पनि शामिल भएँ । समितिको गठन सहित रुप रेखा तयार भयो । मेरो तोते बोली को उपयोग सबै बन्धु-हरुमा काम लाग्ने भयो । ऋषिका सन्तान को नामावली प्राय शार्दूल विक्री-डित छन्दमा मैले तयार पारें, त्यस्पछि केही नामहरु थपिदै गए । मैले श्लोक बद्ध गर्दै लगें । १ दिन यसै चर्चा को प्रसंगमा धुलाबारी निवासी देवनारायणज्यू

ले प्रस्तावराख्नुभयो कि क० शि० लेखनाथ ज्यू र प्र० म० रंगनाथज्यूलाई संमिलित गरेमा हाम्रा प्रयासमा केही निखार आउनेछ । सचिवज्यूकोपनि अतिरुचि भएकोले उहाँ र म काठमाण्डू पोखरा गएर प्रायः संकलन गर्ने अठौट गर्‍यौ र २०४१/३/१६ का दिन प्रस्थान गरी करीब ८/१० दिन सम्म यसैकार्यमा अति तल्लीनता पूर्वक लागि रह्यौं, फल स्वरुप तथ्य प्रमाण संग मिलान गर्ने र वंश विभतिरुप ,दुवै महापुरुषलाई परंपरावद्ध क्रममा जोड्न सफल भयौं । वर्षाको समय, घर र स्कूलका कार्य को व्यग्रताताई ध्यान नदिई ठूलो अर्थ भार वहन गर्दै वंशज्ञानमा रुचि अभिव्यक्त गर्ने सचिव काका श्रीदीनानाथज्यू कै श्रेयोभागिता हो जसबाट मैले पनि धेरै बन्धुसंग चिनारी गर्ने देशका प्रमुखस्थल हेर्ने र नामहरु जोड्न मौका पाएँ । यसै चिचमा सि० पा० मण्डन बिर्ताका बन्धुहरुका नाम मिले, विराटनगर निवासी हिरण्यप्रसाद पौडेल द्वारा लिखित पूर्व ३ न० सल्लका पौडेलहरुको नामा-वली पाएँ, जो पाखराबाट त्यहाँ आएकाथिए यस्ता प्रकारले अरुपनि धेरै नामहरु मिले । जो पुस्तकमा उसक्रमले त्यही शीर्षक दिएर राखेकोछु । अन्त्यमा प्रेमदासका वंशज शनिश्चरे-२ निवासी श्री लोकनाथज्यूको अति अभिरुचि प्राप्तभयो अनि आफू सहित अनेक बन्धुहरुलाई जोडने गरि उहाँले नामावली पठाउनुभयो, जसको म बहुतै आभारी छु ।

वंशप्रकाशको पूर्वार्धमा नामहरुलाई भाषामा छन्दोबद्ध गरेर राखिए-कोछ । धेरै प्रकारका नाऊँलाई छन्दमा बाँध्न खोज्नु अप्ठ्यारो काम रहेछ । त्यसैलेगर्दा नाऊँका धेरै अक्षरहरु हलन्त गर्नु पर्‍यो । भाषामा लालित्य आउन सकेन, नेपाली व्याकरणका नियमहरु पालन हुन सकेनन् । कहीं छन्द पनि विकृत भएकोछ । कहीं नामको पहिलो शब्दमात्र लिनु पर्ने भयो । जस्तै **तारा, गोविन्द, राम** आदि शब्द लेखिएका छन् तर अन्त्यमा लगाउने नाथ, प्रसाद, लाल, आदि जोड्न असमर्थ भएकोछु । अतः यसैबाट नै पुरा संझिएर मेरो त्रुटिलाई क्षमा गर्नु हुनेछ । अर्काको संकलन हुनुका साथै धेरैपल्ट लेखिनु परेकाले जेठो, माहिलो आदि क्रममा उल्टो भयो होला कतिनाऊँ छूटेपनि होलान् कति बन्धुहरुका बोलाउने नाम र जन्मनाम अलग-अलग हुनाले त्यसमा पनि अन्तर भयो होला । कति बन्धुहरुको वासस्थान तथा परिचय पनि दिन सकिएन, इत्यादि धेरै-धेरै त्रुटिहरु यस अबोध लेखकका हुन् भन्ने ठानेर क्षमा गर्नु हुनेछ ।

वंशप्रकाशमा प्रायः जेठो, माइलो क्रमले नाऊँ दिएको छ । जहाँ

छन्दमा नाऊँ मिलेन त्यहाँ नाऊँको अगाडी गणना संख्या दिएको छ, त्यसको आधारले संझिनु होला । पैले नाऊँ दिएर फेरि जेठो, माइलो क्रमले सन्तान-हरुको उल्लेख गरेको छ । श्लोकमा न परेका नाऊँहरु पनि रेखामा दिएका छन् । श्लोक बाट नाऊँ खोज्न अप्ठ्यारो हुन्छ भन्ने आशयले प्रकाशन समितिको निर्णयानुसार रेखा बनाउने अठोट गरें । नयाँ काम थियो, त्यस्ता प्रकारका पुस्तकहरुपनि मिल्नसकेनन् । अन्त्यमा आफ्नै ढंगले रेखाको प्रकार बनाएं "**शेष यति पेजमा छ**" भनेर अंकित गर्न सकिन । कारण अगाडी कतिपेजमा मैटर पुग्छ । थाह हुन कठिन थियो । अतः नामको पूर्वपटि "**यति पृष्ठ बाट**" भनेर दिएकोछु । पाठकबन्धुहरुलाई हेर्ने सजिलो पर्ला । अझै सजिलो पार्ने विचार थियो तर अति व्यय साध्य भएकोले यससंस्कर-णमा यति मात्र हुन सक्यो । पुनः अरु बन्धुहरु जोडिन आए भने अर्को संस्कर-णमा सबै त्रुटिहरुको संशोधन गरि नयाँरुप दिन प्रयास गरौंला ।

ऐले खोजी गर्नु बहुतै बाँकि छ । प्रत्येक बन्धुहरुमा वंशको महत्व प्रति जनचेतना हुनु आवश्यक छ । **श्री रंगनाथ** देखि चाबा सम एक-एक नाऊँमात्र प्राप्त छन् उनीहरुका शाखा सन्तान खोज्नै छ । काम अप्ठ्यारो र धेरै छ । प्राप्त भएमा आत्म सन्तोष भन्दा अर्को केहि उपलब्धि पनि छैन । तथापि आशा छ कोई जा गरुक बन्धुले त्यो भार उठाई अधूरो कार्य पुरागर्ने छ । यो वंश प्रकाश अँध्यारोमा जुनकिरिको प्रकाशझैं सानो काम गर्न सक्नेछ ।

अन्त्यमा मेरो भन्नु धेरै थियो तर लेख विस्तार भयले यसलाई उप-संहृत गर्दै बन्धुहरुसंग पुन यसमा भएका कमोहरुको अवमार्जनार्थ क्षमा याचना गर्दछु । अथक परिश्रमले नाम बढुल्ने बन्धुहरु, प्रकाशनार्थ यथाशक्ति पसीनाको कमाई दिएर सहयोग गर्नेबन्धुहरु र रातदिन यसप्रति सहयोगार्थ ध्यानदिने प्रकाशन समितिको म बहुतै आभारी छु । मलाई पाण्डुलिपिमा सहयोग गर्ने मेरा विद्यार्थी भाइहरु श्री गोपाल प्रसाद पौडेल, गोपाल पौडेल, श्री सदानन्द दहाल, पुष्पराज, रमेश आदिलाई धन्यवाद दिन्छु एवं प्रेसको विविध कार्यमा अति सहयोगदिने मेरै स्निग्ध छात्र भगवती शरण ढकाल लाई बहुतै साधुवाद दिन्छु । फेरि "**खण्डेलवाल प्रिंटिंग प्रेसका**" समस्त कार्य-कर्ताहरुको बहुतै आभारी छु जसले अति सहृदयता, सरलताले यो पुस्तक प्रकाशनमा सौजन्यतापूर्णव्यवहारले कृतकृत्य गरेकाछन् । अन्त्यमा वृन्दावना-धीश्वर श्री बाँकेविहारीको ललित चरण वन्दनगर्दै "**सर्वे भवन्तु सुखिनः**" को अभिलाषा गर्दछु ।

निवेदक : *पं० हरिप्रसाद पौडेल* ●



स्व० कपिलमुनि पौडेल

उदै भट्टका चौविसौं पुस्तामा शैपू बस्ने ऋषि, रघुपति, विश्वंभर, यज्ञनिधि, रामभद्र, काशीनाथ, कर्नाखर का साहिला पुत्र स्व० कपिलमुनि ज्यू हुनुहुन्थ्यो । ताप्लेजुङ्ग, सांघु-को ठोट्ने गाऊँ बाट इटहरा, मोरङ्गको सातमेडीमा बसोवास-गरी २०४० साल श्रावणमा स्वर्ग-वासभयो । यहाँका सुयोग्य तीन पुत्र र प्रशस्त पौत्र हरुछन् । श्लोक २५३-५४ र रेखा पृ० ५५ मा जसकोन वर्णन अंकित छ । ★

उदै भट्टका चौविसौं पुस्तामा शैपूबस्ने ऋषि, रघुपति, विश्वंभर, (ताप्लेजुङ्) रामभद्र, श्रीकान्त (इलाम प्रेमेजुङ्ग) जय मंगल, लक्ष्मी-कान्त का काहिलापुत्र उमाकान्त का एक मात्र संतति श्री दीनानाथ ज्यू हुनुहुन्छ । वर्तमान धुलाबारी झापा मा माध्यमिक विद्यालयका सुयोग्य प्रधानाध्यापक हुनुहुन्छ साथै यस पौडेल वंश प्रकाशनका कर्मठ सचिव पनि । दुई पत्नीहरु-मा दुइटै पुत्र र ४ छोरीहरु छन् । आदर्श परिवार छ श्लोक २८३-९४ र रेखा पृष्ठ ६१ मा उल्लेख छ । ★

श्री दीनानाथ पौडेल

श्री रामभद्र पौडेल, एवं पं हरिप्रसाद पौडेल

उदै भट्टका २४ औं पुस्तामा शैपू वितालिने ऋषि, रघुपति, विश्वंभर सुदर्शन (दोखू) पृथु, श्रीविलास, प्रजापति, ज्यो० यज्ञनिधि का ज्येष्ठ पुत्र श्रीरामभद्र पौडेल हुनुहुन्छ, उहाँको एक मात्र पुत्र म पं० हरिप्रसाद पौडेल । दोखू सालिम्बे बाट वर्तमान ग्रा० इटहरा–७ कटनू मोरङ्ग मा बसोबास । ब्रह्मविद्यामन्दिर सं० कालेज वृन्दावन, मथुरामा सह विभाग ध्यक्षमा पद वर्तमान कार्य रत । श्लोक १६४ र रेखा पृष्ठ ४१ ।

"पौडेल वंश प्रकाश को"

विषय-सूचि

क्रम	विषय	पृष्ठ
(१)	मंगलाचरण	१
(२)	वंश महत्व	१
(३)	गोत्र उत्पत्ति	३
(४)	वंश परंपरा	४
(५)	ऋषिको सन्तान शैपू रामेछाप	८
(६)	बृहस्पति का नाति चन्द्रप्रसाद का सन्तान	९
(७)	माहिला शक्तिप्रसादको वंश	१०
(८)	कान्छा कुवेरको वंश	११
(९)	विश्वंभर पुत्र तृतीय विद्यानन्दको सन्तान	१२
(१०)	वशिष्ठ पुत्र मार्कण्डेय को सन्तान	१३
(११)	वशिष्ठका माहिला छोरा धर्मानन्दको सन्तान	१५
(१२)	वशिष्ठ पुत्र महिला छितारामको सन्तान	१५
(१३)	कान्छा देव शर्मको सन्तान	१६
(१४)	ऋषि पुत्र माहिला उमापतिको सन्तान	१६
(१५)	वीरभद्र पुत्र शिवको सन्तान	१७
(१६)	वीरभद्र का माहिला छोरा पर्शु राम	१९
(१७)	वीरभद्र पुत्र ३ रामकृष्ण	२०
(१८)	काहिला धर्मानन्दको सन्तान	२१
(१९)	वीरभद्र का पुत्र जगन्नाथ को सन्तान	२२
(२०)	सुदर्शनको सन्तान तापलेजुङ् दोखू	२४
(२१)	पृथुपुत्र धनपतिका सन्तान	२५
(२२)	साहिला श्रीविलासको वंश	२६
(२३)	विष्णुलालका सन्तान	३०
(२४)	पृथु पुत्र काहिला वेदनिधि को सन्तान	३१
(२५)	पृथुपुत्र कान्छा अमृत	३२
(२६)	सुदर्शन पुत्र माहिला रंगुको सन्तान	३२
(२७)	रङ्गु पुत्र कुलानन्दको सन्तान	३३
(२८)	जयनारायणको सन्तान	३३
(२९)	काहिला धर्मानन्द	३७
(३०)	कान्छा यदुनाथ	३८
(३१)	सुदर्शन पुत्र माहिला	
(३२)	हिर्दूको सन्तान इलाम तोरीबारी	३९
(३३)	विश्वंभर पुत्र माहिला रामभद्रको सन्तान सांवु	३९
(३४)	मुक्तिनाथको सन्तान	४०
(३५)	मुक्तिनाथका कान्छा छोरा लक्ष्मीनारायणको वंश	१४
(३६)	साहिला काशीनाथको सन्तान	४३
(३७)	कान्छा श्रीविलासको	

क्रम	विषय	पृष्ठ
	सन्तान	४७
(३८)	रामभद्र पुत्र श्रीकान्तको वंश इलाम प्रेमेजुङ	४८
(३९)	टीकारामको सन्तान	५३
(४०)	चन्द्रलालको सन्तान	५४
(४१)	प्रजापति र गौरीकान्तको सन्तान	५४
(४२)	वशिष्ठ पुत्र वर्माको सन्तान	५५
(४३)	दिननाथ पुत्र शिवलालको सन्तान	५६
(४४)	दिननाथ पुत्र गनपतिको सन्तान	५७
(४५)	व्रजनाथको सन्तान	५८
(४६)	जोवलाल का साहिला बुद्धिलाल	५९
(४७)	लक्ष्मीनारायणको सन्तान	६०
(४८)	श्रीलालको सन्तान	६३
(४९)	उमापतिका नातिशिवा को सन्तान तेल्लावुङ्	६४
(५०)	धर्मानन्द पुत्र दिवाकरको वंश तेल्लावुङ्	६५
(५१)	कानपुरविर्ताको को वंशावलि	६८
(५२)	पीताम्वर को सन्तान	६८
(५३)	धनकुटा सल्लेको पौडेल वंश	७२
(५४)	दिनाकरी को सन्तान इलाम	७५
(५५)	पोखराको पौडेल वंश	७६
(५६)	जयदास पुत्रकालुको सन्तान	७९
(५७)	मोतिराज पुत्र कान्छा देवराजको सन्तान	७९
(५८)	सिद्धप्रजापतिका नाति अन्तरे रामानन्दको वंश	८०
(५९)	कान्छा रामचन्द्रको सन्तान	८२
(६०)	गोकुलका साहिला छोरा हेमलालको सन्तान	८३
(६१)	दामोदर का सन्तानहरु काठमाण्डौ	८४
(६२)	काजी लक्ष्मीभक्तको वंश	८६
(६३)	गणपतिपुत्र काशीनाथको वंश	८८
(६४)	गौरीकान्तको वंश	८९
(६५)	पूर्व३नं० सल्लेको,पोडेल वंश	८९
(६६)	धनञ्जय वंश (मुखियाटोल,	९०
(६७)	श्रीपति(अठ भैया)को सन्तान	९१
(६८)	विष्णुदत्त को सन्तान	९२
(६९)	माहिला वाणी विलास को वंश	९४
(७०)	साहिला रंगलालको सन्तान	९५
(७१)	काहिला धर्मानन्दको सन्तान	९७
(७२)	रूपनारायणको वंश	९८
(७३)	देवीचरणको वंश	९९
(७४)	कान्छी श्रीनारायणको वंश	९९
(७५)	कान्छा वृद्धिलोचनको सन्तान (छ घरेखाल)	१००
(७६)	शिवनिधिको सन्तान	१०२
(७७)	कान्छा जगन्नाथको वंश	१०३
(७८)	जोगा पुत्र प्रेमदासको सन्तान	१०४
(७९)	खेमकर्णकी जेठी पत्नी को वंश इलाम, बतासे	१०४
(८०)	खेमकर्णकी कान्छी पत्नी को वंश	१०६
(८१)	शक्तिवल्लभ पुत्र चन्द्रलालको वंश	१०७
(८२)	शक्तिवल्लभ पुत्र उदयनारायणको वंश	१०९
(८३)	मणिकण्ठ का कान्छा नाती गोपीलालका वंश	१११
(८४)	सि० पा० मण्डन खेराबारीबाट पूर्व आएका जयपतिको वंश	११२
(८५)	स्यूराम (शिवराम)को सन्तान सोबुवा, चाँगे, ताप्लजुङ्ग	११३
(८६)	साहिला इन्द्रलालको वंश	११४
(८७)	शैपूबाट पूर्व ताप्लेजुङ्ग आएका विश्वंभरका कुनै पुत्रको वंश	११५
(८८)	सिद्धिकर्ण पुत्र शिवशंकरको सन्तान	११७
(८९)	सिद्धिकर्णका कान्छा छोरा रामकृष्णको वंश	११७
(९०)	शिवनिधिपुत्र कान्छा हरिवंश-को सन्तान	११९
(९१)	दिङ्लाका हरिवंश पौडेल को वंश	१२०
(९२)	वशिष्ठ पुत्र (वर्मा) का साहिलापुत्र रामचन्द्रको सन्तान	१२१
(९३)	उपसंहार	१२२

* श्री हरिः *

* श्री कुलदेवाय नमः *

* श्री गणेशाय नमः *

पौडेल वंश प्रकाश

मंगला चरण

श्रीकृष्णका चरण पंकजमा झुकेर,
राधा, उमा र कुल पूर्वज संझिएर।
गर्दै पवित्र पदचिन्तन शारदाका,
पौडेल वंशक्रम लेख्छु सबै मिलेका ॥१॥

वंश महत्व

आत्मा पवित्र हरिका गुण-नाम जप्ता,
सुन्दा कथा सरस-चिन्तन, तीर्थ घुम्दा।
माता-पिता चरण-सेवन नित्य गर्दा,
होला समस्त कुल पूर्वज नाम जान्दा ॥२॥

छोराको अघि नाम उच्च स्वरले बोल्दा अजामील ले,
श्री नारायण ती प्रसन्न हुनुभो जो एक नै नाम ले।
त्यस्तै नाम सहस्त्र वंशहरुको सुन्दै र पढ्दै गरे,
मिल्छन् ईश्वर पापराशि सबनै नाशिन्छ भन्छन् भरे ॥३॥

राम्रू सन्ततिको सुनाम पहिल्यै जो दिव्य होस्, रम्य होस्,
सुन्दा चित्त प्रसन्नहोस्, सरस होस् श्रीकृष्ण-वाची बनोस्।
तीन् पुस्तातक नाम पूर्वजसंगै यौटै न होस् खोचनू,
यो हो "वंश-प्रकाश" हामि-सबको, सम्पत्ति झैं संझिनू ॥४॥

हड्डी ती अधिका मकाइ सकिए खोजी उखेल्छौ किन,
भन्छन् कोहि मलाइ व्यर्थ कहिले आफैं नसंझीकन।
"के व्यर्थै इतिहासविज्ञहरुले खोज्छन् पुराना कुरा ?"
आफ्नै गौरव बढ्छ जान्नु सबले पर्नेछ खोज्दा सदा ॥५॥

यो देह बन्छ रज-वीर्य मिलेर प्यारो,
सम्बन्ध पितृगुण हुन्छ निदान राम्रो।
हामी समस्त जगमा छरपट्ट हुन्छौं,
हेरौं प्रकाशमयपुञ्ज सबै चिनिन्छौं ॥६॥

"हो गोत्र नाम थर के कुन गाउँ बस्छौं"?
सोधे कुनै सुजन ले यदि, भन्न सक्छौं।
यस्ता अनेक सब शिक्षितका परीक्षा,
हुन्छन् तसर्थ अब जान्न गरौं सदिच्छा ॥७॥

'पौडेल' यो थर भयो कसरी र कैले,
पुर्खा थिए अघि कहाँ कुन ठाउँ ऐले।
हाम्रा सगोत्र कतिछन् फिजिए कता ती,
भेटे जती सब म लेख्छु लिएर खोजी ॥८॥

सारै अज्ञ म बाल जान्दिन यहाँ, छन् वासना व्यर्थ का,
यत्रा कार्य अहो ! म गर्न कहिले सक्थें र ! यी वंश का।
पाएं, वंशज, विज्ञ, कर्मठ सबै सद्वृद्ध को सादर,
लेख्दैछु कविता कनी-कुथि यहाँ गल्तीक्षमा होस् तर ॥९॥

"भन्छन् कोहि त कान्य कुब्ज तिर नै पुर्खाहरु बस्तथे,
फेरी दिव्य-हिमालकाख तिर ती सर्दै पुगेका थिए।"
"जे होस् दिव्य तपस्थली हिमशिला नेपाल हाम्रो थलो,
उत्पत्ति" सबको भनाइछ यही हो मूर्खता तर्कको ॥१०॥

गोत्र-उत्पत्ति

ब्रह्मा श्री हरि नभि पङ्कजविषे पैले स्वयं जन्मिए,
उन्का नेत्र प्रकाश बाट क्रमले अत्रि महर्षि भए ।
जन्मेथे बहुपुत्र अत्रि ऋषिका 'आत्रेय' थे एक ता,
हाम्रा यी सब वंशका उदयका आधार हुन् गोत्रका ॥११॥

'कृष्णात्रेय' तथा अनेक अरु छन् आत्रेयका गोत्रज,
छोरी बाट पनि चलेछ कुलता अर्कै प्रकारान्तर ।
'आत्रेय' अनि 'अर्चिनानस' तथा 'श्वावश्व' हाम्रो प्रवर्,
जान्नू गोत्र महत्वदर्शी ऋषिहुन् तेजस्वितालै प्रखर् ॥१२॥

हाम्रो वेद यजुर् छ यज्ञरूपले शाखा त माध्यन्दिनी,
हाम्रा छन् पुरुषार्थ चार करमा, विद्या सदा सेविनी ।
अर्चा आदि वराह को छ कुलमा श्री विष्णुको रुपमा,
फेरी भिन्न छ गाऊं-गाऊं हरुमा आफ्नै छ देवार्चना ॥१३॥

हाम्रो ज्ञान पवित्र त्यो उपनिषद् जानौं 'इशावास्य' हो,
गर्छौं यज्ञ र कर्म, प्रेम, ममता, सद्भाव विज्ञान को ।
यै हो ज्ञान र कर्मको न छुडिने गांठो बलीयो छ यो,
जाऔं भौतिकमा पछाडि न हटी बाटो छ अध्यात्मको ॥१४॥

यस्तै गोत्र विशाल भो अधि बढ्यो बीते शताब्दो कति,
को पुर्खा कुन ठाऊमा अधि बसे शाखा कता छन् कति ।
खायो काल कराल भै सब कुरा कैले कहाँ के भयो ?
ऐले खोज्न उपाय के छ र ! यहाँ जो पाइयो लेखियो ॥१५॥

"जानोस् सन्ततिले अगाडि अरु क्यै खोजोस् नयाँ बोथिका,
गोरेटो मुल मार्ग होस्, सब कुदुन् बन्धुत्व होस् जोविका ।
जुन्कीरी सरि चम्कियोस् गगनमा होस् सूर्यको संझना,
यो वंशावलि मा प्रकाश फिजियोस्" लेखें लिदै भावना ॥१

बीते वर्ष हजार वंशजहरु के चिन्नु के जान्नु र !
सानो यो लहरो समाउनसके पुग्छौं कि केही पर ।
भन्ने आश लिएर आज किन हो इच्छा यता अल्झिए,
मेरो यो श्रम सिद्ध हुन्छ सबले सद्भाव मात्रै दिए ॥१७॥

भाषाश्लोक बनाइ बन्धुहरुमा बाटौं सबै नाम यो,
भन्ने सज्जनवृन्दको किन ममा यस्तो कृपा यो भयो ।
शिक्षा, बौद्धिकसार्थता र कवितामा छैन लालित्यता,
लेखें व्यर्थ अहंपना हुन गयो गल्ती क्षमा होस् यता ॥१८॥

वंश परंपरा

हुन् 'रंगनाभ' कुल आद्य यहाँ मिलेका,
उन्का सुपुत्र 'पुरनाभ' त जन्मिएका ।
हुन् 'ब्रह्मनाभ' उनका पनि एक मात्र,
तत्पुत्र हुन् 'प्रसरनाभ' कुलै पवित्र ॥१९॥

हुन् 'भीमदेव' उनका अनि 'पूर्णदेव',
थे 'देव देव' सुत फेरि 'कुमारदेव' ।
हुन् 'शक्तिभट्ट' उनका पनि 'पृथ्वी भट्ट,
'कुबेर भट्ट' अब वंश चल्यो प्रशस्त ॥२०॥

जन्मेछन् यहि भट्ट वंश विचमा पुर्खा 'उदै भट्ट' जी,
पत्नी थि'न् उनकी 'उमा' गुणवती माता 'सुदूभट्ट' की ।
भार्या हुन् उनकी 'सुमा' कुलवती थे एक उन्का सुत,
'राई भट्ट' छ रम्य नाम, उनकी पत्नी 'रमा' सार्थक ॥२१॥

यस्तै 'भट्ट' बनेर यो कुल अघी जम्मा छ पुस्ता तक,
खोज्दा नाम मिलेछ 'भद्र' यसकै तद्भाव भन्छन् सब ।
राम्रो सद्गुण, कर्म, ज्ञानमयको संज्ञा थियो 'भद्र' यो,
हाम्रा पूर्वज भद्र मानव थिए संज्ञौं सबै अर्थ यो ॥२२॥

राईका सुत देवदत्त इनकी पत्नी त देव प्रिया,
छोरा एक ति 'वत्सराज' कुलमा प्रख्यात छन् सर्वदा ।
जम्मा थे यति सोह्र वंशजहरु 'पौडेल' भन्ने न भै,
ऐलेको इतिहासमा जति मिल्यो प्रामाण्य हेर्नोस् सबै ॥२३॥

* पत्नी थे इनका ति चार घरमा जेठी त वन्ध्या भइन्,
छोरी ती मितवावु की भनि सुनी आफैं विहा गर्दिइन् ।
काला थे सुत 'वंशराज' इनका 'पौडेल' काला भए,
तेस्री क्षत्रिय कन्यका सित ठुला 'थापा' वगाले' भए ॥२४॥

चौथीमा पनि एक पुत्र उनकै 'सिग्देल' पो जन्मिए,
'सिग्दी' गाऊ मिलो र अंश ति वसे सिग्देल भन्ने भए ।
'पौडी' उत्तर प्रान्त भारत महा गढ्वालमा एक छ,
'डोटी' मा र 'कुमायूं' मा पनि कुनै पौडी अधीनै रछ ॥२५॥

वढ्दै उत्तर-पूर्वमा इनि गए सन्तान ती फैलिए,
'पौडी-आलय' सन्धि-युक्त पद यो 'पौड्याल' पौडेल रे ।
थापा क्षत्रिय ले प्रशस्तवलले पाएर राजासन,
सम्वत् वार सहे छयालिस महां गर्थे अरे शासन ॥२६॥

आफ्ना दाजु ति वंशराज, जसको सेवा गरेका थिए,
पौडीमा घर सात् तले गरिदिए भन्छन् इतिहास ले ।
पाइन्छन् इतिहासमा कतिकुरा छन् तथ्य साक्षी सब,
हेर्दै खोज गरौं प्रमाण सबले भन्ने इरादा अब ॥२७॥

---

* रंगनाभ देखिलिएर कुवेर भट्ट समका ।१ पुस्ता को नाम शैपू, रामे छाप बाट मिलेको प्रमाण अनुसार लेखिएको हो ।

* 'इतिहास प्रकाश' अंक १ को पृष्ठ ११९ मा थापा वंशावलीमा यो उल्लेख छ । श्री हर्ष नाथ भट्टराई, नेपाल रा०प्रज्ञा प्रतिष्ठान मा हेर्न सकिने छ ।

* हुन् सन्तान 'श्रीवत्सराज' उनका 'श्रीकृष्ण' तत्पुत्र थे,
सारै वैदिक कर्मनिष्ठ गुणले शास्त्रज्ञ औ मान्य थे ।
वाल्थे मन्त्र प्रभावले ति समिधा लामा फलामें सरा,
गर्थे नित्य पवित्र होम विधिले सामर्थ्यशाली सदा ॥२८॥

* छोड़ी त्यो गढवाल प्रान्त क्रमले 'पौडी-कुमायूं' जुने,
छोरा थे उनका प्रसिद्ध गुणका "श्री देव" यो नाम ले ।
"यस्तै यो सब एक-एक कुलको नाऊँ यहाँ मिल्न गो,
होलान् वंशज धेर-धेर सबका खोज्ने गरौ वन्धु हो" ॥२९॥

'श्री नन्द' पुत्र, उनका 'हरिदत्त' जान,
इन्का प्रसिद्ध सुतहुन् 'हरि राम' नाम ।
हुन् 'कृष्णराम' उनका, पनि पुत्र 'चावा'
'डोटी' पुगेर सब वंश थिए बसेका ॥३०॥

कान्छा थिए सुत सदु यिनका त पाँच,
हुन् कन्थराज, शिवराज र देवराज, ।
हुन् वत्सराज क्रमले सुरुपाल् पछाडि,
छैनन् सुवंश यिनका अरु वर्वै अगाड़ि ॥३१॥

---

* (१) "यो इतिहास को प्रमाण जिल्ला भ० पु० कटुजे वस्ने विश्वनाथ, दाप्चा वस्ने पं० हरि प्रसाद र शैपू वस्ने भोजराज संग छ" भनी शैपू बाटै प्रकाशित लिथो प्रति बाट यहाँ दर्शाइएको हो । कहीं भएको भिन्नता र थिया स्थान मा दर्शाइएको छ ।

* (२) काठमाण्डू बाट प्राप्त एक उल्लेखमा वंशराज को नाउँ दिएको छैन र श्री कृष्ण नै सिग्दी ने सिग्सिग्देल हुन् भनेको छ । श्रीवत्स का पुत्र श्री देवदत्त लाई पौडेल पूर्वज मानेको छ ।

* चावाका दुइ पत्नि थे, ति दुइमा 'अर्जी' वसीछन् अघि,
उन्का सन्तति नै प्रशस्त कुलका 'अर्ज्याल्' भएका पछि ।
हाम्रै वंशज हुन् शताब्दि अघिका अर्ज्याल सिग्देल ता,
धेरै व्याप्त भए प्रशस्त जगमा वंशावली भिन्नता ॥३२॥

कान्छीमा सुत मोतिराज बुझनोस् दो पुत्र उन्का थिए,
जोगा हुन् अनि देवराज दुइकै सन्तान ता देखिए ।
जोगाका जयदास जान्नु उनका चन्द्रा र कालू भए,
कालू सन्ततिको पछाडी अहिले पाँच् चन्द्र का पुत्र थे ॥३३॥

* मान्थे मष्ट भनेर देव कुलमा चावा स्वयं पूज्दथे,
गर्थे देव वराहको पनि पुजा श्रद्धा खुवै गर्दथे ।
लाटा थे सुरुपाल पुत्र सदुका झुण्डी मरेछन् अघि,
लाग्यो पिर्न समस्त वंशहरुमा पूजा गरेछन् पछी ॥३४॥

गर्छन् अर्चन ता लुकेर कुलमा चल्दैछ यो धारणा,
छोडेछन् कतिलें पुरानु छ प्रथा भन्दै न ली कामना ।
चन्द्रा का सुत चापु, रामु र पछी तेस्रा त जीताकर,
गंगू हुन् अनि देविदास बुझनोस् ऐले मिलेका तर ॥३५॥

सर्दै पूर्वतिरै अगाडि जयदास् कालान्तपुर वस्तथे,
नाती चापू थिए, सुपुत्र इनका भन्छन् अघि चार थे ।
जेठा हुन् जदु औ पछाडि क्रमले विशन र धर्मखिर,
श्रीनारायण हुन् कनिष्ठ भनियो छन् धर्म का वंशज ॥३६॥

---

* (१) यो उल्लेख प्रो० बालकृष्ण पोखरेल लिखित नेपाली भाषा र साहित्य पृष्ठ ९६ मा र पं० श्री टेकनाथ पौडेल, ठमेल, काठमाण्डू बाट प्राप्त पुरानो पाण्डुलिपिमा स्पष्ट छ ।

* (२) शैपू रामेछाप बाट प्राप्त वंशावलीमा दर्शाए अनुसार ।

बिर्ता भूपति बाट पूर्व पटिनै पाएर धर्मखिर,
सारै रम्य निवास गर्न गतिलो कान्पुर मा सुन्दर ।
फैलेछन् उनकै सुसन्ततिसब, छोरा भए लक्ष्मी दास,
लक्ष्मीदास सुपुत्र पाँच शशिराम्, स्यूराम हुन् जान्नु खास् ॥३७॥

गंगाराम र श्यामु, दामु पनिहुन् ऐले मिलेका सब,
पार्कोट् मा शशिराम सन्तति थिए, स्यूराम सोबू सब ।
गंगाराम निसन्तति हुनगए, कान्पूर मैं थे अरु,
दामोदर बुझ 'दामु' हुन् क्रम संगै लेखिन्छ सन्तान् हरु ॥३८॥

श्यामू सन्तति ता मिलेन बुझनोस् थे दामुका चार् सुत,
विश्वामित्र र कृष्ण जान्नु पछिका हुन् वैजनाथ् अच्युत ।
विश्वामित्र सुपुत्र पाँच भनियो जेठा सुदर्शन् भए,
माहीला त कुवेर फेरि ऋषि हुन् केशव् पिताम्बर थिए ॥३९॥

विश्वामित्र र कृष्ण दामुसुत को मात्रै मिलेको यहाँ,
त्यस्तैछन् ऋषिका पिताम्बरजिका,खोजौ अरु छन् कहाँ ।
साहीला ऋषिको समस्तक्रमले सन्तान लेखिन्छ यो,
पोताम्बर् पटिका मिले जति सबै, खोजौं अरु बन्धुहो ॥४०॥

विश्वामित्र सुपुत्र थे कृषि, ठुला वेदज्ञ विद्वान् धनी,
ज्योतिर्विद् अनि तन्त्रमा निपुणथे नीतिज्ञसेवी पनि ।
वस्थे राज्यपुरी त कान्तिपुरमा थे मल्ल राजा त्यहाँ,
सल्लाहा अघि गर्दथे दिनदिनै छल्फल् गरी राज्यमा ॥४१॥

ऋषि को सन्तान शैपू-रामेछाप

राजाले ऋषिबाट कर्ज अघि नैं लिए लडाई महाँ,
बीर्ता भोग्न दिने विचार नृपको खोजेर राम्रो जहाँ ।
आफैं योग्य सुदीर्घ भोग्य पछिका सन्तानका खातिर,
लागे पूर्व तिरै तलाश हुनगो बीर्ता स्थली सुन्दर ॥४२॥

* खोला थ्यो लिखु को किनारतिरनै ढाँडे छ बेंसी ठुलो,
खेती, गोठ, घडेरि गर्न सजिलो पानी, पनेरो मिलो ।
'शैपू' गाऊँ प्रसिद्ध भो वरिपरी हेर्दा सबै सुन्दर,
भोग्लान् सन्ततिले भनेर, दुखले खोजे लिए आखिर ॥४३॥

देखी इच्छुक भै नरेशसंग गै ताँवा महाँ लेखियो,
बीर्तामा पुगि वस्नुभो र पछिका सन्तानले भोगियो ।
'लाल् मोहर्' अनि 'ताम्र पत्र' हरुछन् आदेश सर्कारका,
बीर्ता धेर मिले अहो ! अघि कति संख्या कता हो कता ॥४४॥

हामी सन्तति हौं समस्त उनका नीतिज्ञ, शास्त्रज्ञ जो,
कैल्यै विर्सनु हुन्न गौरवहरु पुर्खा, गुणी, रत्नको ।
ऐले पूर्वपहाड, सिक्किम, भुटान् आसाम, बंगालमा,
वस्छन् धेर पुगेर विश्वभरमा फैलेर संसार मा ॥४५॥

ऋषि-पुत्र रघु, वशिष्ठ र उमा कान्छात यज्ञपति,
विश्वंभर् र वृहस्पति रघुजिका दो मात्र हुन् सन्तति ।
लक्ष्मीधर् सुत हुन् वृहस्पतितिरै उन्का भए पुत्र तीन्,
जेठा चन्द्रप्रसाद, शक्ति र कुवेर चार् चन्द्रका पुत्र छन् ॥४६॥

वृहस्पतिका नाति चन्द्र प्रसादका सन्तान

जेठा हुन् जदु, रामलाल्, अभय औ कान्छा लिलानाथ हुन्,
छोरा हुन् जदुका त नन्द उनका नीलप्रसाद्, कृष्ण छन् ।
जेठा पूरन, शक्ति वल्लभ पछि हुन् खुर्हरि नीलका,
अप्ताली बुझ कृष्णको र अघिका राम्लाल् दुवै वंशका ॥४७॥

---

* यो उल्लेख शैपू रामेछाप बाट प्राप्त प्रमाण अनुसार ।

एकै पुत्र भए यता अभयका नाऊँ कमल् कान्त हो,
यो वंशै सकियो, सुपुत्र हुनुभो तारा, लिलानाथ को ।
ताराका सुत चार् गणेश क्रमले गौरीप्रसाद् औ टिका,
कान्छा टेकप्रसाद्, गणेश सुत पाँच् हुन् राहिणी जेष्ठता ॥४८॥

माहीला दधिराम, बुद्धि क्रमले भोला तथा इन्द्रलाल्,
गौरीका पनि बाल कृष्ण विचका हुन् डोर प्रसाद् गोपिलाल् ।
टीकाका दुइ जान्नुहोस् जयप्रसाद् कान्छा छविलाल हुन्,
गोपीलाल् पनिटेक पुत्र बुझनोस् यो चन्द्रका वंश हुन् ॥४९॥

माहिला शक्तिप्रसाद को वंश

छोरा कृष्ण र नन्दलाल, जिवनाथ् शक्तिप्रसाद्का भए,
भाई पाच ति कृष्णलाल सुतता जो हेम्प्रसाद्, देव थे ।
साहीला छविलाल फेरि रविलाल्, चन्द्रप्रसाद् आखिर,
डिल्ली हुन् उमनाथ् गणेश र टिका पाचौं त कर्णाखिर ॥५०॥

कान्छा हुन् हुतराज हेमसुत यो, अप्तालि भो डिल्ली को,
एकै हुन् उमनाथ पुत्र तुलसी, भन्छन् गणेश यज्ञको ।
माधव् औ ऋषिराम कर्णसुत हून, हुन् रामवाहादुर,
फेरीमोहन हुन् वहादुर दुवै यी हूतराज् वंशज ॥५१॥

अप्ताली रवि, देव जान्नु छवि को छन् चन्द्रका पुत्र छ,
जमदार मोहिनी जेष्ठ हुन् अनि कुवेर हुन् लाल् प्रसाद् मध्यत ।
फेरी प्रेम प्रसाद, जान्नु हुतराज् हुन् तेजता आखिर,
तीनै मोहिनि पुत्र देखिन गए ऐले यहाँ खातिर ॥५२॥

गोपाल् हुन् अनि पुष्पराज पछिका कृष्ण प्रसाद् देखिए,
गोपाल् का शिवराज कृष्ण सुतता रामप्रसाद् लेखिए ।
चार् हुन् लाल सुपुत्र कृष्ण, शिव औ चेतन्प्रसाद् औ छवि,
राजन् फेरि रमेश कृष्णसुत हुन् छन्, प्रेमका चार तो ॥५३॥

शम्भूलाल, हुवर्ण, केशव पछी कान्छा मुकुन्दै भए,
त्यस्तै चार् हुतराजका हुन गए यज्ञ प्रसाद्, डेग रे !
चौथा सूर्य कनिष्ठ फाल्गुन भए हुन् तेजका पुत्र पाँच्,
जेठा रेवतिलाल मध्य नुर देव्, फाल्गुन औ योगराज् ॥५४॥

कान्छा हुन् शिव ता, कुवेर सुत यी मिल्छन् यहाँ आज छ,
जेठा जान्नु सुरेश, श्याम क्रमले हिरण्य हुन् मध्यज ।
फेरी ईश्वर औं गणेश, नवराज् सुरेशका राम् कुमार,
दुर्गा, दुर्गहरि इ नन्द सुत हुन् अप्तालि हुन् जीवनाथ ॥५५॥

कान्छा कुवेर को वंश

पांचै पुत्र कुवेरका त भवनाथ् हुन् पद्मलाल्, इन्द्र लाल,
फेरी पशुपति, पृथ्विलाल, भत्रका तीन् पुत्र देवी प्रसाद ।
छैनन् देवि, वृहिस्पति सुत कुनै, कान्छा त ब्रज् मोहन,
छोरा एक टिका प्रसाद उनका, नाऊँ अरु पाइन ॥५६॥

तीनै पत्र सुपुत्र चक्रधर औ तारा, लिलानाथ हुन्,
लीलाका सुत प्रेम, बाँकि अरुका जानिन के नाम छन् ।
पृथ्वीलाल सुपुत्र विष्णु इनका दोहुन् ठुला ढुण्डीराज,
'डल्लू बाबु' द्वितीय हुन्, शिवप्रसाद् हुन् ढुण्डीका पुत्र खास ॥५७॥

कान्छा विष्णुप्रसाद इन्द्र सुतहुन् जेठा भवानी प्रसाद,
टीका, भोम, मयश्रवा सुत भवानीका यहाँ तीन खास ।
टीकाका सुत पांच् ठगेन्द्र क्रमले हुन् पुष्प नागेन्द्र ता,
गोपीचन्द्र र होम जान्नु, सुतहुन् दीपेन्द्र ती जेष्ठ का ॥५८॥

उर्लावारि छ वास आज इनको छन् भीमका पुत्र छ,
जेठा राम र ढुण्डिराज, हरिनाथ्, गंगा, उमानाथ त ।
कान्छा कृष्ण प्रसाद, पुत्र मयका हुन् इन्द्, नेत्र प्रसाद,
विष्णु का सुत पाँच हुन् क्रमसगै जान्नोस् यहाँ धैर्य साथ ॥५९॥

विश्वम्भर सुत तृतीय विद्यानन्दको सन्तान

सीताराम, बलराम, टंक क्रमले हुन् लोक, टीका प्रसाद,
ऐले वंश कुवेर को यति मिलो हेर्रो सबै एक साथ ।
विश्वंभर सुत चार जान्नु क्रमले जेठा सुदर्शन् भए,
विद्यानन्द तृतीय थे बुझनुहोस् रांभद् ता मध्य थे ॥६०॥

कर्णाखिर् त कनिष्ठ, पुत्र उनका छैनन् कुनै वंशज,
विद्यानन्द सुपुत्र एक बुझनोस् नाऊँछ तिर्लोचन ।
उन्का तीन् सुत लोकनाथ्, हरिप्रसाद् कान्छा त लक्ष्मीप्रसाद,
छोरा तीन् अनि लोक नाथ तिर हुन् नाऊ छ कृष्ण प्रसाद, ॥६१॥

दाताराम कनिष्ठ जान्नु विचका भन्छन् अनिरुद् थे,
विष्णु, रुद्, कविप्रसाद यति नै तीन् कृष्णका पुत्र थे ।
विष्णुका घनश्याम, रुद्र सुत ता एकै थिए भूहरि,
तीनै हुन् अनिरुद्रका पनि जगन्, चूडामणि, लोक् हरि ॥६२॥

दाताराम सुपुत्र माधव, ऋषि, चारु पछि भास्कर,
जेठाका यति हुन् पछाडि क्रमले हेर्नोस् हरिका सुत ।
जेठा आत्मज पद्मलाल्, हरिचरण् बल्भद्र कान्छा रछन्,
'छोरा सोम प्रसाद, अग्नि र टिका फेरि गणेश् रुद् हुन् ॥६३॥

कान्छा विष्णु प्रसाद् छ पद्मसुत हुन्, चार् छन् हरि आत्मज,
जेठा जान्नु कुवेर, प्रेम पछिका माया अनि सोम त ।
एकै हुन् वलभद्रका सुत यहाँ डम्बर् बहादुर् भनी,
डिठ्ठा थे अघि लक्ष्मिनाथ उनका दो पुत्र भन्छन् पनि ॥६४॥

जेठा हुन् बुझ अर्कलाल पछिका गंगाप्रसाद् भन्दछन्,
जान्नू अर्कज बद्रिनाथ उनका फाल्गुन् महेश्वर रछन् ।
कान्छा हुन् अनि पर्शु राम, अघिका गंगाप्रसाद् पुत्र दो,
जेठा नाम हिरण्य जान्नु हरि हुन् केदार आखीर को ॥६५॥

वशिष्ठ पुत्र मार्कण्डेय को सन्तान

छोरा मध्यम हुन् वशिष्ठ, ऋषिका, थे पाँच छोरा हरु,
मार्कण्डेय र धर्मनन्द पछिका ब्रह्मान्द तेस्त्रा अरु ।
छीताराम र देवशर्म यतिहुन् थे काशिराम् जेष्ठका,
एकै थे सुत वेणिदत्त उनका हुन् पांच तत्पुत्रता ॥६६॥

जेठा हुन् व्रज, श्री विलास क्रमले हुन् नन्दिकेशर् शिव,
फेरी हुन् रविलाल आखिर दुवै सन्तान शून्याश्रय ।
आठ् छोरा व्रजमोहनै तिर, हरि, जेठा त नारायण,
फेरी हुन् तुलसी, नरोत्तम पछि धर्मान्द औ जीवन ॥६७॥

कान्छा पुण्य प्रसाद जान्नु पहिले भन्छन् जगन्नाथ हुन्,
छैनन् जीव र धर्म, पुण्य सबका सन्तान, उल्लेख छन् ।
नारायण सुत भक्ति,इन्द्र दुइ हुन् छन् कुल् प्रसाद् भक्ति का,
चारै हुन् तुलसी सुपुत्र हरि४औ प्रेम्३ मित्रलालै१ टिका२ ॥६८॥

दो भाइ सुत हुन् नरोत्तम जिका देवी प्रसाद् लीलनाथ,
ज्ञानी, कर्मठ वंश योग्य बुझनोस् देवी हवल्दार खास ।
शैपू का सब वंश खोजि जसले पारे सजीलो यहाँ,
एकै पुत्र सुयोग्य, सौम्य कुलमा राजेन्द्र छन् साथमा ॥६९॥

लीलाका सुत कृष्ण, यादव पछि गोविन्द हुन् व्युत्क्रम,
एकै पुत्र यता थिए जगनका गोकर्ण यो हो क्रम ।
चारै हुन् सुत श्री विलास पटिका जेठा थिए वृद्धिलाल्,
फेरी हुन् बुझ कृष्णदत्त क्रमले ती कृष्णराज् पद्मराज् ॥७०॥

वृद्धिका सुत चार जन्मिनगए कृष्ण प्रसाद् पुष्प राज्,
साहीलासुत खेमराज, पछिका अप्तलिमा हुन् गणेश् ।
तीन् हुन् कृष्ण सुपुत्र कुञ्जमणि औ भन्छन् टिका,विश्वनाथ,
एकै कुञ्ज सुपुत्र लालमणिहुन्, सागर् मणिराम खास् ॥७१॥

माधव् फेरि थि तिन् सुपुत्र बुझनोस् एता टिकादत्तका,
लक्ष्मण्४राम३ र योग्प्रसाद२हरि१ता चार् पुत्र हुन् पुष्पका ।
तीन् छोरा हरिकात विष्णु र शरद् आनन्द हुन् भन्दछन्,
विश्वंभर् पछि फेरि लक्ष्मणजीका वैकुण्ठ दो गन्दछन् ॥७२॥

चारैहुन् सुतर खेम लाल तिरका जेठा ऋषिराम हुन्,
फेरि छन् मणिराम औ खुरहरि कान्छा छविलाल हुन् ।
दो भाइ सुत कृष्ण दत्त तिरता हुन् ईश्वरी, वेदनाथ्,
दोटै हुन् सुत वेद का पनि यहां गोविन्द औ राम् प्रसाद् ॥७३॥

त्यस्तै दो सुत कृष्णराज तिर नै ती पुष्प, नर्नाथ हुन्,
केशवराज र फेरि लोक हरि ता दो पद्मका भन्दछन् ।
केशव् का पनि पांच पुत्र बुझनोस् देवीप्रसाद्, तीर्थराज्,
फेरी सोमहरि चतुर्थ क्रमले केदार, कृष्ण प्रसाद ॥७४॥

कान्छा हुन् रविलाल वेणी सुतता सात् पुत्र उन्काभए,
मुक्तिनाथ र जै नरायण पछी विल्भद्र औ मित्र थे ।
फेरि प्रेमप्रसाद जान्नु क्रमले गंगा र लक्ष्मी प्रसाद्,
अप्तालो पछिका तिनै हुन गए हुन् मुक्तिका डिल्लीनाथ् ॥७५॥

डिल्ली का पनि ज्ञान, रोम हरि हुन् दो पुत्र नै भन्दछन्,
जै नारायण का षडान्द सुत थे अन्यत्र गै बस्तछन् ।
छोरा तीन् विल, का त लोक हरि हुन् पृथ्वो र भक्तिविलास्,
जान्नू दो सुत लोक का पनि यहाँ दुर्गा र आनन्द खास् ॥७६॥

पृथ्वो का शिव फेरि कोमल पछी हुन् नानिराम् आखिर,
भक्तिका पनि जेष्ठ भूपहरि हुन् चेतन् प्रसाद् मध्यज ।
साहीला युवराज विष्णु र पछि कृष्ण प्रसाद् पांच हुन्,
केशव, पुष्कल भूपका दुइभए यो भक्तिका वश हुन् ॥७७॥

एकै हुन् सुत इन्द्र लाल बुझनोस् ती मित्रलाल का यहाँ,
उन्का कृष्ण मुरारि, अर्जुन, महेश्वर् चार छन् वंशमा ।
अप्तालीं अरुको भएछ यि सबै शैपू तिरै बस्तछन्,
कोई ठाऊँ सरेर अन्त तिर गै बस्ने गरेका रछन् ॥७८ ।

वशिष्ठ का माहिला छोरा धर्मानन्द को सन्तान

हुन् धर्मनन्द सुत नारद एक मात्र,
उन्का जगु अनि बृहस्पति युग्म पुत्र ।
अप्तालि हुन् जगु, बृहस्पति पुत्र दो छन्,
हुन् ज्येष्ठ सत्यधर आखिर लक्ष्मीधर् हुन् ॥७९॥

एती मिल्यो अरु कुनै पनि पाइएन,
बर्मा सुपुत्र दिननाथ यहाँ लिएन ।
लेख्नेछु पूर्वतिर वंशज मा लगेर,
हुन् काहिला सुत छिता, कुल लेख्छु हेर ॥८०॥

वशिष्ठ पुत्र काहिला छिताराम को सन्तान

छीताका सुत वेदशर्म उनका हुन् एक जै मंगल,
लक्ष्मीकान्त र फेरि जान्नु छविलाल् दो पुत्र उन्का अब ।
लक्ष्मी का पनि चार कृष्ण पहिले फेरी जगन्नाथ हुन्,
शक्ति वल्लभ हुन् पछडि दधिराम् शैपू तिरै बस्तछन् ॥८१॥

एकै कृष्ण सुपुत्र भूप हरि हुन् गोपाल उन्का यहाँ,
त्यस्तै टेक प्रसाद, केशव, पछी देवी, जगन्नाथका ।
शक्ती वल्लभका भए पशुपती मोहन् प्रसाद् अन्त्यज,
त्यस्तै दो दधिरामका पनि कुवेर् हुन् मेघनाथ् वंशज ॥८२॥

कुवेर् का पनि एक पुत्र क्रमले टीका प्रसाद् देखिए,
कान्छा ती छविलालका पनि यहाँ एक् पद्म लाल् भेटिए ।
उन्का दोसुत भोजराज र पछि प्रेमप्रसाद् जान्नु होस्,
छीताराम जीको सुवंश यसरी बढ्दोभयो मान्नु होस् ॥८३॥

कान्छा देव शर्माको सन्तान

जम्मा चार् सुत देव शर्म तिर हुन् गोकुल् र लक्ष्मी विलास्,
साहीला बुझ रंगलाल क्रमले हुन् चन्द्र शेखर् सुसाथ् ।
छैनन् गोकुल सन्तति बुझनुहोस् पांच् लक्ष्मी का आत्मज,
जेठा नाम भए मनोरथ पछि हुन् नन्दलाल् अमृत ॥८४॥

डिठ्ठा हुन् ति हरि प्रसाद पछिका पृथ्वी विलास् भन्द छन्,
अमृत पृथ्वी दुवै निसन्तति थिए दो ज्येष्ठ का पुत्र छन् ।
जेठा हुन् बुझ धर्म दत्त पछिका हुन् नील् प्रसाद् सुन्दर,
दोटै हुन् सुत घट्टराज क्रमले हुन् तोय नाथ् वंशज ॥८५॥

एकै कृष्ण प्रसाद घट्टसुत हुन् दो पुत्र छन् नीलका,
जेठा टंक प्रसाद पुण्य पछिका, दो पुत्र हुन् टंक का ।
नाऊँ हो तिनको दिनेश र गणेश्, हुन् नन्द का भीम् हरि,
पांच् छन् भीम सुपुत्र पद्म क्रमले चित्र प्रसाद् यस्तरि ॥८६॥

फेरी चन्द्र प्रसाद हेम पछिका कान्छा भए भूहरि,
तीन् हुन् पद्म सुपुत्र जेष्ठ बुझनोस् नाऊ थियोनर् हरि ।
फेरी देविप्रसाद, पुण्य यति हुन्, दो चित्रका रेवती,
कान्छाडिल्लिप्रसाद चन्द् सुत ता छन् विष्णू एक् सन्तति ॥८७॥

डिठ्ठाका पनि तीन कृष्ण र पछी हुन् ढुण्डीराज् बंशीराज्,
नाऊ मिल्न सकेन रंग र पछि तीचन्द्का वंश खास् ।
ब्रह्मानन्द वशिष्ठ पुत्र इनको उल्लेख गर्छु पछि,
बाँकी जे जति नाम जान्न सकियो लेखें सबै सन्तति ॥८८॥

ऋषि पुत्र साहिला उमापतिको सन्तान

साहीला सुत हुन् उमापति अघि लेखें ऋषि पुत्र जो,
एकै हुन् सुत वीरभद्र उनका थे वंशका रत्न पो ।
जन्मेका अघि चौधमास बिचमा देहान्तभो वायु को,
आमा बालक पुत्र छोडि पतिका साथै सती जानुभो ॥८९॥

काका वाट पवित्र वालपनको पाएर संरक्षण,
फेरी पढ्न गए वनारसमहां सद्बुद्धि का भाजन ।
सारा वेद यजु तयार हुन् गो उल्टो र सुल्टो गरी,
यस्तो यो प्रतिभा थियो अति ठूलो व्यक्तित्व ले सर्सरी ॥९०॥

ध्याङ् डाँडा र सुरम्य खेत सिरिसे विर्ता दिए भूप ले,
उन्का सन्तति छन् अझै सुकुल का विद्याधनी गर्वले ।
इन्का सात सुपुत्र जान्नु क्रमले लेखिन्छ जो मिल्दछन्,
जेठा हुन् शिव पर्शुराम क्रमले राम्कृष्ण धर्मान्द हुन् ॥९१॥

कान्छा वाणिविलास, पूर्व हरि, औ पैले जगन्नाथ हुन्,
रूप नारायण फेरि श्रीधर पछी मोहन् शिवा पुत्र छन् ।
चार् हुन् रूप-सुपुत्र कृष्ण र उदैनारान् रविलाल् हरि,
त्यस्तै तीन सुत कृष्णका पनि भए हुन् रंगलाल् ज्येष्ठ ती ॥९२॥

वीर भद्र पुत्र शिवाको सन्तान

माहींला करवीर फेरि पछिका ऐवर्ण हुन् भन्दछन्,
देवीलाल र चन्द्र लाल यी दुवै जो रंगलाल् पुत्र हुन् ।
देवी का सुत भीमप्रसाद वुझनोस् चार् चन्द्र का जन्मिए,
रामेश्वर् पछि केशवै र तुलसी, पुण्य प्रसाद् देखिए ॥९३॥

पाँच् छोरा करवीर का पनि सबै ठूला वहादूर भए,
केशव् हुन् शिव, पूर्ण फेरि क्रमले तिलक् र अम्वर् थिए ।
केशव्का सुत कृष्ण फेरि पछिका हुन् भक्त वाहादुर,
त्यस्तै आठ् सुत पूर्णका पनि यहाँ भन्छन् ठूला खातिर ॥९४॥

ठूला टेक र कृष्ण, लाल पछिका खड्ग वहादुर् भए,
दुर्गा, उद्धव, चन्द्र जान्नु क्रमले गंगा वहादुर थिए ।
लाल्वाहादुर पुत्र खेम वुझनोस् छन् तिन् तिलक्का पनि,
दुर्गा, दोप र खड्ग क्षत्रिय सबै भन्छन् यहाँ छन्जति ॥९५॥

डिल्ली सिंह र सेन ध्वज् अनि पछी हुन् चन्द् ऐवर्णका,
डिल्लीका सुत दल् वहादुर भए रामकृष्ण दलपुत्र ता ।
सेनध्वज् सुत एक जान्नु उनको 'ऐमान' यो नाम गो,
कान्छा चन्द् सुपुत्र इन्द् उनको "पूर्ण" वहादुर हो ॥९६॥

सारा क्षत्रिय सन्तति हुन् भए कर्वीर ऐवर्णका,
छोरा हुन् शिवलाल् यता उदय का हुन् वज्लाल् शिवका ।
दोहुन् वज्र सुपुत्र ता चरण् हुन् मेल प्रसाद् आखिर,
छोरा चार् हरि का सुनें हुनगए भेटीन नाऊं तर ॥९७॥

छोरा हुन् वुझ कृष्ण लाल रवि का अन्यत्र गै वस्तछन्,
डिल्ली हुन् हरि का र इन्द्र उनका ऐले यिनै मिल्दछन् ।
श्रीधर् का सब सन्तति परकतै वस्छन् मिलेनन् यहाँ,
मोहन्का सुत चार् कालु पछिले सन्तानहीन् वंशमा ॥९८॥

चित्राखर् अनि जैप्रसाद पछिका हुन् विष्णु लाल् आखिर,
चित्राखर् सुत मुक्तिनाथ उनका सात् पुत्र छन् खातिर ।
जेठा इन्द् प्रसाद फेरिनर नाथ् भन्छन् कमल् नाथ् अनि,
फेरिरुद्र प्रसाद जान्नु दशरथ् हुन् नन्दलाल त्यस् मुनि ॥९९॥

गंगा एक् नर नाथ का र उनका पाँच् बुद्धि, यज्ञप्रसाद्,
विन्दीकेशर, लाल् प्रसाद्, ठरहरि कान्छा त गंगा प्रसाद् ।
चार् हुन् रुद्र प्रसादका क्रम संगै ती रामप्रसाद् भोलनाथ्,
फेरी टंक प्रसाद, पुण्य यिनीहुन्, दो देवी का पुत्रखास् ॥१००॥

जान्नु इन्द् प्रसाद चन्द् यतिनै. छन् नन्द लाल् का दुवै,
जेठा प्रेम प्रसाद कृष्ण यसरि यो वंशमा छन् सबै ।
साहींला जय का सुपुत्र पनिचार् हुन् जै कुमार बुद्धिलाल्,
सापीला रविलाल डिल्ली पछि हुन्, छन् जैकुमार् पुत्र तीन् ॥१०१॥

जेठा पद्म करनिष्ठ जान्नु यदुनाथ् अन्यत्र बस्छन् कहीं,
माहीला भवनाथ का सुत भए कृष्ण प्रसाद् एक ती ।
उन्का पुत्र पवित्र, टंक दुइ हुन् बाकी मिलेनन् पृथक्,
वृद्धि का सुत पूर्णभक्त, रविका हुन् जै प्रसाद् मेघनाथ ॥१०२

वीर भद्र का माहिला छोरा पर्शुराम

छोरा हुन् जमदग्नि फेरि पहिले देव् दत्त हुन् पर्शु का,
जेठा हुन् बलभद्र बेलरूप औ हुन् रत्न लाल् देवका ।
त्यस्तै दो बल भद्रका पनि भए प्रेमलाल् छबीलाल् यता,
भन्छन् भक्तिविलास फेरि दधिराम् दो प्रेमका पुत्र ता ॥१०३॥

भक्तिका सुत विष्णु हुन् र उनका गोपाल एक् पुत्र छन्,
उन्का एक सुपुत्र आज क्रमले गोविन्द नै मिल्दछन् ।
थे विद्वान् दधिराम पण्डित हुला जो वेद का शास्त्रका,
कण्ठस्थै ति पढाऊंथे गजब ले त्यो पाणिनि ग्रन्थता ॥१०४

यस्ताहुन् कुलका सुदीपक हुला वंशै उज्यालो गरी,
अर्जी गौरव कीर्तिका सुमनले प्रख्यात छन् यस्तरी ।
एकै छन् उनका सुपुत्र कमला गंगा प्रसाद् नाम हो,
गंगा का दुइ पुत्र विष्णु हरिऔ हुन् बाबुराम् आज जो ॥१०५॥

शेशर् फेरि मुकुन्द, रामजी, यती हुन् विष्णु का आत्मज,
बाबूराम भए सुयोग्य पदमा जिल्लाधिकारी अब ।
संस्कृत विज्ञ र "लाँ"-कविज्ञ कुलका विद्याकलाका धनी,
गर्छन् न्याय प्रसस्त धैर्य गुणले व्यक्तित्व शाली बनी ॥१०६

लिन्छन् चाख सदैव वंशहरुको चर्चा हुदा हर्दम,
हामी एक भएर गौरव बढोस् भन्ने उहांको मन ।
छोरा पाँच रमेश, शिव्व क्रमले तेस्रा जनार्दन् भए,
काहीला त जयन्त हुन् अनि पछी कान्छा अतन्तै भए ॥१०७॥

पर्मखिर् छवि लालका सुत भए पाँच् फेरि उन्का बुझ,
दुर्गा, हेम हरि र चन्द् हरि हुन् छन् चन्द्का लक्ष्मण ।
साहिल भवनाथ हुन् शिव हरि कान्छा भए आखिर,
एकै राम सुपुत्र हुन् शिव पटि, दुर्गा र होम् निष्फल ॥१०८॥

अन्तै वास सरे ति बेलरूप ता, देव् दत्तका मध्यज,
तीन् भाइ बुझ रत्नलाल सुत हुन् ती हेम लाल् जेष्ठ त ।
माहीला ब्रजलाल आखिर भए नाऊ छ कार्णखिर,
भन्छन् दो सुत अंग नाथ र पछी देवी प्रसाद् हेमज ॥१०९॥

हेमलाल् जेष्ठ भए कनिष्ठ क्रमले विद्यापति अंगका,
देवीका दुइ हुन् यहाँ नरहरि औ होम् हरि साथका ।
जान्नु सोम प्रसाद पुत्र नरका गोविन्द औ शिव् प्रसाद,
देवी३ और भवनाथ पुत्र ब्रजका तीन जेष्ठ कृष्णप्रसाद१ ॥११०॥

कर्णखिर् सुत नेत्र हुन् र उनका तीन् वासुदेव् औ सुरेश,
कान्छा पुत्र महेश हुन् यिनिसर्वै हुन् देव सन्तान सब ।
चार् छोरा जमदग्निका हुन् गए श्रीचन्द् ४, चन्द्राखर,
माहीला कुलनन्द२ रेवतिरमण१ देखिन्न बांकी पर ॥१११॥

वीर भद्र पुत्र ३ राम कृष्ण

एकै सन्तति राम कृष्ण तिरता जान्नु सदानन्द हुन्,
गौरी शंकर, लक्ष्मिकान्त र पछि हुन् कृष्ण लाल् तीन छन् ।
अप्ताली बुझ कृष्णको सुत भए पांच् गौरिका काशीनाथ,
वृद्धिलाल र नन्दिकेशर भवानी हुन् अनि नन्दु खास ॥११२॥

काशीका सुत चन्द्र मुक्ति दुइ हुन् औ वृद्धि का ब्रजलाल,
विष्णु नन्दि सुपुत्र जान्नु सबले, चारै भवानी प्रसाद ।
जेठा पुत्र भए प्रसाद् भगवती औ माहिल इन्द्रलाल,
चम्पाखर् अनि सोमनाथ यति हुन् छन् लक्ष्मीका पुर चार ॥११३॥

जेठा मोतिचरण पछाडि श्रीविलास् भन्छन् यहाँ नामता,
लक्ष्मी कान्त र कुल् प्रसाद यि भए, दो मोतिका पुत्रता।
जान्नु मन्त्रीप्रसाद औ जय प्रसाद्,पांच् मन्त्रि का लाल् प्रसाद,
फेरी भीम र लोक४रुद्र३हृदयै५ हुन् वंशका नाम खास् ॥११४॥

जै नारायण फेरि जान्नु जयनाथ् हुन् शीव नारायण,
मुक्तिनाथ यि चार हुन् जय प्रजा, दो श्रीविलास्का गन।
छोरा लोक हरी र देव हरि हुन् देव् पुत्र नारायण,
लक्ष्मी का सुत टंकराज पछिका टंक प्रसाद् छन् भन ॥११५॥

चार् छोरा कुल का त मोहन जगन् दुर्गा र टीका प्रसाद्,
एती सन्तति राम कृष्ण तिरका सद्वंशका हुन् प्रकाश्।
धर्मानन्द सुपुत्र तीन गनिए जेठा दिवाकर् भए,
राधा कृष्ण र फेरि आखिर महां नैनान्द भन्ने थिए ॥११६॥

काहिला धर्मा नन्द को सन्तान

नारद् एक दिवाकरात्मज भए तत्पुत्र तीन् चन्द्र हुन्,
फेरी विष्णु प्रसाद् कनिष्ठ सुत ता हुन् रुद्र क्षत्रीय छन्।
नाती कोमल विष्णु का अनियता छोरा खडानन्द हुन्,
एकै रुद्र सुपुत्र जान्नु सबले डिल्लीबहादुर छन् ॥११७॥

राधाकृष्ण सुपुत्र एक हुनुभो तत्पुत्र तीन् भन्दछन्,
गंगाधर्१पछि चन्द्र लाल३अधिका जान्नू जगन्नाथ२हुन्।
मायानाथ र २ पूर्व हुन् पशुपति १ यी चन्द्रका सन्तति,
नैनानन्द सुपुत्र तीन रघुनाथ् श्रीकृष्ण जान्नूअनि ॥११८॥

उमानाथ पनि, द्विपुत्र रघुनाथ् जीका यहां भन्दछन्,
कान्छा हुन् जीवनाथ२ औ नरहरी जेठा भएका रछन्।
अन्तै वस्न गए श्री कृष्ण अघिनै तीन् हुन् उमानाथ का,
दिवाकर् भवनाथ आखिर भए श्री लाल यी नामता ॥११९॥

एकै हुन् भव पुत्र खड्ग उनका क्षत्री गणेश् पुत्र थे,
श्री लाल् का पनि तेज् प्रसाद पछिका थे भोजराज् नामले।
शंकर् देव सुत जान्नु होस् ती दुइ मा एक् तेजका वंशमा,
धर्मानन्द समस्तवंश यही हो जाने बुझे को यहां ॥१२०॥

बीर भद्र का पुत्र जगन्नाथ को सन्तान

चार् छोरा धरणी र मोति क्रमले हीरा र चूडामणि,
लक्ष्मीकान्त २ र वैजनाथ धरणी का तीन हुन् जै निधि।
तारा नाथ भवानिशंकर अनि हुन् जै प्रसाद् वैज का,
जान्नू होस् जिवनाथ् गणेश जयका, नेत्रै भवानी प्रजा ॥१२१॥

बेणीदत्त र कुल् प्रसाद दुइ हुन् यी लक्ष्मी का आत्मज,
बेणीका श्री विलास पद्म मणि औ हुन् लक्ष्मी नारायण।
दोटै हुन् कुल पुत्र जान्नु क्रमले ती पद्म बुद्धि प्रसाद्,
टीका दत्त र पूर्व दाजु रघुनाथ् दो जैनिधि पुत्र खास् ॥१२२॥

मोती लाल सुपुत्र जान्नु भवनाथ् जेठा त लक्ष्मी विलास्,
लक्ष्मी का सुत सात् चिरञ्जीवि पछि विष्णुहरि जान्नु होस्।
साहीला सुत जान्नु होस् धन पति हुन् पद्मलाल् औ कवि,
फेरी हुन् बुझ पूर्व भक्त पछिका काली प्रसाद् नाम ली ॥१२३॥

पैले दो अपुतालि भाजन भए छन् पद्म का दो सुत,
जान्नू त्यै क्रम रत्नशंकर अनि कान्छा भगीरथ् पर।
एकै रत्न सुपुत्र हुन् शिवप्रसाद् तीन छन् भगीरथ् प्रजा,
गोपाल् कृष्ण र देवी हुन् यति मिले लक्ष्मी विलास् वंशका ॥१२४॥

भन्छन् छ पुत्र भवका विरु औ हरि हुन्,
फेरी प्रयाग, कविदत्त् अनि रत्नलाल् छन्
तारा कनिष्ठ इनका सुत टंक, टीका,
एकै खडान्द सुत हुन् अधिका विरु का ॥१२५॥

हुन् काशीनाथ अनि पद्म हरि प्रजा ता,
यी दल् बहादुर, तिलक् सुत हुन् प्रयाग् का।
अप्तालि हुन् कवि त्रिपुत्रज रत्नलाल,
देवी प्रसाद पछि ईश्वरी मान् प्रसाद ॥१२६॥

हीरालाल सुपुत्र दो क्रमसंगै नन्दा र चम्पाखर,
जेठा लक्ष्मी विलास हुन् अनि पछि माया त नन्दात्मज।
लक्ष्मी का सुत लोक् प्रसाद र यता लीला त माया सुत,
लीलाका पनि मान् प्रसाद भनिए हुन् काशीनाथ् चम्पज ॥१२७॥

जेठा सूर्य बहादुरै रणबहादुर् हुन् पछि छत्र ता,
तीन् काशी सुत हुन् र छत्र सुत तिन् क्षत्रीय यी वंशका।
जेठा कृष्ण र डिल्ली फेरि क्रमले हुन् पूर्ण बाहादुर,
हीरालाल पटि समस्त यति हुन् सन्तान मा आखिर ॥१२८॥

चूडामणि सुत चतुर्जन हुन् विहारी,
जान्नोस् यता उदय, रंग, र कृष्ण लाई।
छन् रंगलाल सुत चार् अनि हेम, लक्ष्मी,
भक्ति विलास अनि विष्णु चतुर्थ हुन् ती ॥१२९॥

अप्तालि हेम तिर को, सुत लक्ष्मी चार,
हुन् पुष्पराज अनिरुद्र र यम् बहादुर।
भन्छन् कनिष्ठ पनि टेक बहादुरै हुन्,
भक्तिविलास सुत छन् तिन मात्र भन्छन् ॥१३०॥

जेठा केशवराज फेरि क्रमले हुन् प्रेम औ लोक् हरि,
जान्नु माधव प्रेमका र यमराज् गोविन्द केशव् पटि।
जेठा ज्योतिषि पद्म नाम उनको भन्छन् 'घनश्याम' पनि,
कान्छा हुन् तुलसी यि कृष्ण सुत ता दो पद्म का सन्तति ॥१३१॥

जेठा विष्णु र रोम जान्नु क्रमले छन् ज्योतिषि पैतृक,
विद्या, गौरव गर्विला गणितका भविष्य वक्ता तक।
जिष्णु का गुरु हुन् धनेश्वर अनि आखीर मा 'वोल' र,
'माधव् फेरि त्रिलोक, भालशशि औ हुन् भीम बाहादुर ॥१३२॥

यी चार् सोम प्रसाद पुत्र भनिए पाए जति लेखिए,
एकै देवि प्रसाद हुन् नृतुसीका, सारा जगन् वंश थे।
चार् छोरी हरि कृष्ण का अधिभए जेठा महारुद्र हुन्,
ऊमा नाथ र मुक्तिनाथ अधिका भन्छन् चिरञ्जीविहुन् ॥१३३॥

शैपू वास अघि त्यजेर ति सबै पिता बसैं जो बसे,
बस्छन् आज उतैं सबै तिनिहरु मिल्लान् पछी खोजीले।
शैपूबाट मिले जति यति सबै लेखें यहाँ नाम जो,
उल्टा नाम कतै-कतै त्रुटि भए माग्छु क्षमा बन्धुहो ॥१३४॥

शुदर्शन को सन्तान : ताप्ले जुङ् बोलू

जेठा हुन् ऋषि पुत्रता र ध्रुपति छोरा दुई जन्मिए,
ढूला पुत्र बृहस्पति अनिपछि कान्छा विशंभर भए।
थे विश्वं भरका सुदर्शन तथा रांभद्र जो सुन्दर,
शैपू त्याग गरेर ती दुइ जना झन् पूर्व लागे पर ॥१३५॥

खोला भीर पहाडका हिम गिरी के रम्यता मस्त छ,
छोडे बन्धु तथापि नूतन सबै आत्मीयता आउँ छ।
खोला तम्मर को नजीक रसिलो गाऊँ छ सिम्ले भनी,
ताप्लेजुङ् परि पूर्ण न्यायिक थलो पाथी भराका मुनि ॥१३६॥

बस्ने वास घडेरि निश्चय गरे सन्तान यो फैलियोस्,
पाउन् कीर्ति अपार-शान्ति, ममता यो देश नै ढाकि योस्।
यस्तो भाव ढूलो पवित्र मन मा पुर्खा हरु को थियो,
हामी सन्तति हौं पवित्र विरुवा फूल्दोर फल्दो छयो ॥१३७॥

पार्यौ पूर्व सुवास, वास छरियौं नेपालका काखमा,
दार्जिलिङ् अनि सिक्किमादिक्रमले आसाम् मणी पूरमा ।
वर्मा फेरि भुटान तीर्थ हरुमा विस्तार भो साधना,
होला पुण्य अपार पूर्व जन को बढ़ेदैछ यो झांगमा ॥१३८॥

सिम्ले बाट हिडे सुदर्शन यता दोखू पुगे छन् पछि,
राम्रा भीर पहाड़का नजीकमा खोला र खोल्सा तरी ।
वारी पारि सबै सुरम्य रमिता बेसो र गोट खर्क को,
हेरी दीर्घ विचारले सुख मयी सद्भावमा वास भो ॥१३९॥

छोरा सात रछन् सुदर्शनजिका जो पिर्थु लाल, रङ्गलाल्,
हिर्दू फेरि उमापति र छितराम्, केशव् रघुनाथ लाल् ।
अमृत्५वेद निधि ४ तथा धनपति २ जेठा दिवाकर१पछि,
साहिला श्री विलास३ पिर्थु सुतपाँच लेख्छु मिलेका जति॥१४०॥

हुन् नारायण एक् दिवाकरजिका उन्का भए वर्म लाल्,
इन्कातोन् सुत मित्र,भास्कर थिए बर्वै छैन सन्तान हाल् ।
यो सन्तान अगाड़ि छैन क्रमले ऐले मिलेको यहाँ,
बाँकी जो पृथुपुत्रको र अरुको लेख्दैछु यै साथमा ॥१४१॥

पृथु पुत्र धनपतिका सन्तान

धनपति तिर दोटै पुत्रता जन्मिएछन्,
महिपति, मधुसूदन, जेष्ठका तीन भन्छन् ।
प्रथमज जय मंगल् हुन् खडानन्द मध्य,
क्रमसित सुत कान्छा नाऊँ गोकर्ण मिल्छ ॥१४२॥

छोरा छन् जयका प्रजापति, हरि भोला तथा खेमनाथ्,
सालिम्बे घर हो सुपुत्र हरिका दो छन् सुनें मात्र खास् ।
जेठा प्रेम प्रसाद् मधेश, हँडिया वस्छन् खडानन्दका,
बाँकी पुत्र लिएर आज यिनको आसाम हो वास ता ॥१४३॥

छन् गोकर्ण सुपुत्र पाँच ध्रुवलाल् औ टेक नाथ्, यादव,
काहींला पनि ओम नाथ पछिका ती सोम नाथ् आखिर ।
छोरा यादवका भए तुलसी ता हुन् ओमका माधव,
पर्मानन्द यता मधुसुदनका छन् पाँच उन्का सुत ॥१४४॥

जेठा आत्मज चन्द्र लाल्, नरहरि फेरी छविलाल हुन्,
तिर्लोचन् अनि रंगलाल क्रमले, सात् चन्द्रका पुत्र छन् ।
जेठा आत्मज गेहनाथ र टिका युव् राज् फणीन्द्र प्रसाद,
फेरी सूर्य र नोद राज क्रमले आखिर लक्ष्मी प्रसाद ॥१४५॥

डिल्लीराम सुपुत्र गेह तिरता, केर्खा सबैको घर,
त्यस्तै तोनभए यता नरहरिजीका सबै आखिर ।
झुम् नारायण, तोयनाथ क्रमले नेत्र प्रसाद् तीन हुन्,
बेपत्ता छविलाल जान्नु, झुम का रुद्र प्रसाद् पुत्र छन् ॥१४६॥

साहिला श्री विलासको वंश

छैनन् सन्तति क्वै त्रिलोचन पटि, हुन् रंगलाल् पुत्र दो,
जो नारायण, इश्वरी यसरि नै यो वंशको देखियो ।
सालिम्बे अघि बास रम्य सुखको दोखू नजीकै छ जो ॥
विद्या पावन बुद्धि केतन जहाँ ज्योतिष सत्शास्त्र को ॥१४७॥

श्री विलास अघि गई वसनुभो लेखिन्छ सन्तान यो,
गंगाराम, प्रजापति, अनि पछि थे विष्णुलाल् नाम हो ।
'गंगाका हरिलाल जेष्ठ बुझनोस् कान्छा भए लोक नाथ्',
टीका राम् हरि लालका धनपति कान्छाथिए श्रीप्रसाद् ॥१४८॥

टीकाराम सुपुत्र धर्म क्रमले हुन् ईश्वरी, भीम् प्रसाद,
सालिम्बे अब छाडि छन् इटहरा मोरङ् सबै एक साथ ।
पैले शिक्षक भै पछाडि अहिले पंचायती कार्यमा,
जान्नु धर्म प्रसाद, पुत्र छ भए देवेन्द्र हुन् आद्यमा ॥१४९॥

राधाकृष्ण र शंकरै अनि रमेश्, सागर् तथा केशव,
डिल्लीराम छ नाम जान्नु सुतको जो इश्वरीका अव ।
छोरा दो बुझ होम नाथ,घन श्याम् छन् माहिलाका पनि,
वस्छन् आज सबै यता इटहरा, दो होमका सन्तति ॥१५०॥

छन् एक मात्र अहिले बुझ डिल्लीराम,
'टीका र दीपक पछाडि त रुद्र नाम' ।
हुन् तीन पुत्र घनश्यामजिका प्रशस्त,
यो वंशमा यति मिले सब एक तन्त्र ॥१५१॥

अप्ताली श्री प्रसादको हुन गयो, थे लोकनाथ् पुत्र एक्,
अप्ताली ऋषिरामको पनि भयो लेखें हरी लाल तक ।
माहींला ति प्रजापति अघि भनेथे ज्योतिषी वंशमा,
विद्या पैतृक सम्पदा अघिथियो निष्ठा थियो धर्ममा ॥१५२॥

लक्ष्मीको यदिवास होस् कित न होस् पौडेल का वंशमा,
विद्या की जननी सदा वसि रहिन् ती शारदा अंशमा ।
विद्या ज्योतिष, वेद, शास्त्र, कविता औ अग्नि होत्रादि मा,
शिक्षा हासिल गर्दथे निपुण थे आफनैं प्रथा पाल्नमा ॥१५३॥

विद्यारत्न प्रजापति बुझनुभो उन्का चतुष्पुत्र हुन्,
जेठा ता जीवलाल्, यज्ञनिधि औ पर्मान्द देव् शर्म छन् ।
छोरा आठ् जीवलालका हुन गए जेठा भए मित्र लाल्,
माहीला बुझनोस् भए धनपति तेस्त्रा त देवी चरण् ॥१५४॥

द्यौ नारायण रंगलाल् मधुसूदन् पण्डित भगीरथ अनि,
कान्छा भीम प्रसाद, मित्र सुततिन् पाहाड़मैं छन् पनि ।
दाता राम र डिल्लिराम दुइहुन् कान्छा मिलेनन् यहाँ,
दाताको पनि पुत्र नाम कुनहो जानीन मैले यहाँ ॥१५५॥

वस्छन् पुत्र र पौत्र ली धनपति आसाममानै अघि,
देवी सन्तति छैन आज, तिन छन् ती काहिलाका पनि ।
जै नारायण बालकृष्ण पछिका हुन् सूर्य कान्छा अनि,
जै नारायण पुत्र ता कमलछन् झापा निवासी पनि ॥१५६॥

चारै रंग सुपुत्र ठाकुर निधि३ ओम् नाथ,२ चूडामणि,
सेती अञ्चल वस्तछन् घर सबै, चारै मधु सन्तति ।
जेठा कृष्ण,चिरञ्जिवि र क्रमले हुन् तेज औ खेमनाथ्,
केर्खामा घर हो, यता इटहरा छन् खन्तरे एक साथ् ॥१५७॥

विद्वान् पण्डित छन् "सुयोग्य" भगिरथ् सात्विक, धार्मिक छन्,
गर्दै आदर दाजु भाइ हरुको सेवा स्वयं गर्दछन् ।
दिन्छन् चाख सदैव वंशहरुको जान्ने इरादागरी,
छोरा ओम प्रकाश, लक्ष्मी पछिका नारायणै छन् पनि ॥१५८॥

कान्छा भीम सुपुत्र ३ चार क्रमले केदार, टीका प्रसाद,
साहींला सुत हेमलाल पछिका छन् यज्ञ दोखू निवास ।
लेखें यी जिबलालसन्तति सबै विस्तारले वंशमा,
हेर्नोस् लेखकको सुवंशक्रमले यो पाठका मध्यमा ॥१५९॥

जन्मे प्रसिद्ध कुलमा अघि ज्योतिषि ती,
थे पितृतुल्य गुण गौरव ले प्रसिद्धि ।
दैवज्ञ, पंडित तथा गणितार्थ ज्ञाता,
हो नाम यज्ञनिधि मध्य प्रजा-प्रजाका ॥१६०॥

ती शारदा मुखमहां गुणले वसेकी,
पुग्थ्यो सबै जति भने पनि भै विवेकी ।
मान्थे समस्त जनले अति भक्ति गर्थे,
विश्वास ले सब पुगीकन पाउ छुन्थे ॥१६१॥

जान्थे छात्र अनेक पढ्न घरमा दौडेर रातोदिन,
हुन्थ्यो ज्योतिषको प्रचार मजले सिक्थे सबै सज्जन ।
अड्डा होस्, दरबारहोस् झुपडी होस् थ्यो भावना एक नै,
अस्ताए रवि आज तैपनि सबै मान्छन् उज्यालो अझै ॥१६२॥

छोरा सात भए सुपात्र कुलमा राम्भद्र हुन् जेष्ठ ता,
फेरी लक्ष्मीप्रसाद नारद तथा दामोदरै काहिला ।
पांचौ हुन् अनि खेमराज क्रमले तो कृष्ण औ ईश्वरी,
छैनन् नारद पुत्र, कृष्ण पनि ता सानै खसेछन् अघि ॥१६३॥

एकै पुत्र 'म' रामभद्र तिरको वंशावली लेखक,
शिक्षा पैतृक सम्पदा हुन गयो जान्नोस् पिता प्रेरक ।
धेरै दुःख सहेर निर्धन बनी गर्दै कुदालो, हलो,
पढ्नैमा अघि प्रेरणा दिनु भयो सत्कामना ले ठुलो ॥१६४॥

विद्या धार्मिक भो विचार मनको, आध्यात्मिकी जीवन,
सेवा यो कविता गरेर कुलको गर्दैछु यो संझन ।
ऐले वास मधेशमा इटहरा, मोरङ् भयो पावन,
शिक्षाध्यापन जीविका हुन भयो बस्तैछु वृन्दावन ॥१६५॥

टाडा निर्धन जीवनी र मनको एकलोपना व्यापिदा,
शिक्षा खातिर यो विदेश विचको संकष्टमा झेलिदा ।
इच्छा बान्धव जान्न भो हृदयमा पाएँ सबैको भर,
एक्लो गन्थनले चिनारि गरिने मेरो इरादा तर ॥१६६॥

मेरा छन् दुइ पुत्र जेष्ठ क्रमले जो सच्चिदानन्द हुन्,
कान्छा हुन् बुझ वासुदेव, अहिले साना दुवै बाल छन् ।
काका लक्ष्मि प्रसाद ज्योतिष तथा छन् शास्त्रका पण्डित,
ज्ञानी, नम्र, नितिज्ञ जान्नु हसिला हो दोखु मैं वास त ॥१६७॥

जान्नोस् आत्मज तीर्थ राज र ऋषि हुन् पुष्प राज साहिला,
देवेन्द्रै अनि भेष डिल्ली यति हुन् छन् तीर्थ आइ. ए. ठूला ।
छन् राजेन्द्र सुपुत्र एक उनका वांकी ससानै सब,
छन् दामोदरका प्रकाश र मनोज् बस्छन् मणि पुर पर ॥१६८॥

त्यस्तै डोल प्रसाद् प्रदीप दुइ हुन् यी खेमराज्का सुत,
एकै छन् मय नाथ पुत्र अहिले ती इश्वरीका अब ।
पर्मानन्द सुपुत्र एक ति भए नाउ चिरञ्जीवि हो,
उन्का छन् तिन वेद डिल्ली र पछि धर्म प्रसाद् नाम भो॥१६९॥

जै नारायण जेष्ठ हुन् तुलसी औ गंगा तथा याम नाथ,
फेरी धर्म र तीर्थ जान्नु छजना द्वौ शर्मका पुत्र खास् ।
छोरा तिन् जयका भरत् क्रम संगै चक्र प्रसाद माहीला,
कान्छा जान्नु बृहस्पति. तुलसीका भन्छन् छवीन्द्रै ठूला ॥१७०॥

विष्णु लालका सन्तान

श्री नारायण खेम नाथ दुइ थे श्री विष्णु लालात्मज,
नारायण सुत सात पं०जयहरि २ हुन् गोपि कृष्णाऽग्रज ।
साहिला मधु काहिला हरि भए टीका तथा धाम् प्रसाद्,
कान्छा नेत्र प्रसाद गोपि सुतता छैनन् यहाँ आज तक ॥१७१॥

विद्वान् वैष्णव औ सुपात्र कुलका पौराणिकी प्रेरक,
निष्ठा व्यापक शास्त्र चिन्तन हुदा जो धर्मका पोषक ।
निर्णेता पनि धर्म शास्त्र तिरका जान्नोस् यहाँ जै हरि,
सारा ग्रन्थ, पुरण, भारत सबै छन् ज्ञान वाऽपि भभी ॥१७२॥

पाएं पढ्न र धर्म, कर्म तिरमा सत्प्रेरणा जो अघि,
हाम्रा हुन् कुल रत्न जान्नु सबले लेखें यहाँ क्यै कति ।
उन्का आत्मजतिन् हरि क्रमसंगै हुन् डिल्ली राम् खेमराज,
बस्छन् आज रमाइलो वयर वन् तीन् छन् हरि पुत्र खास्॥१७३॥

नाउ हो बूझ मित्र राज क्रमले गोविन्द शान्ति तक,
हुन् नारायण डिल्ली पुत्र, मधुका छन् चार जम्मा सुत ।
नाउ हो यम कान्त लेख क्रमले केवल् र देवेन्द्र हुन्,
त्यस्तै दो हरि कृष्ण का पनि यहाँ चेतन् कुमार मिल्दछन्॥१७४॥

सानिम्वे मधु छन्, हरि सिकिम मा, चार छन् टिकारामका,
भेटें नाम त खोम नाथ यमनाथ, धर्म प्रसाद आजता ।
छैनन् धर्म सुपुत्र जान्नु युव राज् फेरी शरद् नेत्र का,
वस्छन् यी अनि खेम नाथ् सुत सबै पाहाड मैं वंशका ॥१७५॥

वेत्ता कर्मठ खेम नाथ रसिला पैले प्रधान पञ्च थे,
छोरा चार ति मेघ, ठाकुर तथा सोम्नाथ उमानाथ रे ।
एकै पुत्र मिले यता बुझनुहोस् दुर्गा प्रसाद मेघका,
यस्तै यो श्री विलास वंश क्रमले लेखें यहाँ नामता ॥१७६॥

पृथु पुत्र काहिला वेदनिधिको सन्तान

दो छोरा बुझ वेदका त मनरथ् फेरि अवि केशर,
एकै हुन् सुत वाल कृष्ण मन० का इन्का पनि एक र ।
नाउँ हो इनको यहाँ नरपति हुन् विष्णु लाल् डिल्लिराम,
उन्का पुत्र दुई र डिल्लि सुत ता टिका र होम् नाथ छन् ॥१७७॥

टीकाका तिन पुत्र क्षत्रिय भए हुन् मान वहादूर राम्,
लक्ष्मण हुन् बुझहोमका सुतदुई छन् वासुदेव जेष्ठ नाम् ।
द्यौ नारायण जान्नु आखिर भए एती मनोरथ् तिर,
चार छोरा अवि०का त लक्ष्मी र पछि धर्मन्दि भन्ने पर ॥१७८॥

साहींला सुत पशपति र परमानन्दै यहाँ आखिर,
लक्ष्मीका पनि तीन विष्णु र रघु भन्छन् रवि लाल् पर ।
धर्मानन्द सुपुत्र चार क्रमले जेठा खडानन्दन,
पर्शू राम र तेज् नरायण पछि छन् देव नारायण ॥१७९॥

पृथु पुत्र कान्छा अमृत

वेणु हुन् हरि लाल तीन् पशुपतिजीका र लीलाधर,
वस्छन आज मधेस् दमक् नजिक नै कान्छा त आसाम् पर ।
कान्छा अमृतका वसन्त र पछी हुन् डम्मरु वल्लभ,
अप्तालो छ वसन्तको डमरुका भन्छन् थिए तीन् सुत ॥१८०॥

जै नारायण हुन् टिका र पछिका लक्ष्मी प्रसाद भन्दछन्,
छोरा चार् जयका यता बुझनुहोस् जेठा रघु नाथ छन् ।
फेरी हुन् घनश्याम जान्नु युवराज् तेस्रा भए भूमि राज,
लक्ष्मीका सुत हुन् त्रिलोचन पछिछन् पुण्य विष्णु प्रसाद॥१८१॥

सुदर्शन पुत्र माहिला रङ्गुको सन्तान

कान्छा जान्नु भवानीशंकर यति टीका निसन्तान हुन्,
सन्तान अमृतका छ वास हंडिया ऐले यतिनै रछन् ।
जन्मे पांच सुपुत्र रङ्ग तिरका जेठा थिए काशीनाथ,
जै नारायण ३औ कुलान्द २यदुनाथ् ५धर्मन्दि जो नाम खासा॥१८२॥

काशीनाथ सुपुत्र भर्तु उनका बल् भद्र, नारायण,
तिर्लोचन्, छविलाल फेरि क्रमले थे लोकनाथ् अन्तिम ।
श्री वेलास् वलभद्रका नरहरि हुन् पर्शु राम् तीन ता,
दुर्गा देवि र गोपिलाल तिन हुन् वेलासजीका प्रजा ॥१८३॥

मोरङ्मा घरहो सुपुत्र इनका भैंटीन नाऊ अब,
तीन् छोरा नरका भए गणपति २, धर्मप्रसाद् नारद ।
मान्पुर सुन्सरि वस्तछन् अव सबै खोदुम्बु मा पर्शु राम,
डिल्लीराम्, घनश्याम पुत्र दुई छन् मिलेन सन्तान नाम ॥१८४॥

हुन् नारायण पुत्र जान्नु क्रमले राम्लाल्, प्रभाखर् पनि,
एकै राम सुपुत्र ती कपिलता वस्छन् नि कासी पुगी ।
अप्ताली बुझनोस् प्रभाखर जिको चारै त्रिलोचन् सुत,
विष्णुलाल र चन्द्र, टंक रूप हुन्, वर्मापुगी वास छ ॥१८५॥

अप्ताली छविलालको अनि यहाँ ती लोकका पुत्र चार,
जेठा हुन् खगनाथ फेरि क्रमले सन्तानहीन् नन्दलाल ।
सिद्धि कर्ण र फेरि कृष्ण पति हुन् वस्छन् लिखापानि त,
कुल्झोडा खगनाथ को घर भयो हुन् भीम् प्रसाद पुत्रता ॥१८८॥

रङ्गु पुत्र कुलानन्दको सन्तान

एकै हुन् सुत राम चन्द्र बुझनोस् दोस्रा कुलानन्दका,
श्रीलाल् इन्द्र प्रसाद पुत्र उनका दो मात्र हुन् वंशता ।
दाताराम प्रसिद्ध पंडित टुला सौजन्यका पात्र ती,
धामी हुन् कुल देवता खुशिहुने श्रीलालका सन्तति ॥१८७॥

छोरा चार त्रिलोचनै अनि टिका, वाल्कृष्ण,केशव् भए,
बेजम्बू अधिको निवासथल हो ऐले त झापा अरे ।
एकै इन्द्र सुपुत्र कोमल प्रसाद् उन्का भए तीन् सुत,
केदार् मध्य र जेष्ठ हुन् धनपति कान्छा मिलेनन् अब ॥१८८॥

जय नारायणको सन्तान

जै नारायणका सुपुत्र छ थिए तारानिधि आदिका,
माहींला त खडान्द हुन् नरपति फेरी भगीरथ् तथा ।
गौविन्दै बुझ अन्तरे अनि पछि कान्छा टिकाराम थे,
ताराका तिन पुत्र हुन् गणपति श्याम्लाल्, रविलाल् थे ॥१८९॥

अप्ताली दुइ भाइको, तिन भए छोरा रविलालका,
पत्नी हुन् उनकी अतिपतिव्रता ति विष्णुमाया सदा ।
छोरा तीन् जयधर्म, पं०तुलसिराम विद्वान् गुणी वंशमा,
कान्छा हुन् खरिदार नाम जस्को हो देव नारायण ॥१९०॥

चारै छन् जयका घनेन्द्र क्रमले औ भेषराज् मेदिनी,
छोरा विज्ञ सबै मधेश घर हो देवेन्द्र कान्छा अनि ।
सुब्बा स्नातक छन् घनेन्द्र अहिले सत्पुत्र नीराजन,
पढ्दैछन् अरु भाइ वंशक्रममा रुचि छ रातोदिन ॥१९१॥

माधव् औ शिवराज वेणु र टिका कृष्ण प्रसादपाँचनै,
छोरा पं० तुलसी जिका हुन गए सारै हंसीला सबै ।
ऐले माधवका दिनेश पछिका दीपेन्द्र भन्छन् अघि,
सारा वंश प्रकाशमा रुचि लिने छन् भाइ बन्धु जति ॥१९२॥

हाम्रो वंश प्रकाश मा अधिवढी रुचि बढाइ सधैं,
भाई बधू बटुल्न प्रारुपदिने जो योग दानी हुदै ।
जस्का यो सहयोगले अझ यहाँ भेला भयौं हर्दर,
देव् नारायण हुन् सुपुत्र जसका छन् पाँच जो सुन्दर ॥१९३॥

डिल्लीराम, नरेश् नरेन्द्र क्रमले सुरेन्द्र ज्ञानेन्द्र हुन्,
सन्तान् यी रविलालका जति सबै बस्ने धुलाबारि छन् ।
'हाम्रो वंश प्रकाशमा यि सबको रुचि बढोस् सर्वदा',
जान्नू पाँच सुपुत्र फेरि अधिका बुढा खडानन्दका ॥१९४॥

जेठा पुत्र कुवेर औ कुसुमकर अप्तालिका भाजन,
कर्णाखर् अनि डिल्लिराम र उमाकान्तै यहाँ बोधन ।
कर्णाखर् सुत नन्द लाल् नरहरि भोला यिनै तीन हुन्,
छैनन् सन्तति नन्दका, नरहरि जीका छ छोरा रछन् ॥१९५॥

जेठा पुष्पमाणि र रुद्र क्रमले हुन् भेषमणि हुँमणि,
फेरी रेवती अश्विनी मणि भए छन् पुष्प का तीन् अनि ।
जान्नु नाम त मातृका अनि पछि हुन्प्रेम प्रकाश् ओम्प्रकाश्,
त्यसै रुद्र सुपुत्र एक बुझनोस् हो खेमनाथ् नाम खास् ॥१९६॥

कुल् झोडा सब वस्तछन् अब पुगी छन् तीन भोला सुत,
लक्ष्मी, विष्णु र कृष्ण छन् यति जना खोदुम्बूमा बास छ ।
डिल्लीराम सुपुत्र चार् जनकलाल् जेठा निवासी पर,
जै नारायण हुन् कनिष्ठ छविलाल तेस्रा त नारायण ॥१९७॥

राम् सागर् अनि हेम सागर दुई हुन् यी जनक्का सुत
फेरी खेम र तुङ्गनाथ, जय का जन्मे दुवै आत्मज ।
माधव् फेरि नरेन्द्र आखिर नमोनारान् यिनै तीन छन्,
हुन् नारायण पुत्र जन्म थलमा वस्छन् सवै भन्द छन् ॥१९८॥

आसाम्मै छबिलाल छन् तर यहाँ भेटीन नाम् पुत्रको,
उमा नाथ् सुत भीम लाल उनका हुन् सोम नाथ् पुत्र जो ।
चार्भाइ सुत हुन् यहाँ नरपतीजीका भनी जान्नुहोस्,
लक्ष्मीकान्त र हेम लाल पछिका श्रीलाल हुन् मान्नुहोस् ॥१९९॥

दाताराम र लक्ष्मीकान्त दुइका सन्तान छैनन् कुनै,
हेम् नाल्का सुत रंग लाल क्रमले नारद् अनि कृष्ण नै ।
काहींला वुझ वाल कृष्ण क्रमले हुन् मोतिलाल् आखिर,
तीन्हुन् पुण्य र पद्म डम्मरू सवै यो रंगलालात्मज ॥२००॥

कुलझोडा घर हो, यो नारद जीका छन् चार छोरा हरु,
डिल्लीराम४घनश्याम्तथा तुलसीराम्२जेठाभगीरथ्हरु ।
एकै कृष्ण सुपुत्र जान्नु सबले दुर्गाप्रसाद् छन् अरे,
वाल्कृष्णात्मजनाम् मिलेनअहिलेछन् मोतिका तीन रे ॥२०१॥

जै नारायण२ हुन् र पैलि शिवलाल् १कान्छा यहाँ जानीन,
दोखू.मा र मधेशमा पनिकुनै वस्छन् सवै पाइन ।
एकै मात्र श्रीलाल पुत्र वुझनोस् नाऊ महानन्द हो,
उन्का तिन् वुझ पुष्प, सोम, क्रमले रामचन्द्र यै देखियो ॥२०

गौरीशंकर, रंगलाल पछिका कान्छा जगन्नाथ पनि,
ऐती तिन भगिरथ् सुपुत्र क्रमले छन् गौरीका चार् अनि ।
पीतम्बर्४घनश्याम३पण्डित, शुदर्शन् पर्शु राम् ज्येष्ठ हुन्,
हेम्लाल्, टंक र इन्द्र पर्शु सुत हुन् वेजम्बु मैं वस्तछन् ॥२०३॥

दैवी दुर्घटना घटेर विचमा आफै गए माहिला,
पैरामा परिवार साथ सकिए दुर्योगका खेलमा ।
पण्डित् छन् घनश्याम विज्ञ कुलमा हुन् साहिला पुत्र चार्,
कान्छाको त मिलेन नाम यदुनाथ् १चूडामणि२रामलाल् ३॥२०४॥

जान्नू चक्रप्रसाद् पछाडि ऋषिराज् हुन् रंगलाल्का दुई,
पाएं धेर सहयोग वंशहरुको नामावलीमा कही ।
छोरा टंक कुमार पुष्पमणि औ पारस्मणि चक्रका,
पढदैछन् अहिले विराट् नगरमा होस् वंशमा योग्यता ॥२०५॥

छोरा चार् ऋषिका भए वुझनु होस् हुन् लेखनाथ औ उमा,
फेरी तीर्थ र रुद्र हुन् घर यहाँ दूर्गापुरी छेउमा ।
छोरा दो रविचन्द्र फेरि ऋतु हुन् गोविन्द का भन्दछन्,
अप्ताली ऋतुवर्ण को हुनगयो दोटै रविपुत्रहुन् ॥२०६॥

नारायण् अनि लक्ष्मी हुन् तर दुवै आसाम सिङ्रीघर,
वस्छन् आज पुगेर नाम यिनका खोज्दा मिलेनन् तर ।
नन्दीकेशर, जै मणि वरपति औ चन्द्रलाल् चार, हुन्,
टीकाराम सुपुत्र जान्नु क्रमले चार् नन्दीका पुत्र छन् ॥२०७॥

जेठा हुन् रघुनाथ देवि र च्यवन् कान्छा यहाँ जानिन,
देवी छन् हडिया ती भीष्म सुत छन् वांकी यहाँ पाइन ।
अप्ताली जय० को भयो, वरपति जी का भए पुत्र छ,
ती हुन् सोम६र पुष्प५फेरि श्रीप्रसाद्४जान्नु भरत्३मध्यज॥२०८॥

माहींला ऋषिराज इन्द्र अधिका जान्नोस यो व्युत्क्रम,
वस्छन् आज पहाडमैं यिनिहरु जाने सुनेका क्रम ।
जन्मे पुत्र छ चन्द्रका त छविलाल् नागेन्द्र हुन् माहीला,
पीताम्बर क्रमले चिरञ्जीवि,टिका हुन् मुक्ति अखिरका ॥२०९॥

काहिला धर्मानन्द

छोरा छन् जीवनाथ एक छविका जलथल् मधेश् वासहो,
जैं नारायणको विशाल कुलको विस्तार यो लेखियो ।
धर्मानन्द सुपुत्र चार क्रमले हुन् विष्णु लाल् भीम लाल्,
जान्नोस्चन्द्र पछाडिफेरि हरिलाल् छन् विष्णुका पुत्रचार्॥२१०॥

हुन् नारायण, पद्म, पुण्य, र गुरु, षट् पुत्र छन् जेष्ठका,
दुर्गा२ होम१ रभानु भक्त क्रमले हुन् डोरनाथ् नामका ।
टीकाराम र भक्तिराज यि सबै लंका मणीपुर् पुगे,
चारै पद्म सुपुत्र हुन् बुझनुहोम् दुर्गा र केदार् भए ॥२११॥

कान्छा आत्मजसोमनाथ४अधिकातेस्रा चिरञ्जीवि३हुन्,
पोताम्बरअनि बुद्धिभक्ति र टिका चार्पुण्यका भन्दछन् ।
फेरी पुण्य र विष्णु भक्त गुरुका सर्नामती हो पर,
लेखें यो सब विष्णु लाल कुलको हुन् चार भीमात्मज ॥२१२॥

गोपीकृष्ण१, जगन्२ र मित्र४पछिका, द्यौ दत्त हुन् सांहिला,
गोपीका सुत इन्द्रलाल उनका रोहित् मिले पुत्र ता ।
ओम्नाथ् हुन् जगनाथ पुत्र उनका तीन् जेष्ठ नारायण१,
गोपाल् ३ आखिरका र मध्यम कमल् हुन् वंशका साधन ॥२१३॥

धामो थे कुलदेवका अघि कदा द्यौ दत्त चार् पुत्र छन्,
कान्छा खेम४ र नेत्र हुन् धनपति१विद्यापति मध्य हुन् ।
विद्याका पनि होम०द्रोण०क्रमले डिल्ली पिताम्बर् भए,
एकै नेत्रज अम्बिका बुझ यहाँ जाने जती लेखिए ॥२१४॥

राम्लाल् लक्ष्मण औ पछाडि रघुनाथ टीका तथा पर्शु राम्,
कान्छा खेम यि चन्द्रका सुत छ हुन् पाईन बाँकी तमाम् ।
साहींला रघुपुत्र नेत्र पछिका हुन् धर्म, नारायण,
पर्शु० खेम० मिलेन नाम अहिले यो चन्द्रको हो क्रम ॥२१५॥

कान्छा ती हरिलालका दश जना हुन् डम्मरु वल्लभ,
माहींला हरि,भीष्म गोपी५अधिका भन्छन् महेश्वर् सब ।
फेरी विष्णु र पुण्य, नेत्र क्रमले खेम्नाथ् घनश्याम हुन्,
एकै रोहिणी डम्मरु सुतभए दो गोपीका पुत्र छन् ॥२१६॥

जान्नू ती युवराज हुन् अनि मधु, छन् नन्द लाल् विष्णुका,
नाङ्खोल्याङ्सब भाइको घर भयो,काठ्माण्डू छन् भीष्मता ।
बाँकी नाम मिलेन लेख्न क्रमले सानै रहे बालक,
यस्ले गर्छ अवश्य खोज्न सजिलो भन्ने इरादा तक ॥२१७॥

कान्छा यदुनाथ

जम्मा थे छ जना ति पुत्र यदुका हुन् चन्द्रशेखर् १ ठुला,
कान्छा माधव६पूर्वनाम शिव लाल्५हुन् नन्द लाल्४गोकुल ।
माहींला त अनन्तराम बुझनोस् थे चन्द्रका पुत्र दो,
छैनन् सन्तति डिल्ली का, नरहरी१हुन् जेष्ठ सत्पुत्र जो ॥२१८॥

एकै हुन् सुत विष्णु भक्त उनका टीका पछी लेख नाथ्,
चेतन् फेरि कनिष्ठ जान्नु क्रमले गोपाल यी चार खास् ।
तीन् हुन् पुत्र अनन्तका त दिननाथ् दाता र चन्द्रप्रसाद्,
उन्का तीन् सुत बालकृष्ण, तुलसी कान्छा भए मेघराज् ॥२१९॥

छोरा छन् यिनका मिलेन क्रमले हो मेघराजा घर,
दाता, चन्द्र निसन्तति हुन गए विस्तार भो यो सब ।
गोकुल्का दुइ हुन् कुबेर पछिका जान्नोस कर्णखिर,
यस्तै छन् बुझ पाँच् कुबेर सुत ता वेजुम्बु मा हो घर ॥२२०॥

हुन् चन्द्र पर्शु० पछि फेरि नरेन्द्र जान्नु,
यस्तै उमा र छविलाल भनेर मान्नु ।
तीन् पुत्र कर्ण तिर पुण्य प्रसाद जेठा,
द्यौ दत्त फेरि घनश्याम यिनै सुनेका ॥२२१॥

हुन् नन्द लाल सुत एक यहाँ मनोरथ्,
उन्का त डिल्लि,भीमलाल पिताम्बरै खास्।
आसाममा घर छ बाँकी मिलेन नाम,
हुन् पाँच पुत्र शिवलाल तिरै तमाम ॥२२२॥

मार्कण्डेय १, मुकुन्द ३,हुन् नरहरि२चौथा कुलानन्द४हुन्,
अंगीरथ् ५ पछिका सुपुत्र दुइ छन् ती धर्म औ चन्द्र हुन्।
बुद्धि एक कुलान्दका, नरहरी जीका दुई जानिए,
कान्छा रुप र जेष्ठ होम, बुझनोस् हुन् होमका डिल्ली रे ॥२२३॥

कुल झोडा घर आज हो यि सबको, कान्छा महानन्दका,
नारायण् अनि चित्र, पद्म तिन हुन् बेजम्बूमा बासता।
इन्का छन् अरु पुत्र नाम न मिली विस्तार यस्तै भयो,
रङ्गूका सब सन्तति, बुझनुहोस् त्रुटो क्षमा जो भयो ॥२२४॥

सुदर्शन पुत्र साहिला हिर्दूको सन्तान
इलाम तोरीवारी

हिर्दूका सुत लक्ष्मीकान्त, उनका हुन् ब्रह्मलाल् एक नै,
उन्का पाँच सुपुत्र छन् बुझनुहोस् हुन् तीर्थराज् जेष्ठ चैं।
फेरी हुन् थिरराज, रंग, क्रमले हुन् नन्दलाल् काहिला,
कान्छा आखिर जान्नुयज्ञनिधि हुन् मीले यति नै यहाँ ॥२२५॥

विश्वंभर पुत्र माहिला रामभद्रको सन्तान, साँधू

सिम्ले वाट हिडेर रम्य रसिलो ठोट्ने छ साँधू महाँ,
वस्ने वास घडेरि त्यो अघि गरे रांभद्र ले वंशमा।
छोरा यज्ञ निधि खडान्द पछिका कान्छा श्री कान्तै भए,
इन्कै सन्तति फैलिए सब तिरै लक्ष्मी निसन्तान थे ॥२२६॥

मुक्तिनाथको सन्तान

जान्नु पाँच सुपुत्र यज्ञनिधिका हुन् मुक्तिनाथ् लक्ष्मिनाथ,
काशीनाथ.ऋतुपछाडि श्रीविलास् यी सन्ततिजान्नु खास।
मुक्तिनाथ सुपुत्र ता धनपति 'भास्कर' पनि भन्दछन्,
डिल्लीराम कनिष्ठ जान्नु क्रमले लक्ष्मीनरायण् रछन् ॥२२७॥

छोरा भास्करका मिलेन क्रमले ती डिल्लीका चार छन्,
माहीला सुत ता मनोरथ अनि जेठा खडानन्द हुन्।
साहिला अनिचन्द्रलाल पछिका कान्छा भए नन्दलाल,
चारै पुत्र भए यता बुझनुहोस् जेठा खडानन्द साथ ॥२२८॥

इच्छाराम३मकर्४तथा जनकलाल् फेरी महानन्द२ हुन्,
एकै पुत्र भए यता जनकका गोविन्द, चार् पुत्र छन्।
इच्छाराम र फेरि यादव अनी हुन् नन्दलाल् मध्यज,
गायत्री त कनिष्ठ हुन् अनि यता, दो छन् महानन्दज ॥२२९॥

जान्नू ती पनि इन्द्रलाल पछिका नारद् छ आसाम् घर,
इच्छाराम सुपुत्र नाम न मिल्यो,छन् पाँच् मकर्का तर।
गायत्री२अघि लोकनाथ,गिरिधर् हुन् भोलनाथ् पर्शुराम्,
भानु भक्त र चन्द्रलाल दुइ हुन् ती लोकका पुत्र नाम् ॥२३०॥

जान्नू पाँच मनोरथात्मज पनि धर्मान्द जेठा भए,
फेरी हुन् हरिलाल जान्नु भगिरथ्,नारद्, न कान्छा मिले।
धर्मानन्द भूटानमा र हरिका लीला प्रसाद् आत्मज,
लीलाका पनिहुन् भवानि, यदुनाथ्, एकै भगीरथ् सुत ॥२३१॥

नाऊँ बुद्धि प्रसाद, नारद प्रजा एक् प्रेमलाल् भन्दछन्,
उन्का देवी चरण् १र वेद निधि३हुन् औ खेमराज्२मध्यछन्।
जन्मे तीन् सुतचन्द्र लाल तिर ता हुन् पद्म लाल्३माधव२,
जेठा जान्नु बृहस्पति र इनका सन्तान् मिलेनन् अब ॥२३२॥

माधव्का सुत देवदत्त उनका तिन् शान्तिराम् पैलिका,
टीकाराम र वेणुदत्त यि भए पाईन क्वै पद्मका ।
दो हुन् नन्द प्रजा, प्रजापति अनी जेठा मनोहर् पनि,
पाँच् छन् जान्नु प्रजापति सुत यहाँ जेठा दिनानाथ्भनि ॥२३३॥

गायत्री३अनि जान्नु लक्ष्मण२यता छन् देवकुमार्यस्पछी,
लीलावल्लभ हुन् कनिष्ठ, यसरी आठ् छन् मनोहर् पटि ।
भोलानाथ, कुमार हुन् तुलसी औ चौथा युधिष्ठिर् गन,
फेरी कृष्ण र पुष्पलाल क्रमले हुन् रामप्रसाद्, लक्ष्मण ॥२३४॥

मुक्तिनाथका कान्छा छोरा-लक्ष्मीनारायणको वंश

ठोट्ने बाट हिडेर लक्ष्मो अघिनै लिङ्से पुगेछन् पर,
छोरा नौ बुझ रंगलाल्, पशुपति, जैधर्म तेस्रा तर ।
जैनारायण हुन्, अनन्त क्रमले हुन् वर्मलाल् नामका,
काशीनाथ्८,बलराम७हुन् र घनश्याम् नाऊँसबै वंशका॥२३५॥

पाँच् हुन् रंग सुपुत्र जान्नु दधिराम् औ धन्पति मध्यज,
साहींला त प्रजापति र क्रमले हुन् लोक, भागीरथ ।
तीन् छोरा दधिका त होम३र प्रभा२ कुल्चन्द्र जेठा भए,
एकै नै धन पुत्र देखिन गए नाऊँ चिरञ्जीवि रे॥२३६॥

भन्छन् तीन् सुतहुन् प्रजापतिजिका एकै मिले लोकनाथ्,
काहींला बुझ लोकनाथ तिरका पाँच् पुत्र छन् नाम खास् ।
जान्नू जेष्ठ त बालकृष्ण क्रमले हुन् टेकनाथ् चन्द्रलाल्,
लक्ष्मण् हुन् अनि लालचन्द्र,भगिरथ् आसाममा बासखास् ॥२३७॥

पशुपति सुत दो हुन्, छन् पछाडी भवानी,
प्रथमत जयमंगल् १वास आसाम जानी ।
अरु सुत कति के छन् नाम नै पाइएन,
क्रम संग जति मिल्छन् बाँकि क्यै लेखिएन॥२३८॥

जान्नू सुपुत्र क्रमले जयधर्मका दो,
राम्कृष्ण२फेरि अघि देविचरण् भनीयो ।
छन् चार देवि सुत जेष्ठ हरिप्रसाद,
हुन् देवराज, यदुनाथ्, जगनाथ खास ॥२३९॥

रामकृष्ण पुत्र, युवराज् अनि भेषराज,
वस्छन् सबै पुगी असम् परिवार साथ ।
अप्तालि हो क्रम अनन्तर वर्म लाल्को,
सात् पुत्र हुन् जय नरायणको भनीयो॥२४०॥

मार्कण्डेय २ पछाडि हुन् अघि टिका छन् नन्दिकेशर् अनि,
नारद् फेरि यता क्रमै संगभए गोविन्द भन्छन् पनि ।
जान्नू हुन् धरणी धरै अनि यहाँ कान्छा भगीरथ् भए,
टीकाराम सुपुत्र सात गनिए तो भीमप्रसाद्, डिल्लो थे ॥२४१॥

रूप्नारायण, होम्प्रसाद क्रमले हुन् कृष्ण विष्णुप्रसाद्,
सीताराम कनिष्ठ हुन् बुझनुहोस् यी जेष्ठका पुत्रखास ।
मार्कण्डेय सुपुत्र आठ छविलाल् हुन् शान्तिराम् औ रवि,
प्रेम्लाल् हुन् अरु नाम चार सुतका यहाँ मिलेनन् पनि ॥२४२॥

नन्दीकेशर पुत्र नाम नमिले, हुन् तीन नारद् सुत,
जेठा ईश्वरि हुन् पछाडि क्रमले गोपाल् मिलेनन् सब ।
भूटान्मा घर हो, सुपुत्र क्रमले हुन् चार गोविन्दका,
भोलानाथ र नन्दलाल पछिका हुन् बच्चु कैलास् यता ॥२४३॥

आसाम्मा घर हो, भूटान धरणी छन् पुत्र तीन् रोहित,
बाँकी नाम मिलेन, पुत्र दुइ छन् एता भगीरथ् सित ।
पर्शुराम र विष्णु जान्नु बलराम् देखिन्छ सन्तान पाँच्,
जेठा जान्नु प्रजापति र क्रमले हुन् इन्द्रलाल् मध्यज ॥२४४॥

फेरी कोमलनाथ केशव पछी हुन् भोलनाथ् आखिर,
छोरा छन् छ प्रजापति तिर पनि हुन् भीमलाल् जेष्ठ र ।
जान्नु ज्ञानप्रसाद, कान्ति र पछी गोपाल, यादव्. प्रकाश्,
जम्मा पुत्र छ इन्द्रलाल तिर हुन् भन्छन् यहाँ पुत्रखास् ॥२४५॥

जेठा हुन् जगदीश, तीर्थ क्रमले फेरी युधिष्ठिर हुन्,
भन्छन् वेद, कमल् प्रसाद, पछिका ती चन्द्रमा भन्दछन् ।
वस्छन्कोमलनाथ् विराट नगरमा छन् विश जो वंश,
यो वंशावलिको प्रकाशन महाँ दिन्छन् इरादा सदा ॥२४६॥

आफैं मुद्रक भै प्रकाशनगरी वंशावली छाप्नमा,
राख्ने लक्ष्य पवित्र जान्नु सबले कोमल् स्वयं वंशमा ।
जेठा दुर्गप्रसाद फेरि पछिका गोविन्द दो पुत्र छन्,
वाँकीका अरु सन्तति हरु यहाँ भेटीन को के र छन् ॥२४७॥

काशीनाथ सुपुत्र एक बुझनोस् नाऊ उमाकान्त हो,
जान्नू केशव भेषराज उनका यो लक्ष्मीकोवंश भो ।
माहीला अघि लक्ष्मीनाथ तिरको अप्तालिभो जान्नुहोस्,
साहीला सुत काशिनाथ तिरको लेखिन्छ यो हेर्नु होस् ॥२४८॥

साहिला काशीनाथको सन्तान

कर्नाखर् सुत, काशिका बूझनुहोस् उन्काभए पाँच् असल्,
नारद् हुन् नरनाथ फेरि कपिलै मूनि, रवि, नन्दलाल् ।
नारद्का पनि सात हुन् ति मनरथ्, धर्मन्दि, देवर्षि हुन्,
फेरी ती शशिधर्,नरेन्द्र,रघुनाथ् कान्छा निधीनाथ छन्॥२४९॥

जान्नू योग र देवि,मेदिनि,मदन,लक्ष्मण् यि पाँच् धर्मका,
जेठा योग पटि नगेन्द्र र पछि अर्जुन् दुवै पुत्र ता ।
जान्नोस् हुन् ठमनाथ देवि दुवै यि जो मोदिनी पुत्र चैं,
छोरा हुन् शिव औ टिका मदनका वस्छन् तकीया सवै ॥२५०॥

केदार्५देखिखडान्द४हुन् नरपति३,होम्नाथ२,हरि पाँच छन्,
काहींला शशिधर् सुपुत्रहरु यी वर्मा पुगी वस्तछन् ।
टीकाराम्,मयनाथ,काशी,वलराम्५,ओमनाथ४नरेन्द्रात्मज,
रूप्नारायण २, केशवै १, मयप्रजा वस्छन् हुंडिया सब ॥२५१॥

छोरा प्रेमप्रसाद, पुष्प, निधिका मोरङ् तकिया घर,
अप्ताली अरु तीनको बुझनुहोस् लेखें सुनेका तर ।
माहींला नरनाथका दुइ भए ती अग्निधर् लक्ष्मण,
अग्निका सुत नेत्र हुन् झिनझिले हो घर् सवै सज्जन ॥२५२॥

उन्का कृष्णपति र खेम विचका कान्छा त पीताम्बर,
लक्ष्मण्का तिन जैप्रसाद क्रमले हुन् छत्र होम्नाथ् पर ।
सौंठा म घर हो समस्त यिनको जाने जती लेखियो,
साहीला त कपिल् मुनि बुझनुहोस् सात् मेडिमा वास हो॥२५३॥

छोरा तीन् बुझनोस् यता कपिलका हुन् जेष्ठ लक्ष्मीप्रसाद,
लीलानाथ पछाडि छत्र पति हुन् जान्नोस् सवै वंश खास् ।
घेरै याद थियो समस्त कुलको नामावलीको क्रम,
दिन्थे चाख सधैं यता कपिल जी संज्ञाउथे सत्क्रम ॥२५४॥

पण्डित् लक्ष्मिप्रसाद योग्य कुलमा सन्तान छन् पाँच नै,
जान्नू ती जिवलाल फेरि क्रमले दुर्गा र नारायणै ।
काहीला मुरली पछाडि गिरिराज्, हुन् एक डोलेश्वर,
छोरा ती जीवलालका बुझनुहोस् सात् मेडिमा हो घर ॥२५५॥

लीलाका पनि पाँच पुत्र क्रमले हुन् राम्प्रसाद् भोलनाथ्,
टीकाराम र डुण्डिराज पछिका कान्छा भए झूमनाथ् ।
पाँचै छत्र सुपुत्र देखिन गए हुन् प्रेमनारायण,
फेरी यज्ञनिधि तथा गुणनिधि भन्छन् यहाँ साथमा ॥२५६॥

काहीला सुत हुन् यहाँ मुरलिधर् फेरि गिरीधर् पर,
ठोट्ने मैं घर आज जान्नु इनको लेखें गरी तर्खर ।
काहींला रविलालका छ सुत हुन् नैनप्रसाद ज्योतिखर,
पर्शू राम्४,अनिरुद्ध५हुन् र हरिलाल्३इन्द्रप्रसाद् आखिर॥२५७॥

रामैकान्त त नैन पुत्र उनका चार् द्रोण, योगेन्द्रहुन्,
कान्छा देवि४र होमनाथ३पहिले सात् मेडिमा वस्तछन् ।
ज्योतिखर् सुत कृष्णराज२,युवराज्१हो वास गौरादह,
बुद्धि फेरि पीताम्बरै र उमनाथ् हुन् यी हरिलाल् सुत ॥२५८॥

पर्शू राम् सुत-शान्तिराम,तोयनाथ् हुन् गोपी कृष्णै पनि,
जान्नूहोस् अनिरुद्धका त डमरु हुन् देवनाथै अनि ।
विष्णुलाल र खेमलाल पछिका हुन् चन्द्रलाल् इन्द्रका,
ठोट्ने मैं घर हो यसोरि रविका सन्तान छन् देखिदा ॥२५९॥

कान्छा नन्द सुपुत्र सात बुझनोस् हुन् पर्शु राम्,राम्प्रसाद्,
देवी,प्रेम,अनील,पद्म,शिवराज्,यिन्को मधेश् मैं छ वास् ।
पर्शु का छजना ति सूर्यमणि, औ दुर्गा र केदार हुन्,
काशीनाथ५,खडान्द४,लेख६यि सबै गौरादहै बस्तछन् ॥२६०॥

पाँच् हुन् राम सुपुत्र केशव पछि हुन् शान्ति, गोपाल ता,
फेरी हुन् यदु, वेद, जान्नु क्रमले मोरङ् तिरै वास ता ।
देवीप्रसाद सुततीन् बुझ राम्प्रसाद,
हुन् होमनाथ अनि वेदप्रसाद साथ ॥२६१॥

हुन् प्रेम सागरजिका दुइ चेत्प्रसाद,
कान्छा त ईश्वरप्रसाद भनेर खास ।
राजेन्द्र हुन् अनिलका, हरि पद्मका हुन्,
हुन् मित्र, प्रेम, शिवराज सुपुत्र भन्छन् ॥२६२॥

पहाड वास अघिको सब छोडि आज,
छन् सात मेडि नजिकै सब एक साथ ।
काहीला ऋतु पुत्र तीन क्रमले जेठ खडानन्द हुन्,
कान्छा कृष्णपती तथा नरपती हुन् माहिला भन्दछन् ॥२६३॥

छोरा छन् छ हरिप्रसाद्, मदुसुदन्, लक्ष्मी र अग्निप्रसाद,
फेरीहुन् जय अन्तरे र पछिका कान्छा त कृष्णप्रसाद ।
यी जान्नोस् खडुका, सुपुत्र मधुका हुन् रामप्रसाद् एक नैं,
उन्का तीन् सुत हुन् किशोर क्रमले हुन् रोहिणी,राम नैं॥२६४॥

बंगाल्मा घर हो, सुपुत्र दुइ छन् लक्ष्मीप्रसाद्का पनि,
जान्नू पण्डित ती नरेन्द्र र पछी विष्णुप्रसाद् हुन् अनि ।
पंडित् छन् रसिला सुयोग्य कुलका ज्ञाता र शिक्षाप्रद,
छन् विद्या गुरु यी सुबाल्यपनका मेरा, म पढ्थें जब ॥२६५॥

जान्नू सप्त नरेन्द्र पुत्र क्रमले भन्छन् दया, भीमप्रसाद्,
फेरी राम र मित्र, नन्द क्रमले हुन् धर्मराज् यम्प्रसाद् ।
राधाकृष्ण २ र कृष्ण १,सोम तिन हुन् भन्छन् दयाका सुत,
कान्छा विष्णुप्रसादपण्डित स्वयं, भन्छन् छ छोरा सब ॥२६६॥

डिल्लीराम२चिरञ्जीवि दुइ मिले बाँकी मिलेनन् यहाँ,
बरछन् आज पहाड मैं थिनिहरु, दो अग्निका पुत्र ता ।
लम्बोदर् तिलचन् मधेश अहिले झुम्का बसोबास छ,
त्यस्तै छन् जय पुत्र फेरि छ जना इन्द्रप्रसाद् जेष्ठ त ॥२६७॥

जान्नू चन्द्र पछाडि फेरि क्रमले वाचस्पति राम्प्रसाद्,
उमाकान्त र होमनाथ यी भए, हुन् चन्द्रका भीम्प्रसाद् ।
जान्नू कृष्णप्रसाद पुत्र दुइ हुन् जेठा भवानीप्रसाद्,
कान्छा ता बुझ खेमनाथ यति हुन् सन्तान् खडानन्द साथ् ॥२६८॥

नरपति दो हुन् जेष्ठ ता शिव्प्रसाद,
कुलमणि, शिवका दो जान्नु टंकप्रसाद ।
अनि पछि रघुनाथ् हुन्,जान्नु चिन्तामणि ता,
कुल मणि सुत भन्छन् वास मोरङ् भएका ॥२६९॥

जान्नू कृष्णपती सुपुत्र हरु आठ् हुन् पश्पती आदिका,
माहीला सुत होमनाथ क्रमले हुन् देव त्रैलोक्य ता ।
फेरी तर्कमणि पछाडि ऋषि हुन् औ कोषराज् हुन् गणेश्,
एकै हुन् सुत यी यता पशुपतिजीका अगम्लाल खास् ॥२७०॥

वस्छन् आज यता पुगी इटहरा छन् चित्र, पारसमणि,
छोरा पाँच ति होमनाथ तिर छन् हुन् भानु भक्तै अनि ।
फेरी देवि प्रसाद हुन् र यमनाथ् जान्नू पिताम्बर् अनि,
काशीनाथ कनिष्ठ हुन् यिनि सबै पाहाड मैं छन् पनि ॥२७१॥

तीन् हुन् देवज खेमनाथ क्रमले हुन रामप्रसाद् मध्यज,
कान्छाको तर नाम मिल्न नसक्यो आसाममा वास छ ।
जान्न् पंच प्रधान तर्कमणि हुन वंशावली पूरक,
दिन्छन् रुचि सदैव, वंश हरुका अध्यक्ष हाम्रा अब ॥२७२॥

छोरा हुन् दुई ती मनोज र पछी भूपेन्द्र भन्छन् यहाँ,
जान्नू घर् 'चतरा' छ आज यिनको लेखिन्छ यो वंशमा ।
भन्छन् चण्डिप्रसाद फेरि पछिका सन्तोष् ऋषिका दुवै,
एकै पुत्र उमेश कोषतिरका दो हुन् गणेश् पुत्र नैं ॥२७३॥

जेठा हुन् हुत राज, राजन पछी वस्छन् 'चतारा' घर,
एती हुन् ऋतु पुत्र कृष्ण पतिका सन्तान लेखे सब ।

कान्छा श्री बिलासको सन्तान

कान्छा हुन् श्री विलास पुत्र तिन छन् जेठा भगीरथ् तथा,
जै नारायणका सुपुत्र न भए, कान्छा मनोरथ् यता ॥२७४॥

नैनानन्द भवानि, पूर्ण, धन ता अप्तालि नैं देखिए,
एकै यज्ञनिधि चिरायु भगिरथ्जोका यहाँ भेटिए ।
उन्का भीमप्रसाद, पद्म दुइ छन् भीम् पुत्र ता यम्कुमार,
लेटाङ् हो घर ता मनोरथजिका दो पुत्र छन् तीतर ॥२७५॥

कान्छा हुन् रविलाल आज उनिता छन् लापता भन्दछन्,
जेठा रामप्रसाद पुत्र छ जना सौंठा तिरै वस्दछन् ।
जेठा हुन् हरि, भीम्प्रसाद क्रमले जान्नोस् भवानी पनि,
फेरी तीर्थ पछाडि हुन् जनकलाल् औ तोयनाथ् छन् अनि ॥२७६॥

छैनन् ती हरि पुत्र भीम सुत तान् दीपेश्, दिनेश् हुन् गणेश्,
हुन् तेजेन्द्र त तीर्थ पुत्र अरुको जानीन नाम् आज खास् ।
माहीला सुत रामभद्र खडुको अप्तालि भो भन्दछन्,
कान्छा साँधु अवि त्यजेर पर गै श्रीकान्त वस्तारछन् ॥२७७॥

रामभद्र पुत्र श्रीकान्तको सन्तान इलाम "प्रेमेजुङ"

प्रेमेजुङ् छ इलाममा सुरसिलो गाऊँ वडो रम्यता,
वस्छन् घेर जहाँ सुरम्य कुलका श्रीकान्तका वंशता ।
छोरा पाँच भए प्रशस्त उनका जेठा त जै मंगल,
टीकाराम र चन्द्रलाल् अनि प्रजा छोरा भए काहिला ॥२७८॥

गौरीकान्त कनिष्ठ हुन इ सबका सन्तान छन् व्यापक,
जै मंगल् सुतपाँच देखिन गए यो वंशमा सार्थक ।
जेठा 'लप्टन' हुन् मधु अति ठुला नामी भए वंशमा,
फेरी लक्ष्मीप्रसाद जान्नु क्रमले गोविन्द, सेतू यहाँ ॥२७९॥

कान्छा हुन् अनि काशिनाथ यति नैं, तीनैं मधु पुत्रता,
देवी भक्त कनिष्ठ यज्ञनिधि औ रामचन्द्र थे जेष्ठ ता ।
छोरा रामज सूर्यभक्त पछिका, जेठा महेश्वर भए,
हेमन्तै र वसन्त आखिर वसेन् यो जेष्ठका पुत्र रे ॥२८०॥

माधव्, केशव, कृष्ण सूर्य सुत हुन्, नौ यज्ञका सन्तति,
पण्डित् रामप्रसाद्, महेश्वर अघि,माधव्, जयद्रथ् पनि ।
सारा वंश श्रीकान्तको गुणी धनी विद्यानुरागी अब,
बस्छन् घेर मधेशमा पनि पुगो राख्दै पुरा गौरव ॥२८१॥

उदयराज, युवेन्द्र भए अनि,
तुलसी- राम छवीन्द्र भए पछि ।
बुझनु खड्गबहादुर हुन् पर,
सुत छवीन्द्र यहाँ बुझ माधव ॥२८२॥

दुर्गा जान्नु महेश्वरात्मज यहाँ उन्का त नारायण,
रामका हुन् सुत वासुदेव र शरद् फेरी विदूर् अन्तिम।
छैनन् माधव पुत्र फेरि जयका जम्मा छ भाइ भए,
ती हुन् सूर्यमणि १ र छत्रमणि ३ औ केशव् २ अघीका भए ॥२८३॥

काहीला घनश्याम होम क्रमले कान्छा भए खेमनाथ्,
तारानाथ् सुत एक हुन् उदयका छन् भद्रपुर आज खास् ।
छोरा जान्नु युवेन्द्रका थिरकुमार् औ यामप्रसाद् भन्दछन्,
फेरी भास्कर २ औ प्रकाश १ दुइ नै तो खड्गका गन्दछन् ॥२८४॥

देवीभक्त सुपुत्र पाँच बुझिए जेठा खगेन्द्रै भए,
फेरी हुन् छविलाल् नरायण पछी हुन् रेवतीराम रे ।
जान्नू यै क्रमले जनार्दन भए कान्छा नरेश् आखिर,
छोरा हुन् खगका मुकुन्द, अरुका सन्तान् मिलेनन् तर ॥२८५॥

हुन् नारायणका रमेश र पछी रोशन् दुवै आत्मज,
जान्नुहोस् मधुसन्तति यति सबै हुन् वंश विस्तारक ।
लक्ष्मी कान्त सुपुत्र पाँच अघिका हुन् मुक्तिनाथ् जेष्ठता,
विष्णुकान्त पछी मनोहर भए चौथा उमाकान्त ता ॥२८६॥

कान्छा जान्नु चूडामणि, ति अघिका हुन् मुक्तिका पाँच नै,
नन्दीकेशर कृष्णलाल क्रमले भन्छन् भवानी संगै ।
फेरी पद्म प्रसाद हुन् र पछिका लक्ष्मीप्रसाद् जान्नुहोस्,
गंगा फेरि गणेश, नन्दि सुत दो लेखें यहाँ मान्नु होस् ॥२८७॥

एकै कृष्णज हुन् महेश्वर, पछी तीन् हुन् भवानी प्रजा,
जेठा यादव हुन् पछी सलक छन् कान्छा भए याम ता ।
जान्नु रुद्रकुमार चेतनकुमार् हुन् सोमनाथ् साहिला,
कान्छा पुत्र मुकुन्द चार यि सबै छोरा भए पद्म का ॥२८८॥

लक्ष्मी पुत्र त धर्मराज अहिले याङ्गाऊँमा बस्तछन्,
विष्णुकान्त सुपुत्र चार यि सबै झापातिरै बस्तछन् ।
गंगाधर १ पछि सूर्यभक्त ३, पहिले हुन् कृष्णलाल् २ हेमनाथ् ४,
गंगाका सुत सोमनाथ पछिका भन्छन् खडानन्द खास् ॥२८९॥

डिल्लीराम र फेरि आखिर भए गोपाल यी चार नै,
जान्नू सोम सुपुत्र तीर्थ क्रमले दो हुन् खडानन्द कै ।
तीहुन् जेष्ठ प्रदीप् मनोज पछिका छन् कृष्णलाल् पुत्र दो,
नाऊँ ता तिनको क्रमै संग यहाँ वाचस्पति, चन्द्र हो ॥२९०॥

छोरा दो बुझ सूर्य भक्त तिर छन् जेठा गजाधर् भए,
कान्छा चन्द्रप्रसाद छन् र उनका तीन् पुत्र नै जन्मिए।
जीवन् राज सुरेद्र फेरि पछिका वीरेन्द्र भन्छन् यता,
अप्ताली बुझ होमनाथ तिरको हुन् विष्णु सन्तानता ॥२९१॥

साहीला अघिका मनोरथ जिका पट् पुत्र थे भन्दछन्,
जेठा चन्द्रप्रसाद हुन् हरिप्रसाद् औ डिल्लीराम् मान्दछन्।
फेरी चन्द्रप्रसाद् पछाडि घनश्याम् कान्छा नरेन्द्रै भए,
अप्ताली दुइ चन्द्रको, हरिप्रसाद् आसाम वासी भए ॥२९२॥

एकै छन् घनश्यामका सुत यहाँ नाऊ त गोविन्द हो,
एतीमात्र मिलो मनोहर जिको लेख्छु उमाकान्तको ।
एकै मात्र सुपुत्र जान्नु दिननाथ भन्छन् उमाकान्तका,
छन् शिक्षा, गुण ज्ञानका अतिघनी हुन् रत्न यी वंशका ॥२९३॥

धेरै वर्षयता पदोन्नति भई छन् मा० वि० प्राध्यापक,
शिक्षा दान, समाज सेवन, सधैं गर्छन् सुधारात्मक ।
यो वंशावलिमा अपार रुचिले हुन्छन् सधैं तत्पर,
ऐले गौरव साथ बास जसको झापा धुलावारि छ ॥२९४॥

धरै चाख दिएर आज जसले कर्तव्यमा निष्ठ भै,
हाम्रो वंश प्रकाशमा श्रम, रुचि, औ सम्पदा युक्त भै ।
साराभार लिई सचिवपदको, औ अर्थको योगले,
टूलो कार्य हुदैछ आज सबको, संझौ मनोयोगले ॥२९५॥

'छोरा छन् उनका त रुद्र र रमेश पत्नी दुई साथमा',
कान्छा ती अधिका चुडामणिजिका पाँचै भए पुत्र ता ।
ती जान्नू ध्रुवलाल् पछाडि क्रमले गंगाप्रसाद वेद् प्रसाद,
केशव् ओ युवराज बाँकियिनको पायौंन सन्तान साथ ॥२९६॥

गंगाधर् बलभद्र औ नरपति गोविन्दका पुत्र तीन्,
गंगाका पनि भीम वेदनिधि औ धर्म प्रसाद भन्दछन् ।
जान्नु प्रेमप्रसाद औ हरिप्रसाद् सागर् यी भीमत्मज,
जेठा तीर्थ प्रसाद फेरि क्रमले बालकृष्ण ता वेदज ॥२९७॥

भन्छन् धर्म सुपुत्र चार घनश्याम् शम्भु भए माहिला,
लक्ष्मीकान्त र फेरि जान्नु युवराज् षट् पुत्र बलभद्रका ।
जेठा देवि प्रसाद् महेश्वर पछी पं० नन्दलाल् अम्बिका,
फेरी इन्द्र तथा भए जयप्रसाद् षट् पुत्र नै देविका ॥२९८॥

हुन् भेषराज अनि डोर प्रसाद खास,
भन्छन् पछी तुलसी राम र डाकप्रसाद ।
ठाकुर् प्रसाद पछिका अनि लीलनाथ,
जान्नोस् महेश्वरप्रजा पनि डिल्ली२,रुद्र१॥२९९॥

छन् नन्दलाल सुत तिन् त अनन्त, टीका,
हुन् लक्ष्मीकान्त कुल विज्ञ र वंश ख्याता ।
छन् अम्बिका सुत दुवै बुझ तीर्थराज,
कान्छा भुवेन्द्र दुइ इन्द्र सुपुत्र आज ॥३००॥

कृष्णप्रसाद पछिका बुझ लक्ष्मिभक्त,
भन्छन् दुवै जय सुपुत्र त टेकनाथ ।
हुन् सोमनाथ पछि फेरि यहाँ मिलेका,
आसाम छन् नरपति अघि नै बसेका ॥३०१॥

गोविन्दका यति भए बुझ सन्तति ता,
लेखिन्छ सेतु सुत छन् जति जे मिलेका ।
छन् चार हुन् पशुपति र कुल प्रसाद,
औ पद्मलाल र महेश्वर पुत्र साथ ॥३०२॥

क्षत्रीय छन् पशुपति सुत तीन् युवेन्द्र,
जान्नोस टेक पछि पद्म बहादुर त ।
भन्छन् सुपुत्र कुलका तिन मात्र आज,
इन्द्रप्रसाद, मधुहुन् हरिलाल खास ॥३०३॥

नेत्रप्रसाद, युवराज् सुत पद्मलालका,
के छन् महेश्वर सुपुत्र यहाँ नमिल्दा ।
छैनन् सुपुत्र बुझनोस् अनि काशिनाथ,
लेखें समस्त जयमंगलको सुवंश ॥३०४॥

टीकारामको सन्तान

टीकाराम सुपुत्र सात मनरथ् हुन् मोतिखर्, नन्दलाल्,
नैनानन्द, खड्ड, तथा गणपति कालु निसन्तान हाल्।
छैनन् सन्तति नन्दलाल,खड्डपछी, नैनान्दका जान्नु होस्,
छोरा लक्ष्मी र भीमलाल मनरथ् जीका दुवै मान्नुहोस् ॥३०५॥

छैनन् सन्तति लक्ष्मिका, तीन भए छन् भीमका आत्मज,
गोपाल्२कृष्ण र पुष्पलाल२अघिका हुन् रामनाथ्१जष्ठत।
राधाकृष्ण त रामनाथ सुत हुन् उन्का गणेश् पुत्र ता,
भन्छन् पुष्प सुपुत्र पाँच क्रमले गंगाप्रसाद मातृका ॥३०६॥

हेमन्तै अनि हुन् मुरारि पछिका भूपाल हुँदा भए,
गोपाल्का सुत एक नै बुझनुहोस् देवेन्द्र यी देखिए।
भन्छन् जेष्ठ अभिनरायण पछी नारद् दुवै मोतिका,
जान्नू तीन् अभिपुत्र हुन् क्रमसंगै जेठा टिकाराम ता ॥३०७॥

फेरी हुन् क्रम ब्रह्मलाल छविलाल् अन्यत्र गै वस्तछन्,
एकै वेद प्रकाश जान्नु छविका मात्रै यहाँ मिल्दछन्।
नारद्का पनि डिल्लीराम पछिका होम् कर्ण हुन् जाननू,
डिल्लीका सुत हुन् खगेश्वर भनी यै मोतिका माननू ॥३०८॥

भन्छन् चार सुपुत्र हुन् गणपतिजीका यहाँ वेद्निधि,
फेरीडम्मरु वल्लभै र क्रमले दुर्गा र ज्ञानै पनि।
तीन्हुन् वेद सुपुत्र जान्नु गिरिराज् केदारनाथ् हुन् अनि,
कान्छा पुत्र यता भए नरमणि, दो छन् गिरीका पनि ॥३०९॥

राधाकृष्ण२अगाडि जान्नु डुकराज्१,केदारका एक छन्,
नाऊँ हो युवराज, डम्मरुजिका नौ पुत्र छन् भन्दछन्।
जान्नूहोस् अब चन्द्रकान्त भगिरथ् श्याम्लाल,पद्म प्रसाद्,
फेरी प्रेमप्रसाद इन्द्र पछिका तीन् क्षत्रियै जान्नु खास् ॥३१०॥

हुन् देवेन्द्र वहादुरै र पछिका केदार, ठाकुर् पनि,
दुर्गाका सुत पाँच जान्नु जिवनाथ् हुन् रामप्रसाद त्यस्पछी।
साहीला बुझ हुन् प्रभाकर पछी भन्छन् नरेन्द्र अनि,
देवी गंज निवास जान्नु सबको कान्छा मिलेनन् पनि ॥३११॥

भन्छन् ज्ञान सुपुत्र चार पहिले पुष्य प्रसाद् औ कमल्,
फेरी धर्म प्रसाद् पछाडि क्रमले हुन् चेतनाथ् जान्नु साथ्।
टीकाराम सुवंश आज यति भो जाने सुनेका यहाँ,
साहींला अब चन्द्रलाल सुतको लेखिन्छ संक्षेपमा ॥३१२॥

चन्द्रलालको सन्तान

आठ् छन् चन्द्र सुपुत्र जान्नु क्रमले कान्छा मिलेनन् तर,
वालानन्द२,वसन्त१फेरि रविलाल,पूर्णान्दि हुन् मध्य र।
जन्नुहोस् अब भर्तलाल क्रमले हुन् यज्ञ, माहेश्वर,
अप्तालीं छ वसन्तको र रविलाल् आसाम वस्ने घर ॥३१३॥

वालानन्द सुपुत्र चार पहिले जेठा त चित्राखर,
काशीनाथ्, जयधर्म, फेरि पछिका भन्छन् लीलावल्लभ।
चित्राखर् सुत मात्र वंश क्रममा, बाँकी मिलेनन् पनि,
जेठा हुन् सुत रामचन्द्र र हरी, विष्णु र चूडा मणि ॥३१४॥

भन्छन् राम सुपुत्र तीन छविलाल्, चूडामणि, ठाकुर,
आसाम्मा घर हो मिलेन अरुको खोज्दा छ मिल्ने पर।
बाँकीचन्द्र सुपुत्र वंशहरुको ? वस्छन् कहाँ छन् कां
ऐले वर्णन गर्न हिम्मत न भो मिल्ने छ खोज्दा पछि १५'१५॥

प्रजापति र गौरीकान्तको सन्तान

भन्छन सात् प्रजा सुपुत्र रघुनाथ् फेरी दधीराम हुन्,
चम्पाखर् यति जान्नु ब्राह्मण भए सन्तान् दधी रछन्।
चार् हुन् क्षत्रियता प्रजापति जिका चौथा भए संजय,
नैनासिंह र हुन् पछाडि दलजित् हुन् चक्रसिङ् अन्त्यज ॥३१६॥

ज्ञानेन्द्रै अनि मेघनाथ, छविलाल् तीन् हुन् दधीका सुत,
केदार्नाथ र फेरि केशव दुवै ज्ञानेन्द्रका आत्मज ।
छोरा संजयका त डम्मर पछी हुन् नर् वहादुर दुई,
डम्मर्का सुत जैवाहादुर पछि हुन् श्री वहादुर यही ॥३१७॥

छोरा तीन् जयका त टेक क्रमले हुन प्रेम वाहादुर,
कान्छा हुन् वुझ डोल् वहादुर यता श्रीका भए पाँच् तर।
कान्छा छत्र ५रतेज्४नरेन्द्र३क्रमले हुन् भक्त२होम् आदिम,
जोड्तू नाम वहादुरै सब महाँ लेखिन्छ यो व्युत्क्रम ॥३१८॥

नैनासिंह सुपुत्र सेतु उनका हुन् एक धन् वादुर,
कान्छा चक्र सुपुत्र पाँच क्रमले हुन् वज्र औ पद्म र ।
साहीला वल हुन् कनिष्ठ सुतता जान्नोस् तील् विक्रम,
यस्तै मात्र भिल्यो प्रजापतिजिको यो वंशको होक्रम ॥३१९॥

गौरीकान्त सुपुत्र तीन पहिले हुन् वुद्धिलाल् नारद,
विष्णुलाल कनिष्ठ, वुद्धिसुतको लागेन केही पद ।
झापाको नजिकै त सन्तपुरमा नारद् जिको वंश छ,
विष्णुका सुत जान्नुहोस् दुइ जना ओंकारनाथ् जेष्ठ त ॥३२०॥

कान्छा देविप्रसाद शान्तिपुरमा तीन् पुत्र नै भन्दछन्,
जेठा रामप्रसाद् द्वितीय क्रमले गोविन्द, शेखर् रछन् ।
ओंकार्का सुत ता इलाम तिरनै छन् वर्दुगाऊ महाँ,
यस्तै गन्थन भो कनी कुथी यहाँ श्रीकान्तका वंशमा ॥३२१॥

वशिष्ठ पुत्र वर्माको सन्तान

पाँचै पुत्र वशिष्ठका अघि उता विर्ता महाँ जन्मिए,
मार्कण्डेय र धर्मनन्द पछिका वर्मा छिताराम थे ।
द्यौ शर्मा यतिमा त पूर्व तिरचैं हुन् ब्रह्म लाल् साहीला,
'ताप्लेजुङ् अनि पूर्व भारत मधेश् फैलेछ सन्तान ता ॥३२२॥

दीनानाथ् व्रजनाथ, राम पछिका हुन् लक्ष्मीनारायण,
ब्रह्मा(वर्मा)का सुत चारयी र दिननाथ् जीका प्रजा हुन् तिन ।
नाऊँ हो छविलाल फेरि शिवलाल् कान्छा भए गन्पति,
अप्ताली ऋषिरामको, र छविका हुन् चन्द्रलाल् सन्तति ॥३२३॥

छोराचार ति विष्णु मित्र,रविलाल् हुन् काशीनाथ् आखिर,
विष्णुका तिन हुन् क्रमै जय, हरि, हुन् डम्मरु आखिर ।
छोरा हुन् जयका खडानन्द, अरको भेटीन वयै मित्रको,
चारै हुन् रविलालका पनि यहाँ आसामको वास हो ॥३२४॥

राम्चन्द्रै पछि इन्द्रलाल क्रमले लोक्नाथ नैनान्द हुन्,
अप्ताली वुझ रामको दुइजना ती इन्द्रका पुत्रछन् ।
लक्ष्मण् चन्द्र वहादुरै पछि उता नैनान्दका मोहन,
कान्छा हुन् हरिलाल, मोहन जिका हुन् वेद यो हो क्रम ॥३२५॥

काशीनाथ सुपुत्र एक वुझनोस् लक्ष्मीप्रसाद् नाम हो,
दुर्गा छन् उनका र फेरि उदयै, दुर्गाप्रसाद् पुत्र हो ।

दिननाथ पुत्र शिवलालको सन्तान

तीन् छोरा शिवका भए मनरथै फेरी दधीराम हुन्,
कान्छा हुन् वुझ नन्दलाल, मनरथ् जीका दुई पुत्र छन् ॥३२६॥

देव्नारायण हुन् तथा नरपति हुन् देवका तीन् जना,
ती नारायण३, रामचन्द्र२हरि१ हुन्. दोटै हरि पुत्र ता।
अग्नि चन्द्र र देवि,अग्नि सुत पाँच् हुन् सूर्य, भोज् मल्लिनाथ्,
वद्री फेरि हरिप्रसाद यसरि जान्नोस यो नाम खास् ॥३२७॥

देवीका तुलसी र डिल्ली, तुलसीका पुत्र लक्ष्मीप्रसाद,
राम्चन्द्रै सुत तीन् भए पशुपति तुल्सी उमानाथ खास् ।
दाताराम् पशुका, श्रीनाथ तुलसीका हुन्, उमा पुत्र तीन्,
कान्छा डोर प्रसाद,पारसमणि२,जेठा चिरञ्जीवि हुन् ॥३२८॥

देवीका तुलसी र डिल्ली, तुलसीका पुत्र लक्ष्मीप्रसाद,
राम्चन्द्र सुत तीन् भए पशुपति तुल्सी उमानाथ खास् ।
दाताराम् पशुका,श्रीनाथ तुलसीका हुन्, उमा पुत्र तीन्,
कान्छा डोरप्रसाद३,पारसमणि२,जेठा चिरञ्जीविहुन् ॥३२९॥

छोरा एक चिरञ्जीवितिर पनी भन्छन् पुरुषोत्तम,
यो वंशावलीमा ठढी रुचि दिने रामचन्द्र हुन् उत्तम ।
भरत अनि पछाडी भीम हुन् गोपीकृष्ण,
नरपति सुत चारै मेदिनी हुन् तमाम ॥३३०॥

भरत अनि पछाडी भीम सन्तान् मिलेनन्,
अझ पर पुगी वस्छन् वंशमा लेखिएनन् ।
तिन सुत बुझ गोपीकृष्णका लक्ष्मीनाथ,
अनि पछि रुपनारान् रंगलाल् पुत्र खास ॥३३१॥

यस पछि बुझ एकै भीम हुन् मेदिनीका,
अब सब तल झर्दै छन् मधेश्मा वसेका ।
हरिचरण र भास्कर् फेरि जान्नोस् अनन्त,
अनि पछि बुझ दाता हुन् दधीराम पुत्र ॥३३२॥

दिनानाथ पुत्र गनपतिको सन्तान

शर्मानन्द सुपुत्र हुन् गनपतीजिका यहाँ एक र,
धर्मानन्द रहे ति एक उनका अप्तालि कर्नाखर ।
उन्का दो हरिकृष्ण फेरि पछिका हुन् लक्ष्मीनारायण,
देवी, चन्द्र र राम्प्रसाद ओमनाथ् यो चार् हरिका सुत ॥३३३॥

बस्छन् यी मणिपुर भै अघि गई दोखू पुरानो थलो,
कान्छा हुन् बुझ 'लक्ष्मी' वंश हरु यो खोजी बटुल्ने ढुलो ।
डाँटा, भीर, पहाड रात दिन औ खोला र नाला तरी,
जान्ने ध्येय गरेर वंशहरुको सारै परिश्रम् गरी ॥३३४॥

दश्पुस्ता कुल [illegible] सहजनै छोरा र नाती सबै,
इन्कै यो सब श्रेय हो सुजन हो ! संझी रहौं यो सधैं ।
फर्के छन् अघि गै चिराँख तिर ता भन्छन् चिराँखे पनि,
दोखू बाट अझै मणीपुर पुगी ऐले मधेश्मा अनि ॥३३५॥

तोप्गाछो घर हो सुपुत्र हरु चार् नर्नाथ, भोल भए,
साहीला बुझ चोमनाथ र पछी कूडामणी जन्मिए ।
जेठाका पनि रुद्र१ फेरि पछिका गोपाल३ दामोदर२,
भोलाका पनि वासुदेव, तुलसी हुन् चोमका आखिर ॥३३६॥

व्रजनाथको सन्तान

माहीला व्रजनाथका सुत भए चार् पुण्यशील्, जीवलाल्,
फेरी हुन् कपिलमुनि त्यसपछी देवीप्रसाद् नाम खास् ।
चार् हुन् पुण्य सुपुत्र ता जनकलाल्,दाता तथा वालुराम्,
इन्को वंश मिलेन खालि एउटै रामचन्द्रका चार् छन् ॥३३७॥

अप्तालो दुइको, पछाडि कमला कान्छा त लक्ष्मीप्रसाद,
तीन् हुन् ती कमला सुपुत्र तुलसी,राम्चन्द्र,पद्म प्रसाद् ।
लक्ष्मीका पनि ती केशरिप्रसाद् नारद् तथा वासुदेव,
बस्छन् यी सब भारपा नजिककै गाऊँ छ विस्तार सब् ॥३३८॥

शंकर् औ कमलापति अनिपछी, ती वृद्धि, वल्भद्र हुन्,
छोरा चार जिवलालका बुझ यहाँ कान्छा त आसाम छन् ।
जेठा शंकरका कुलान्द उनका हुन् लक्ष्मीनारायण,
उन्का हुन् कमला पती र उनका केशव् मधेश् बस्तछन् ॥३३९

माहीला कमला सुपुत्र पनिचार् केशव् रविलाल हुन्
जैनारायण४ हुन् कनिष्ठ क्रमले पैले सदानन्द३ हुन् ।
केशव्का दधिराम प्रेम दुइ छन् मोहन् रविलालका,
धर्मानन्द र ईश्वरी अनि पछी डिल्ली तथा चन्द्र ता ॥३[illegible]

मोहन्का सुत हुन् छ वास मणिपुर पाँचै सदानन्दका,
नाऊँ हो छविलाल, होम क्रमले विष्णु अनि रत्न ता ।
कान्छा हुन् हरि, होमन्ता इदुईको अप्तालो भो भन्दछन्,
दीनानाथ र,तेज,लक्ष्मी,छविका सन्तान तीन् गन्दछन् ॥३४१॥

विष्णुलाल मृदुस्वभाव हसिला विद्वान् गुणी पण्डित,
सलिम्वे पुगी वेद, कौमुदी अनि चण्डी पढाए खुब ।
विद्यादान गरे प्रशस्त उनले कीर्ति फिजाए पर,
मेरा आद्य गुरु इनै सुजन हुन् याङ्रुप ऐले घर ॥३४२॥

सन्तान् छन् तर नाम जान्न सकिन तीन् रत्न्का पुत्र हुन्,
जेठा तीर्थ र नर् प्रसाद३पछिका मध्यस्थ गौविन्द २ हुन् ।
जैनारायण पुत्र सात बुझनोस् केवल्, जीवन, सूर्य छन्,
देवी फेरि नरेन्द्र, इन्द्र, युवराज् झापातिरै वस्तछन् ॥३४३॥

केवल्का दुइ भक्ति फेरि क्रमले कुमार प्रसाद् पुत्र हुन्,
जीवन् मास्टर छन् सुक्षिशित गुणी कार्फोकमा वस्तछन् ।
छोरा हुन् तिन ती विपिन्,सुमन औ यादव् पनी लेखियो,
सन्तोष्, प्रेम यि सूर्य पुत्र क्रमले यस्तै यहाँ देखियो ॥३४४॥

एकै पुत्र नरेन्द्रका प्रदिप हुन्, तजस्वी औ वासुदेव्१,
दो हुन् इन्द्र सुपुत्र, दीपक, मंनोज दो युवराज् पुत्र छन् ।
वृद्धिका सुत चार हुन् धनपति वृहस्पति हुन् अनि,
कान्छा हुन् हरिलाल जान्नु क्रमले तेस्रा जगन्नाथ् पनि ॥३४५॥

जीवलालका साहिला वृद्धिलाल

टीकाराम र पद्मलाल धनका दो पुत्र वर्मा गए,
सन्तान् मिल्न सकेन के कति यता वृहस्पतीका थिए ।
पाँच् हुन् जान्नु जगन् सुपुत्र क्रमले पद्मप्रसाद् जेष्ठ हुन्,
दाताराम१र वासुदेव३,पहिले दुर्गाप्रसाद्२ कृष्ण हुन् ॥३४६॥

चार् हुन् पद्म सुपुत्र जान्नु क्रमले ताराप्रसाद्,कुल्प्रसाद्,
साहीला बुझ भोजराज पछिका चन्द्रै मणि जान्नु खास् ।
नाऊँ मिल्न सकेन वंश क्रमले दाता र दुर्गा पटि,
भन्छन् तीन् सुत वासुका त पहिले हुन् खेमराज् जेष्ठ ती ॥३४७॥

फेरी होमप्रसाद, बुद्धि यति हुन्, दो कृष्णका भन्दछन्,
जेठा ता बुझ तीर्थराज पछिका हुन् शारदा गन्दछन् ।
चार् छोरा हरिलालका हुन गए कृष्णप्रसाद् डिल्लीराम्,
पीताम्वर४पछिका अगाडिक्रमले लीलाप्रसाद्३जान्नु नाम्॥३४८॥

चारै कृष्ण सुपुत्र लेखिन गए हुन् चेतनाथ्, मुक्तिनाथ्,
साहींला अनि खेमराज, यसरी टंकप्रसाद् नाम खास् ।
डिल्लीराम कता गए न छ खवर् हुन् विष्णु लीलासुत,
पीताम्वर् सुत, टेकराज यिनको हो वास गौरादह ॥३४९॥

कान्छा ती वलभद्र जीवसुतका सन्तान् मिलेनन् कुनै,
त्यस्तै सन्तति रामचन्द्र तिरका छैनन् यहाँ देखिदै ।
केही नाम छुटेर वंशक्रममा खोज्दा मिलेनन् भने,
माफी माग्दछु बन्धुवर्गहरुमा लेखें यहाँ जो मिले ॥३५०॥

लक्ष्मीनारायणको सन्तान

कान्छा वर्म सुपुत्र जो अधि भनें हुन् लक्ष्मीनारायण,
जन्मे छन् तिन पुत्र जान्नु उनका लेख्छु मिलेका क्रम ।
इन्दीवर् अनि हुन् श्रीलाल३पछिका जान्नु रामाकान्त हुन्२,
इन्द्रीवर् सुत पाँच छन् क्रमसंगै लेख्छु जती मिल्दछन् ॥३५१॥

जेठा नारद माहिला त व्रजलाल्, देव् दत्त,वाराणसी,
कर्नाखर् यति हुन्, यता धनपति नारद्जिका सन्तति ।
छोरा तिन् धनका मिलेर ध्रुवलाल् हुन् भीमलाल्,भेषलाल्,
त्यस्तै दो व्रजलालका पनि भए शर्मन्दि औ लोकनाथ् ॥३५२॥

छोरा,दो बुझ लोकका त ऋषिराम्२,औ देव नारायण१,
जम्मा सात सुपुत्र देव तिरका वस्छन् ती ताप्लेजुङ ।
हुन् तारानिधि,लक्ष्मी,ठाकुर अनि हुन् रंगनाथ्,डिल्लीराम,
उमानाथ र भेषराज यति हुन् शर्मान्दिका पाँच छन् ॥३५३॥

गोपीकृष्ण, जयप्रसाद र पछी देवीप्रसाद् जान्नु होस्,
टीकाराम र तेज्प्रसाद इनको लेटाङ वास् मान्नुहोस्।
गोपीका सुत टंक, नेत्र पछिका हुन् पुष्प लाल् भन्दछन्,
देवीका सुत भोलनाथ जय ता आसाममा वस्तछन् ॥३५४॥

जान्नू चार् सुत देव दत्त तिर हुन् जेठा भए भीमप्रसाद्,
तारानाथ् अनि साहीला नरपति कान्छा घनश्याम खास्।
दो हुन् भीम प्रजा महेश्वर पछी ती डम्मरु वल्लभ,
त्यस्तै होम र थोरनाथ यि दुवै भन्छन् महेश्वर् सुत ॥३५५॥

पाँच् छन् डम्मरुका दिवाकर पछिराम्नाथ् ऋषिराम हुन्,
काहीला अनि चेतनाथ पछिका रुद्रप्रसाद् भन्दछन् ।
तारानाथजिको सुवंश अहिले राम्रो गरी पाइन,
जस्तो संग्रह यो मिल्यो क्रमसगैं त्यो मात्र हो सज्जन ॥३५६॥

भन्छन् तीन सुपुत्र ता नरपति जीका छविलाल् अनि,
माहींला क्रम साथ छत्रपति हुन् कान्छा घनश्याम् पनि ।
जन्मेछन् छविका रवीन्द्र पछिका कान्छा त नारायण,
भन्छन् छत्र सुपुत्र आखिर सरोज्, होमन्त१पैले क्रम ॥३५७॥

मिल्दैनन् घनश्यामका अब यता लेख्नेछु वाराणसी,
पूर्णानन्द सुपुत्र एक उनका इन्का भए पाँच् पछी ।
जेठा डम्मरुवल्लभै अनिपछि नारद् र नैनान्द हुन्,
काहींला भगिरथ् र माधव पनि, दो डम्मरु पुत्र छन् ॥३५८॥

हुन् लोकनाथ पछिका अनि टेकनाथ,
एकै ति नारद सुपुत्र त भोलनाथ ।
नैनान्द पुत्र पनि एक छ मुक्तिनाथ,
जान्नोस् भगीरथ सुपुत्र त गौरीलाल ॥३५९॥

कर्नाखिर् सुत हुन् प्रभाखर अनि कान्छा त आग्निधर,
अग्निका पनि एक मात्र सुत ती मातृप्रसाद् छन् पर ।
एकै छन् सुत हेमलाल बुझनोस् फेरी रमाकान्तका,
दो छन् ब्राह्मण हेमलाल सुत ता क्षात्रीय छन् तीन ता ॥३६०॥

नाऊँ हो मनरथ्, हरि, अनि पछी भन्छन् जवर् सिंह हुन्,
जान्नोस् फेरि उजीर सिंह र पछी अमृत् वहादूर छन ।
भन्छन् पाँच मनरथ सुपुत्र पहिले हुन् नन्दलाल् आदिका,
आसाम् वास छ आज भाइ सबको गोविन्द हुन् माहिला ॥३६१॥

फेरी केवल, चन्द्र जान्नु पछिका चूडामणि देखिए,
एकै हुन् सुत ता गजाधर यता ती नन्दका लेखिए ।
उन्का जान्नु हरिप्रसाद अरुको मिलेन नाऊ यता,
माहीला ति हरिप्रसाद अधिका भन्छन् छ भाइ प्रजा ॥३६२॥

नाऊँ-गाऊँ मिलेन आज सबको निस्सन्तति छन् जवर्,
भन्छन् पुत्र दुवै उजीर तिर ता हुन् पद्मध्वज् जेष्ठ वर् ।
कान्छा चन्द्र अगाडि पद्म सुत ता हुन औघ वाहादुर,
उन्का कालि वहादुरै अनि पछी छन् पान वाहादुर ॥३६३॥

कालीका सुत विन्द्र हुन् र अधिका गोविन्द हुन् चन्द्रका,
कान्छा छत्र वहादुरै बुझनुहोस् दो पुत्र अमृतका ।
कान्छा दत्त२ र वल्लभ ध्वज१भए इन्का त एकै सुत,
नाऊँ हो वलभद्र फेरि इनका भन्छन् हरिवल्लभ ॥३६४॥

छोरा पाँच् हरिका म लेख्छु क्रमले हुन् जेष्ठ ज्ञानप्रसाद्,
फेरी भक्तिप्रसाद जान्नु क्रमले गंगा र लक्ष्मीप्रसाद् ।
कान्छा रुद्र प्रसाद हुन् र अघिका छन पाँचनै ज्ञानका,
जान्नू राम र अग्नि टेक क्रमले हुन् होमनाथ् मध्यका ॥३६५॥

कान्छा पुत्र नरेन्द्र हुन् अनि यता छन् चारनै भक्तिका,
छोरा मान र बीरबहादुर, भए गंगाप्रसाद् 'तेज' ता ।
'दत्तु' हुन् अघिका वसै अघि कतै भन्छन् गए छैन वबै,
यस्तै वर्णन भो यहाँ जति मिले सन्तान् रमाकान्त कै ॥१६६॥

श्रीलालको सन्तान

कान्छा जान्नू श्रीलाल लक्ष्मीसुत ता उन्का यहाँ तीन छन्,
जेठा हुन् धरणी, खडानन्द, विचका देवदत्त कान्छा रछन् ।
गोकुल् फेरि पछाडि हुन् वरपति दो पुत्र ता जेष्ठका,
गोकुल्का पनि मोतिलाल र पछि हुन् नन्दिकेशर् तथा ॥३७७॥

गौरीशंकर जान्नु होस् हरिप्रसाद् औ प्रेमप्रसाद् मोतिका,
गौरीका त खगेन्द्र टंक दुइ छन् चार् नन्दिकेशरजिका ।
जान्नू होस् सुत खेमनाथ र पछी चन्द्रप्रसाद, भोजराज्,
कान्छा नेत्रप्रसाद वास सिजुवा मोरङ्गमा जान्नु खास् ॥३६८॥

एकै यादव खेमनाथ सुत छन् बाँकी अरु जन्मने,
भन्छन डम्मरुवल्लभै वरपति जीका यहाँ एकनै ।
टिम्टीमे घर हो त्रिपुत्र क्रमले हुन् डम्मरुका यता,
कर्णाखिर् अनि वेन्प्रसाद पछिका हुन् डिल्लीराम् आजता॥३६९॥

कर्नाखिर् सुत हुन् हरि, खिनपति ऐले मिलेका सबै,
जान्नोस् पाँच् सुपुत्र लेख्छु क्रमले फेरी खडानन्द कै ।
डिल्लीराम र पर्शुराम पछिका भन्छन् भवानीप्रसाद,
काँहींला भगिरथ् भए क्रम संगै कान्छा त लक्ष्मीप्रसाद् ॥३७०॥

डिल्लीका सुत कृष्णलाल,निधिराम् भन्छन् भवानी प्रजा,
हुन् त्रैलोक्य मणि ति पर्शु सुत ता हो केचना वासता ।
टीकाराम र सोमनाथ यि दुवै छोरा भए लक्ष्मीका,
तोबमा मैं घर हो मिलेन तर कै फेरी भगीरथ् प्रजा ॥३७१॥

भन्छन् तीन् सुत देवदत्त तिरका चूडामणि, रङ्गलाल्,
कान्छा हुन् अनि लोकनाथ दुइ नै चूडामणि पुत्र हाल् ।
जेठा जान्नु अनन्त वल्लभ पछी हुन् वेदनीधि अनि,
डिब्रूगढ् घर हो मिलेन अरु ता, तीन् रंगलाल्का पनि ॥३७२॥

जेठा हुन् घनश्याम फेरि क्रमले हुन् नन्दराम् होमनाथ्,
तीथ् हुन् नन्दसुपुत्र दीपक ३कुमार२ जेठा उमाकान्त खास् ।
कान्छा होम सुपुत्र चार ती दिवाकर,डिल्लीराम् भन्दछन्,
बाँकी नाम मिलेन आज यि सबै झाण तिरै वस्तछन् ॥३७३॥

जन्मे छन् तिन पुत्र लोक तिरता हुन् झुम् प्रसाद्,पर्शु राम्,
कान्छा छन् अनि होमनाथ अहिले वस्छन् मणिपूर ग्राम ।
तारानाथ् झुम पुत्र हुन् यति सबै श्रीलालका सन्तती,
'वर्मा'को सब वंश आज रचियो खोज्दा मिलेका जति ॥३७४॥

उमापतिका नाति शिवाको सन्तान, तेल्लावुङ्

साहींला ऋषिका सुपुत्र अघि जो उमापति लेखिए,
उन्का हुन् विरभद्र सात उनका जेठा शिवा भेटिए ।
उन्का श्रीधर एक हुन् 'शिर पति' भन्छन् कतै नामयो,
छोरा तीन् उनका भए गणपति विस्तारले लेख्छु यो ॥३७५॥

माहीला सुत जान्नुहोस मन पति कान्छा पनि राम्पति,
'सिस्नेरी' रछ गाऊँ भोजपुरमा वस्छन् दुवैका जति ।
सैपूवाट हिंडेर पूर्व तिरनै श्रीधर् जीका सन्तति,
'तेल्लावुङ्'अतिरम्य ठाऊँ रसिलो चाँगे वसेछन् पछि ॥३७६॥

जन्मे तीन सुपुत्र ता गणपतिजीका ठूला पद्मलाल,
टीकादत्त र नन्दिराम बुझनोस् छन् पद्मका एक खास् ।
नाऊँ हो उनको हरी, धनपति उन्का पनि पुत्र एक,
भन्छन् रामकुमार दो धन प्रजा कान्छा भए वासुदेव् ॥३७७॥

टीकाका सुत जान्नु चार मनरथ् जेठा यहाँ भन्दछन्,
जैनारायण हुन् खगेन्द्र पछिका ती डिल्लीराम् मान्दछन् ।
छोरा तीन् मनका यहाँ बुझनु होस् नेत्रप्रसाद, सोमनाथ्,
कान्छा टंकप्रसाद आज सबको आसाममा वास खास् ॥३७८॥

जैनारायण पुत्र तेज क्रमले भन्छन् कुवेर, ईश्वरी,
त्यस्तै तीन खगेन्द्रका पनि यहाँ कृष्णप्रसाद् त्यस्पछि ।
माहीला सुत प्रेम जान्नु तुलसी भेटीन डिल्ली सुत,
नन्दीराम प्रसिद्ध पण्डित ठूला उन्का भए चार् सुत ॥३७९॥

जेठा पुत्र पशुपति, धनपति हुन् वेदनिधि पछि,
कान्छा हुन् रघुनाथ सात पशुका पुण्यप्रसाद, ज्येष्ठ ती ।
भन्छन् रुद्र प्रसाद, भीम पछिका लक्ष्मी,भवानी प्रसाद्,
फेरी धर्म, खगेन्द्र, पुण्य सुतता भन्छन् खगेन्द्र प्रसाद् ॥३८०॥

दोटै हुन् धनका प्रजा बुझनु होस् टंकप्रसाद, कुल्प्रसाद्,
पाँच् हुन् वेद सुपुत्र जान्नु क्रमले गंगा र देवीप्रसाद् ।
भन्छन् फेरि गुरुप्रसाद पछिका हुन् रुद्र, नेत्रप्रसाद्,
त्यस्तै चार् रघुका भए तुलसी औ कैलाश हुन् मध्य खास् ॥३८१॥

कान्छा हुन् अनि शारदा बुझनु होस् यो नन्दिको वंशमा,
श्रीधर्को सब वंश आज यतिभो एक् पुत्रको अंशमा ।

धर्मानन्द पुत्र दिवाकरको वंश, तेल्लाबुङ्

"बोरु"का सुत काहिला अघि भनें 'धर्मान्द' नाऊँ गरी,
जेठा हुन् उनका दिवाकर भनी चार् पुत्र उन्का पनि ॥३८२॥

जेठा नारदको त वर्णन भयो श्याम्लाल हुन् माहिला,
श्रीबेलास् अनि इन्द्रलाल यि तिनै छोडेर बिर्ता यता ।
लागे पूर्व सुरम्य थान अघिकै चाँगे नजीकै पुगे,
बस्छन् गौरव औ गुणाढ्य, धनले फैलेर शाखा सबै ॥३८३॥

श्याम्लाल्का सुत तीन हुन् बुझनु होस् जेठा महानन्द हुन्,
माहीला अनि मित्रलाल पछिका श्रीलाल कान्छा रछन् ।
जैनारायण २ हुन् अगाडि हरि १ ता दोटै महानन्दका,
छैनन् क्वै हरि कृष्णका,जय प्रजा लेखिन्छ तीन् आजता॥३८४॥

दुर्गानाथ३ र काशिनाथ२पहिले जेठा खडानन्द१ हुन्,
भन्छन् मित्रज तीन् प्रजापति अनि फेरि दधीराम छन् ।
गंगाराम पनि, मिलेन सुत ता भन्छन् दधीरामको,
एकै छन् बलभद्र जान्नु अहिले जेठा प्रजा पुत्र जो ॥३८५॥

उन्का लक्ष्मीप्रसाद फेरि पछिका गोविन्द कान्छा थिए,
गंगाराम सुपुत्र चार अहिले टीका र दुर्गा भए ।
केदारनाथ, गुरुप्रसाद पनि हुन् दुर्गाज लोलाधर,
श्रीलाल्का सुत आज वंश क्रममा खोज्दा मिलेनन् तर ॥३८६॥

चारै हुन् श्रीविलासका पनि यहाँ केशर् र नारद् भन,
साहीला छविलाल फेरी पछिका हुन् प्रेमनारायण ।
केशर्का तिन नन्दिराम प्रतिमान्,कान्छा मिलेनन् अनि,
नन्दीका सुत हुन् चूडामणि भनी बालकृष्ण,गंगा पनि ॥३८७॥

जेठा ठाकुर हुन् पछाडि युवराज् दो बालकृष्णात्मज,
गंगाका सुत हुन् चिरञ्जिवि भनी बस्छन् दमकमा अब ।
नारदका सुत चन्द्रलाल अहिले आसाम रौता घर,
दोटै छन् छविलालका पनि यहाँ जेठा खडानन्द र ॥३८८॥

कान्छा हुन् मध्,आज वास इनको आसाम ओदालगुडी,
प्रेम्नारायणका सुपुत्र तिन हुन् आसाम वस्छन् पुगी ।
धर्मानन्द पछाडि जान्नु मनरथ् कान्छा भए पश्पति,
तीनै हुन् मनरथ् सुपुत्र पहिले जो वेद, हेम्लाल पछि ॥३८९॥

गंगा हुन्, पशु पुत्र एक अहिले हुन् भोलनाथ् मान्दछन्,
वाँकी नाम मिलेन आज यतिनै सन्तान् विलासका रछन्।
कान्छा हुन् अघि इन्द्रलाल उनका सत्पुत्र छन् पाँचता,
जेठा हुन् रविलाल औ पशुपति फेरी महेश्वर् यता ॥३९०॥

दाताराम र विष्णुलाल यति हुन् दो छन् रविका प्रजा,
पैलेका तिलचन् पछाडि क्रमले हुन् बुद्धिलाल् वेपता ।
भन्छन् पाँच् तिलचन् सुपुत्र हरु छन् देवी, नरेन्द्रप्रसाद्,
साहींला सुत नन्दलाल र दया४,आनन्द५र्या जान्नु खास्॥३९१॥

भोलानाथ२र भीम१देवी सुत हुन छन् चार् नरेन्द्रात्मज,
नाऊँ मिल्न सकेन जान्नु सुतता तिन नन्दका छन् अब ।
लक्ष्मी हुन् अनि गोपिलाल पछिका कान्छा मिलेनन् यहाँ,
छैनन् आज दया सुसन्तति कुनै भेटीन मैले यहाँ ॥३९२॥

छैनन् सन्तति कै यता पशुपति फेरी महेश्वर तिर,
दाताराम सुपुत्र तीन भनियो चन्द्रप्रसाद, भीम र ।
कान्छा रुद्र भए र चार सुत हुन् जेठा यता चन्द्रका,
भोलानाथ४ थरेन्द्र२प्रेम२ पहिले जेठा भवानी छँदा ॥३९३॥

कान्छा रुद्र सुपुत्र आज क्रमले गोपालनै मिल्दछन्,
त्यस्तै चार्सुत विष्णुलाल तिर हुन् जेठा वकील् भन्दछन् ।
नाऊँ यो उनको भयो तुलसीराम् भन्छन् अनि धुर्वलाल्,
फेरो लक्ष्मीप्रसाद, नेत्र पछिका कान्छा भए रंगलाल् ॥३९४॥

यो वंशावलिमा वढी रुचिदिदै सौहार्द सम्पादन,
सारै योग्य र न्याय विज्ञ कुलका सौजन्यका साधन ।
जान्नू होस् तुलसी 'वकील' भनियो 'गारामनी' हो घर,
विद्याराजर३चेतनाथ२,हरि१,हुन् तीन् पुत्र छन् सादर॥३९५॥

चारै हुन् ध्रुवलालका वुझनु होस् हुन् चन्द्रशेखर् ठुला,
नारायण अनि सोमनाथ२पछिका त्रैलोक्यनाथ् अन्त्यका ।
जान्नू पाँच् अनि नेत्र पुत्र क्रमले हुन् मात्रिका अम्विका,
फेरी टंकप्रसाद अग्नि पछिका हुन् खोमनाथ् अन्त्यका ॥३९६॥

डोलेश्वर२अघि रुद्र१ रंगसुत हुन् ई इन्द्रलाल् सन्तति,
यस्तै वर्णन भो दिवाकरजिका जाने सुनेका जति ।
'शैपू' मा विरता लिएर ऋषिका सन्तान जो फैलिए,
'ताप्लेजुङ्' तिर जो गए जति सबै नाम्नावली लेखिए॥३९७॥

कानपुर वीर्ताको वंशावली

लक्ष्मी दास सुपुत्र पाँच भनियो माथी अघी आदिमा,
'श्यामू' आखिर 'दामूका' सुत सबै कान्पुर वासी छँदा ।
श्यामू सन्तति छैन आज क्रमले ऐले मिलेको यहाँ,
दामूका सुत चारमा पनि अहो ! भेटिन्छ एकै यहाँ ॥३९८॥

वाँकी सन्तन्ति वीर वंश हितको ज्ञाता छ खोज्ने पछि,
ऐले खोजिदिए सुविज्ञ जनले एक्लै म लेख्छू वसी ।
विश्वामित्र सुपुत्र पाँचहरुमा तेस्त्रा 'ऋषि' को सबै,
लेखें फेरि यता 'पिताम्वर' जिको सारा म लेख्छु क्रमै ॥३९९॥

पीताम्वरको सन्तान

शैपूमा ऋषिको निवास हुनगो कान्पूरमै थे अरु,
सन्तान् मिल्न सकेन आज अरुको मिल्छन् पिताम्वर् वरु ।
दो हुन्'पारथ'औ 'लिलाम्वर'प्रजा जान्नोस् पिताम्वर जिका,
पारथ्का सुत आज मिल्न नसके देव् शर्म लीला प्रजा ॥४००॥

त्यागी कान्पुर पूर्वमा तिनि गए दो पुत्र जन्मे पछि,
जेठा गौतम फेरि हुन् धनपति, दो पुत्र गौतम् पटी ।
कान्छा नारद जान्नु आज क्रमले श्रीहर्ष जेठा भए,
'बोया''भोज्पुर'मा ति नारदजीका सन्तान वस्छन् अरे ॥४०१॥

श्रीहर्षात्मज पाँच जान्नु तिलचन्४राम्चन्द्र५हुन् मित्रलाल्१,
विश्वामित्र२भवानिशंकर३ पनि तीन् विश्वका पुत्र खास् ।
लक्ष्मण् हुन् अनि हेमलाल पछिका हुन् चन्द्रशेखर पनि,
लक्ष्मण्का पनि विष्णुलाल, भगिरथ् हुन् जेष्ठ भार्या पटी ॥४०२॥

कान्छीमा हरि,पुष्पलाल,क्रमले रामचन्द्र४औ रामप्रसाद्३,
विष्णुका सुत 'चाउरु' कुल सबै छन्'झिल्झिले'आजवास् ।
गौरीगञ्ज तिरै भगीरथ प्रजा, छैनन् हरिका यहाँ,
एकै रुद्रप्रसाद पुष्पसुत हुन् चार् राम्प्रसाद पुत्रता ॥४०३॥

जेठा टंकप्रसाद् हरि र क्रमले हुन् विष्णु, लक्ष्मोप्रसाद्,
'माईधार्'घर हो,कनिष्ठ सुतको पाच्थर् तिरै वास खास्।
जान्नु तिन् अनि हेमलाल सुत हुन् जेठा हरिदत्त ता,
फेरी देविप्रसाद् तथा, पशुपतिजीका मिलेनन् यता ॥४०४॥

'योगानन्द' छ नाम जान्नु 'परिव्राट्' जेठा हरिदत्त ता,
त्यागी,शान्त,तपस्वि,यौगिक ठुला विद्वान् भए वंशका।
छोरा श्रीभुवनेश्वरै हुन गए शास्त्री सुविद्वान् गुणी,
मोहन् हुन् उनका इलाम'सुलुवुङ्' वस्छन् ती सारा वहीं॥४०५॥

माहीला अघि देवी आज ति'विवेकानन्द'सन्यासि हुन्,
योगी,सिद्ध,तपस्वी,हुन् अति ठूला विद्वान्,गुणी,सन्त हुन् ।
सारा उत्तर भारतै र क्रमले नेपाल पूर्वाञ्चल,
विद्वद्वर्ग समस्त यी पुरुषको महात्म्यता जान्दछ ॥४०६॥

ऐले शान्त भयो शरीर र पनि अस्तित्वता बढ्दछ,
जस्को यो महिमा अपार पछिको सद्वंशले जान्दछ।
छोरा दो उनका सुशिक्षित,गुणी,शास्त्री र पण्डित् भए,
नारायण् सित जान्नु ती उदयहुन् बोध्राज दोस्रा भए ॥४०७॥

दिङ्लामा दुइटै दिवंगत भए, छैनन् कुनै सन्तति,
कान्छा हुन् अघि जान्नु ती पशुपति भन्छन् निसन्तान ती।
खार्साङ्मा बुझ चन्द्रशेखरजिका छोराहरु वस्तछन्,
साहीला ति भवानि शंकरजिका तीन् पुत्र हुन् भन्दछन् ॥४०८॥

जेठा हुन् सुत पद्मनाथ पछिका भन्छन् कुलानन्द हुन्,
हुन् तारानिधि फेरिपद्म सुत ता तिन् मात्रनै गन्दछन् ।
बालकृष्ण३ अघिजान्नु फेरि दशिराम्२ जेठा' मधुसूदन',
पाँचै छन् मधुपुत्र जान्नु क्रमले हुन् लक्ष्मीनारायण ॥४०९॥

केदारनाथ् भगिरथ् महेश्वर पछो कान्छा जगन्नाथ हुन्,
लक्ष्मीका पनि बासुदेव क्रमले ती खेरनाथ मध्यहुन् ।
कान्छा लालकुमार,वासुसुत ता छन् एक हुन् लेखनाथ,
सेती अञ्चल आज वास सबको, केदारका चार खास् ॥४१०॥

पण्डित् विष्णुप्रसाद फेरि श्रीप्रसाद् भन्छन् भवानीप्रसाद्,
कान्छा देविप्रसाद, जान्नु, भगिरथ्जीका तिनै पुत्रसाथ् ।
जेठा हुन् दिननाथ्, पिताम्बर अनि कान्छा त चूडामणि,
जान्नू होस् खगनाथ, बद्री यि दुवै छोरा महेश्का भनी ॥४११॥

कान्छा ता सब वंशनाम क्रमले जोड्ने जगन्नाथ हुन्,
'पीताम्बर कुल' जोड्न आज सजिलो पार्ने यिनै विज्ञ हुन् ।
मोरङ्को पथरी, छआज घर ता आचारवान् नित्य छन्,
जेठा आत्मज खेमराज जसका अर्का हरिश्चन्द्र हुन् ॥४१२॥

भन्छन् पाँच् दधिरामका सुतहरु जेठा त देविप्रसाद,
देवनारायण, लोकनाथ्, परशुराम् फेरी खडानन्द खास् ।
देवीका सुत पुष्पलाल पछिका हुन कशिनाथ्, नारद,
कान्छा हुन् ड.मनाथ, देवसुत ता पाँच होमनाथ जेष्ठत ॥४१३॥

माहींला अनि ईश्वरी र घनश्याम् हुन् पुष्पलाल्,कुल्प्रसाद्,
जान्नू बुद्धिप्रसाद औ लयप्रसाद् दो लोकका पुत्र खास।
पर्शूराम् सुत दो भवानि पहिले कान्छा भए माधव,
त्यस्तै तेज प्रकाश्, खडान्द सुत ता चूडामणि हुन् अब ॥४१४॥

'चारपाने' तिर छन् सबै यिनिहरु तीन् बालकृष्णात्मज,
जेठा हुन् यमनाथ, पुष्प बिचका कृष्णप्रसाद् अन्त्यज ।
छोरा चार् यमनाथका त क्रमले गोविन्द पैले भए,
माहींला घनश्याम् भए अनि पछि ती डेगनाथ, होम रे ॥४१५॥

एकै हुन् सुत पुष्पलाल तिरका भूपाल ऐले यहाँ,
गोपाल्कृष्ण सुपुत्र हुन् बुझनु होस् यी पद्मनाथ्वंशमा।
एकै मात्र सुपुत्र हुन् जगनिधि भन्छन् कुलानन्दका,
तीनैं छन् जगपुत्र डिल्ली पहिले गोपाल् पछि राम ता ॥४१६॥

धर्मानन्द र गोपिकृष्ण यि दुवै तारानिधि पुत्र हाल्,
धर्मानन्द सुपुत्र चार क्रमले हुन् टेकनाथ रंगलाल् ।
डिल्लीराम र देवदत्त यतिनै तीन् गोपिका देखिए,
काशीनाथ३र देवि२हुन् अनि जगत्१उल्टो क्रमै लेखिए॥४१७॥

सन्तान् मिल्न सकेन आज क्रमले तिल्चन् र रामचन्द्रको,
नारद्का सब सन्तति अझ परै 'बोया' छ भोज्पूरको ।
मिल्दैनन् अघिका यता धनपती जीका पनी पुत्र कै,
पीताम्बर कुल आज यत्ति भनियो मिल्नेछ खोज्दा अझै॥४१८॥

धनकुटा सल्लेका पौडेल वंश

*'सल्ले' गाऊँ छ धन्कुटा नजिकमा पौडेल् बहुतै रछन्,
'शीपामण्डन'वास आफ्नु अघिको पुर्खौलिको भन्दछन् ।
जैदास् कालु पछाडि जान्नु धुरु हुन् वासु र दामोदर,
तुलाराम, प्रयागदास उनका भन्छन् जगन्नाथ त ॥४१९॥

यस्मा पूर्वज नाम मिल्छ बहुतै क्यै अंशमा भिन्न छ,
छोरा भिन्न भएर वंशक्रममा त्यो भेद सम्भाव्य छ ।
जैदास् देखि लिएर अष्टम यहाँ हुन्छन् जगन्नाथ ता,
एकै मात्र मिले यहाँ तक सबै आगे छ विस्तारमा ॥४२०॥

छोरा तीन् अघिवंशमा हुन् गए जान्नू जगन्नाथका,
शंकर्२ मध्यम जेष्ठ हुन् जयपति१रामचन्द्र कान्छा तथा ।
शंकर्को अब मिल्छ वंशक्रममा ऐले भएको यहाँ,
श्रीधर् आत्मज एक हुन् र उनका गंगा र राम्चन्द्र ता ॥४२१॥

गंगासागर पुत्र चार पहिले जेठा जिवानन्द हुन्,
माहींला अनि रामकान्त क्रमले ती नन्दिकेशर् रछन् ।
कान्छा हुन् सुतता दिनाकरि अनि छन् तीन जीवात्मज,
लोक्नाथ् हुन् अनि वैद्यनाथ पछिका हुन् वैद्यनारायण ॥४२२॥

चार् छन् लोक सुपुत्र जेष्ठ ध्रुवलाल हुन् पुष्पलाल्,चन्द्रलाल्,
कान्छा हुन् भगीरथ्,मिलेन अरुको एक् पुष्पका पुत्र खास् ।
नाऊँ हो तिलचन् त्रिपुत्र उनका हुँ हेमसागर ठुला,
माहीला सुत होमनाथ पछिका हुन् तोयनाथ् अन्त्यका ॥४२३॥

---

* यो वंशक्रम उपलब्ध भए अनुसार लेखिएको छ । यो वंश संकलन-कर्ता लक्ष्मीनारायण पौडेलले जोडेको हो ।

मोतीलाल् सुत वैद्यका र उनका छन् हेमसागर पनि,
उन्का हुन् शिव एक मात्र अहिले भटीन लक्ष्मी पटी ।
वस्छन् आज इलाममा बुझनु होस् राम्कान्तका सन्तति,
'सल्ले' मैं सब नन्दिवंश रहने छन् पाँच उन्का पनि ॥४२४॥

धर्मानन्द३, खडान्द२औ गणपति४चूडामणि१ औ जगन्५,
लीलाधर् सुत हुन् चूडामणिजिका तत्पुत्र पाँच भन्दछन् ।
जेठा हुन् सुत होमनाथ पछिका हुन् रेवती औ कमल,
फेरी रामप्रसाद हुन् शिवप्रसाद् यस्तै मिले यस्वखत् ॥४२५॥

मोतीलाल् सुत एक् खडान्द तिर हुन् उन्का दुवै पुत्र हुन्,
जान्नु रुक्मप्रसाद औ गुरुप्रसाद् धर्मान्दका एक हुन् ।
नाऊँ हो उनको यहाँ पशुपति उन्का नरेन्द्रै भए
भन्छन् नौ सुतता यता गणपतिजीका सबै देखिए ॥४२६॥

जेठा हुन् बुझ पद्मलाल पछिका हुन् हिम्प्रसाद्, भीम्प्रसाद्,
काहीला अनि चन्द्रलाल,छविलाल् हुन् डिल्लोराम् फेरी खास् ।
जान्नू होस् घनश्याम् उमा अनि पछी कान्छा हिरालाल हुन्,
एकै नै सुत पद्मलाल तिर ता भन्छन् जगन्नाथ छन् ॥४२७॥

भन्छन् डोलप्रसाद विष्णु इ दुवै सत्पुत्र हुन् हीमका,
फेरो इन्द्र र मेघराज दुइनै छोरा भए डोलका ।
विष्णुका पनि रोमनाथ र पछी हुन् डिल्लीराम् दो सुत,
भन्छन भीम सुपुत्र तीन अहिले जेठा फणीन्द्रै बुझ ॥४२८॥

माहीला सुत जन्मिए धनपति हुन् डोल्प्रसाद् आखिर,
भन्छन् पाँच फणीन्द्रका हरिप्रसाद् हुन् मध्य चित्राखर ।
फेरी ज्ञानप्रसाद, राम पछिका केशव् यती देखिए,
शेष्नारायण मात्र हुन् धनपतिजीका [illegible] लेखिए ॥४२९॥

भन्छन् डोलप्रसाद पुत्र अहिले हुन् यक्षनारायण,
पाँचै चन्द्र सुपुत्र यक्षनिधि औ लीलाधरै मध्यम ।
देवी, दुर्गप्रसाद फेरि पछिका कान्छा जिवानन्द ता,
एकै जान्नु भवानि हुन् छवि प्रजा,चार् डिल्लीराम पुत्र ता॥४३०॥

केदार् हुन् अनि हेमसागर पछि हुन् रोम, ज्ञानेन्द्र ता,
केदार्का पनि मेघ, लक्ष्मी दुइ छन्-छन् हेमका एक ता ।
नाऊँ हो बलराम, आत्मज यहाँ दो छन् घनश्यामका,
टीकानाथ र कृष्ण हुन्, अनि टिकाका एक हुन् यज्ञता॥४३१॥

भन्छन् रामप्रसाद, ठाकुर दुवै छोरा उमाका भए,
हीरालाल सुपुत्र पाँच अहिले उद्धव ठुला भेटिए ।
बद्रीनाथ र टेकनाथ् विजय हुन् कान्छा त विष्णुप्रसाद्,
नन्दीकेशर वंश आज यतिनै लेखें मिलेको छ खास् ॥४३२॥

दिनाकरीको सन्तान (इलाम)

जान्नू सन्तति ती दिनाकरिजीका वस्छन्'सुलूबुङ्'महाँ,
कोही छन्हुतुलुङ् तथैव 'महभीर्' ईलाम जिल्ला महाँ ।
जम्मा पाँच सुपुत्र छन् बुझनु होस् हुन् रुपनारायण,
फेरी छन् बलभद्र जान्नु क्रमले हुन्नन्दलाल मध्यम ॥४३३॥

टीकादत्त, कपिल् मुनि यति भए, छन् रुपका पाँच् प्रजा,
भूटान्मा सब वस्तछन् तर यतै वस्छन् खडानन्दका ।
भाई चार् अरुको न नाम छ यहाँ दो छन् खडानन्दका,
जेठा हुन् सुत वासुदेव, अघिका हुन् तेजप्रसाद् अन्त्यका॥४३४॥

वासूका पनि तिन् जितेन्द्र१ घनश्याम्३ कृष्णप्रसाद् देखिए,
त्यस्तै तेज सुपुत्र चार दशरथ् फेरी दधीराम रे ।
साहीला सुत हुन् नरेन्द्र पछिका हुन् तुंगनाथ आखिर,
टीकाराम र इन्द्रलाल इ दुवै बलभद्रका हुन् सुत ॥४३५॥

टीकाका पनि चार जान्नु घनश्याम् वाराणसी माहीला,
तूलाराम र पद्म हुन् अनि यता चारै घनश्यामका ।
जेठा आत्मज टेकनाथ, जिवनाथ् भन्छन् हरि साहींला,
कान्छा देविप्रसाद, पुत्र दुइनै वाराणसीका यता ॥४३६॥

तीहुन् देवि२ र लोकनाथ१, अनि चार् भन्छन् तुलाका प्रजा,
भन्छन् तीछवि२, मेघ सोम४पहिले जेठा जगन्नाथ१ ता ।
भन्छन् पद्म सुपुत्र ता हरिप्रसाद् कान्छा भए लेखनाथ्,
छोरा तीन् हरिका त टंक २ र टुका३चूडामणि जेष्ठ खास् ॥४३७॥

तीन् हुन् नन्द सुपुत्र तो अब सबै भूटानमा वस्तछन्,
टीकादत्त सुपुत्र आठ अहिले नेपालमैं वस्तछन् ।
जैनारायण हुन् र मध्यम प्रजा जैभद्र हुन् भन्दछन्,
साहीला त प्रजापति अनि पछी तिल्चन् पनि गन्दछन् ॥४३८॥

फेरी हुन् कमलापति अनि पछो तारा र भानु भए,
मोहन्लाल् पछि हुन् समस्त यिनका सन्तान् नमिल्दा भए।
भानुभक्त सुपुत्र दो कपिल औ कान्छा त नारायण,
चारै पुत्र भए यहाँ कपिलका जेठा खडानन्दन ॥४३९॥

फेरी सूर्यप्रसाद, विष्णु पछिका कान्छा त देवी प्रसाद्,
कस्छन् वास'इलाममा'यिनि सबै खोजी गरौं नाम खास् ।
छोरा छन् अघिका बुढा कपिलका हुन् प्रेमलाल् ब्राह्मण,
बाँकी क्षत्रिय हुन् अघो इनि सबै आसाममा वस्तछन् ॥४४०॥

तीनै प्रेम सुपुत्र जान्नु घनश्याम, चूडामणि, लोकनाथ्,
सीताराम्, ऋषिराम पुत्र घनका जान्नू दुवै नाम खास्।
बाँकीको अरुनाम मिल्न न सक्यो खोजी गरे मिल्दछ,
"हामी हौं सब एक वंश भरमा एकत्वनै बाँच्दछ" ॥४४१॥

पोखराको पौडेल वंश

* खोजौं वंश भनेर बन्धुहरुको पाई मिठो प्रेरणा,
काका श्रीदिननाथ साथ म दुवै गै काठमाण्डू महाँ ।
धेरै स्रोत पता लगाई अघिका विर्ता सदर् कागज,
खोज्दा ती इतिहासका पनि मिले प्रामाण्य दस्ता सब॥४४२॥

अघौंका अनि कास्किका र क्रमले काठ्माण्डूका भित्रका,
'विर्ता' पाइ प्रशस्त गौरव सँगै वस्ने यसै वंशका ।
भोट्टायौं कति बन्धु नम्र, हँसिला, वंशावली प्रेरक,
जे जस्तो जति जान्दथे भनि दिए लेख्यौं यहाँ पूरक ॥४४३॥

हाम्रा ती इतिहासमा र अघिका पुख्यौलिका लेखमा,
मिल्छन् एक भएर शुद्धरुपले पूर्खा उदै भट्ट ता ।
ऐले छौं जति हामि बंशजहरु, थापा बगाले अनि,
पौड्याल् फेरि पछाडी जान्नू क्रमले अर्ज्याल, सिग्देल् पनि ॥४४४॥

एकै पूर्वजका समस्त अहिले हौं सन्तति मिल्दछौं,
ऐले आँशिक रुपमा जति मिलो छलङ्ग देखाऊँछौं ।
यस्को तथ्य मिलान गर्न तल क्यै छन् टिप्पणीमा कुरा,
नाऊँमा कहिं भिन्नता यदि भए देखिन्छ सामान्यता ॥४४५॥

यौटा कै क्रममा यता उदयका श्रीवत्सराज षष्ठ हुन्,
उन्का थे तिन पुत्र जान्नु क्रमले श्रीदेव, श्रीकृष्ण हुन् ।
कान्छा क्षत्रिय कालु हुन् अनि यिनै श्रीकृष्ण सिग्देल भए,
श्रीदेव् ता अघि पौडिमा वसिरहे पौडेल नै मानिए ॥४४६॥

---

* यो वंशक्रम मिलाउन वासुदेव पौडेल सातमेडी, इटहरा, निवासी ले ठूलो सहयोग पुऱ्याउनु भएको छ ।

श्रीदेव्का पनि पाँच वंशक्रममा हुन् कृष्णराम् पूर्वज,
चावा फेरि सद् सुपुत्र उनका दो रत्न जन्मे अब ।
चावाका दुइ पत्निमा सुत दुवै जन्मेर जेठी पनि,
'अर्जी' गाऊँ वसीन् सुवंश उनको अर्ज्याल् कहायो अनि ॥४४७॥

कान्छीका सुत मोतिराज यि सबै पौडेलका पूर्वज,
छोरा थे अघि पाँच जान्नु सदुका हुन् कन्थ राज् जेष्ठ त।
माहींला सुत देवराज, शिवराज् हुन्वत्सराज्आखिर,
कान्छा हुन् सुरुपाल् मिलेन यिनको सद्वंश ऐले तर ॥४४८॥

*छोरा थे दुइ मोति राज तिरता जोगा तथा देवराज्,
जोगाका जयदास हुन् र उनका चन्द्रा र कालू त खास् ।
चन्द्राका सुत पाँच अङ्कित भए चापू र रामू अनि,
जीताकर् अगि गंगु जान्नु पछिका हुन् देविदास् आखिरी ॥४४९॥

गंगूका अनि देवि दास तिरका पुर्कोटमा वंश छन्,
चापूका पनि चार पुत्र जदु औ भन्छन् बिसन्दास् रछन् ।
धर्माखिर् पछिका कनिष्ठ क्रमले जान्नोस् श्रीनारायण,
धर्माखिर् तिरको मिले जति सबै लेखें अरु पाइन ॥४५०॥

वाँकी चापु सुपुत्र वंशज कुनै हर्पन् तिरै वस्तछन्,
"हर्पन्" गाउँ छ पोखरा तिर कुनै पौडेल् बहुतै रछन् ।
रामूको अब वंश लेख्दछु विशन एक् पुत्र उन्का भए,
इन्का हुन् करुणाकरै र उनका गंगाधरै पुत्र थे ॥४५१॥

---

* यो क्रम काठमाण्डौ, ठमेल निवासी श्री पं० टेकनाथ पौडेल ज्यू द्वारा प्राप्त भएको पाण्डुलिपी अनुसार छ ।

गंगाका पनि लक्ष्मीधर् हुन गए भन्छन् फलाहारी थे,
पत्नी थे दुइटी सुपुत्र हरु सात् श्रीकृष्ण दास् जेष्ठ थे ।
काशीराम् ३, शिवराम २, थे हरिचरण् पाचौं त धर्माङ्गद,
फेरी हुन् शुकदेव आखिर महाँ जान्नोस जैमङ्गल ॥४५२॥

ऐले मिल्न सकेन पुष्ट रुपले सन्तान् छवै भाइको,
जै मंगल् तिरको मिल्यो अलिकति पाँच् पुत्र हुन् लेखियो ।
जेठा हुन् व्रजनाथ फेरि रघुनाथ् तेस्रा जगन्नाथ हुन्,
काहींला अनि लोकनाथ, हरिनाथ् यी वंशका मध्य हुन् ॥४५३॥

विद्वान् श्रेष्ठ कवि, नीतिज्ञ व्रजनाथ् भन्छन् थिए राज्गुरु,
छोरा चार् उनका प्रसिद्ध कुलमा हुन् रंगनाथ् जेष्ठ उ ।
फेरी कृष्ण र विष्णु पण्डित सबै आखिर नारायण,
जान्नु जेष्ठ र श्रेष्ठ वंश भरका हुन् रङ्गनाथ पावन ॥४५४॥

*राम्रो "राज विधान सार" उनले लेखे ठूलो पुस्तक,
पाए इज्जत मान राजकुलमा थे राष्ट्रका सेवक ।
केही काल प्रधानमन्त्रि पदमा सेवा गरे देशको,
ख्याती भो परराष्ट्र सम्म उनको पाण्डित्य, नीतिज्ञको ॥४५५॥

छोरा हुन् बुझ जीवनाथ उनका नाती भए प्रेम निधि,
उन्का नन्दकिशोर हुन् यति मिले वस्छन् कहाँ के कति ।
ऐले मिल्न सकेन पूर्ण यिनको होला ठूलो व्यापक,
फेरी बन्धु सबै मिलेर पछिनै खोज्दै गरौं सार्थक ॥४५६॥

---

* वि० सं० १९८४ देखि १८९६ सम्म रंगनाथ पौडेल नेपालका प्रधान मन्त्री थिए। राज विधान सारमा उनको जीवनी दर्शाएको छ ।

जयदासपुत्र कालुको सन्तान

कालुका सुत रत्न हुन् गणपति उन्का भए एक नै,
उन्का दो सदु हून् र शंकर पनि आए यहाँ देखिनै ।
सारा सन्ततिमा प्रशस्त सदुका वस्छन् हुलुङ्गे तिर,
मल्ला जी अनि'आरुखर्क'तिर कै वस्छन् अरे वंशज ॥४५७॥

शंकरका दुइ पुत्र हुन् गृहपति, पुरन पनि जाननू,
छैनन् पूरन का यता तिर कुनै सन्तान यो माननू ।
एकै रुद्रपति भए गृहप्रजा हुन् लक्ष्मीनारायण,
उन्का पुत्र र फेरि लक्ष्मो सुत दो मिल्छन् यहाँ वंशमा ॥४५८॥

राधाकृष्ण र गोपिलाल यतिनै मिले यहाँ वंशज,
बाँकी सन्तति खोजि गर्नु पछिनै बन्धुत्व कर्तव्य छ ।

मोतिराज पुत्र कान्छा देवराजको सन्तान

जोगाका सकिए सुसन्तति यहाँ छन् देव राज्का अब,
दो छोरा जयरुप, मुष्टु भनिए लेख्छु मिलेका सब ॥४५९॥

"आरु चौर्" जयरुप सन्ततिहरु वस्छन् कुनै भन्दछन्,
कान्छा मुष्टु अघि पराक्रमि थिए विर्ता लिएका रछन् ।
"अघौं कोट" प्रसिद्ध ठाऊँ उनले विर्ता लिएका अरे,
राम्रो खेत र बेंसो, खर्क पछिका सद्वंशले भोग्गरे ॥४६०॥

छोरा दो उनका विदू, विशन हुन् तम्ल्याकमा छन् कुनै,
सन्तान् मिल्न सकेन आज विदुको लेख्छु विशन्का सबै ।
अग्निहोत्र लिएर नित्य विधिले गर्थे हवन् शास्त्रले,
दामोदर्, ऋषिकेश जान्नु उनका विद्वान्, गुणी पुत्र थे ॥४६१॥

दामोदर पनि अग्निहोत्र विधिले गर्थे सधैं यज्ञ ता,
सन्तान् ती ऋषिकेशका पनि सबै वस्थे 'थमाली' सदा ।
सारावंश तपस्विता र गुणमा विद्वान् अनि धर्ममा,
सारै ख्यात थिए छ नाम यिनको ऐले पनि कर्ममा ॥४६२॥

चर्चा कर्णपरम्परा सित सबै गर्छन् अझै गाउँमा,
दामोदर् सुतता प्रजापति भए 'गोस्वामी'का रुपमा ।
इन्का छन् सुनका"खराऊ" अहिले पूज्छन् सबै वंशले,
सिद्धिप्राप्त प्रसिद्ध कर्म यिनका हुन्थे चमत्कारले ॥४६३॥

छोरा थे दुइ जान्नु जेष्ठ ध्रुव हुन् कान्छा कुवेर भन्दछन्,
फरी हुन् ध्रुवका सुपुत्र छ जना जेठा जगन्नाथ हुन् ।
रामानन्द५ र रामचन्द्र६ पछिका कृष्णान्द पैले भए,
साहींला जमदग्नि३ देखिन गए हुन् वैजनाथ् मध्यरे ॥४६४॥

पौलीका तिनको मिलेन क्रम क्यै कृष्णान्दका दो प्रजा,
कान्छा जान्नु अनन्त हुन् र अघिका हुन् देवशर्मा यता ।
वस्छन् वंशज देवशर्मज धुवाँखोला तिरै कै अब,
त्यस्तै आज अनन्तको पनि यहाँ भेटीन कोहो सब ॥४६५॥

"सिद्ध प्रजापतिका नाति अन्तरे रामानन्दको वंश

रामानन्दज पृथ्वीधर् र उनका हुन् शिवनारायण,
उन्का हुन् हरि-कृष्ण फरि इनका रामदत्त एकै हुन ।
राधाकृष्ण अनि भए मधुसुदन् रामदत्तका आत्मज,
छैनन् क्वै मधुका सुविज्ञकुलमा पण्डित् थिए जेष्ठ त ॥४६६॥

छोरा तीन् उनका ति पण्डित सबै विद्वान् यशस्वी भए,
दुर्गादत्त र मध्य जान्नु गिरिजादत्तै यहाँ देखिए ।
कान्छा हुन् यसरी भए पशुपति छन् पाँच दुर्गात्मज,
जान्नु ती क्रम लेखनाथ अनि देव् फेरी जगन्नाथ त ॥४६७॥

काहीला सुत रामनाथ पछिका कान्छा भए केशव,
लेख्छु क्यै अब लेखका विषयमा जो वंशका दीपक ।
धेरै ग्रन्थ दिए नयाँ जगतको साहित्यमा सिर्जन,
नेपाली जन-जिन्दगी अघि बढ्यो सबलार ! को विर्सन ॥४६८॥

'कविशिरोमणि' यो पदवी मिल्यो,
सरस काव्य सबैतिर बाँडियो ।
अमर नाम भयो जगले चिनो,
सरल मार्ग बनो कविता मिठो ॥४६९॥

हाम्रा वंशमणि शिरोमणि भए संज्ञौ यही गौरव,
सबला को ? उनको प्रशस्तिपद जो लेखेर कैले सब ।
"नेपाली" जबसम्म नाम रहला हुन्छन् उनी जीवित,
कीर्तिको नव सृष्टिमा अमरभै 'पौडेल' रहन्छन् तब ॥४७०॥

छोरा हुन् उनका अनन्त अहिले काठ्माण्डू मैं हो घर,
उन्का तिन् सुत हुन् महेश र पछी ओंकार लोकेश्वर ।
छैनन् सन्तति देवका सुत दुवै भन्छन् जगन्नाथका,
पण्डित् डम्मरु वल्लभै र पछिका टीका भए वल्लभ ॥४७१॥

ऐले राज पुरोहिती पदमहाँ छन् डम्मरु वल्लभ,
छोरा दो उनका यहाँ हुन गए आनन्द सन्तोषत ।
टीकाका दुइ हुन् मनोज र विनोद् भेटीन राम्नाथका,
केशव्का पनि खेमराज उनका उपेन्द्र औ विश्व ता ॥४७२॥

भन्छन् एक् सुत पं०धनञ्जय यता ती मध्य जो दत्तका,
उन्का हुन् अनि जीवनाथ अहिले मोरङ्ग वसो वास ता।
जान्नू बान्धव चिन्न धेररुचिर्भ पुर्ल्यौलि अन्वेषक,
गोपाल् फेरि हरिप्रसाद पछिका तारा भए तीन् सुत ॥४७३॥

छोरा दो बुझनोस् यता पशुपतिजीका त्रिलोचन् तथा,
पर्मानन्द कनिष्ठ हुन् अनि यहाँ छन् टंकनाथ् ज्येष्ठका ।
पर्मानन्द सुपुत्र जान्नु खगनाथ हो पोखरामा घर,
रामानन्द सुवंश प्राप्त क्रमले लेखें यहाँ भर्खर ॥४७४॥

सिद्धप्रजापतिका नाति कान्छा रामचन्द्रको सन्तान

कान्छा हुन् सुत रामचन्द्र ध्रुवका एघार थे पुत्रता,
सर्वाधिक्य सुसन्ततिहरु हुने हुन् श्रेष्ठ यो वंशका ।
जान्नू जेष्ठ जगन् र गोकुल अनि हुन् देवकी नन्दन,
फेरी हुन् वनमाली, भास्कर अनि किरीटमाली सुन ॥४७५॥

बालानन्द, दिवाकरै र धनमाली, लक्ष्मीमाली अनि,
कान्छा हुन्पछिराम वंश यि सबै वस्छन्कहाँके कति।
विस्तार गर्नमिलेन वंशज जगन्का गुल्मीमा छन् अरे,
गोकुल्का सुत पाँच हुन् अब यहाँ लेख्दै छु संक्षेपले ॥४७६॥

नारायण, शिवलाल फेरीपछिका हुन् हेमलाल, मित्रलाल,
कान्छा जान्नू हिरण्यलाल यतिमा दोका पिता मित्रलाल् ।
बुद्धी सागर जेष्ठ हुन् र जयदेव् तत्पुत्र जान्नोस् अब,
उन्का हुन् सुत रत्नदेव अहिले छन् काठमाण्डू सब ॥४७७॥

बाँकी नाऊँ मिलेन पुत्र दुइ हुन् भन्छन् हिरण्यै पटि,
गौरीलाल्, हरिलाल हुन् यिनिसबै छन् 'अर्चले' मैं कति ।
गौरीका अभिमन्यु हुन् र इनका तीन् पुत्र जान्नोस् यहाँ,
कान्छा हुन् तुलसी र ईश्वरि अघि लीलामणि जेष्टमा ॥४७८॥

सन्तान् क्वै अरुको मिलेन तुलसीका तीन छोराहरु,
नित्यानन्द र दुर्गदत्त पछिका हुन् पुष्पनिधिहरु ।
नित्यानन्दजिका प्रजापति भए जेठा त हुन् बाबुराम्,
बाबूका पनि जान्नु माधव भए यस् वंशमा जान्नु नाम्॥४७९॥

दुर्गादत्त सुपुत्र एक बुझनोस् कृष्णप्रसाद नाम हो,
उन्का चार सुत राम्मणि र हरिराज राजेन्द्र ज्ञानेन्द्र जो ।
एकै छन् शशिधर सुपुत्र अहिले ती राम्मणिका पनि,
कान्छापुष्पनिधि सुपुत्रहरु पाँच पण्डित् सबै छन् अनि ॥४८०॥

डिल्लीराम अनि महेश्वर भए भन्छन् त्रिलोचन् पछि,
शालिग्राम अनि हुन् पछाडि कुलदीप् छन् योग्य जन्मे जति ।
डिल्लीराम सुपुत्र पाँच अहिले तारा भए जेष्ठ ती,
फेरी कृष्ण र रामचन्द्र पछिका हुन् रामणि, रामजी ॥४८१॥

पाँचै हुन् सुत ती महेश्वरजिका जो लक्ष्मीनाथ् आखिर,
कीर्ति बल्लभ४गोपिचन्द्र३यसरी हुन् कालिदास२मध्य र ।
जेठा हुन् मुरलीधरै अनि यहाँ दो हुन् त्रिलोचन् सुत,
जेठा हुन् शिव औ गणेश पछिका दो शालिग्रामात्मज ॥४८२॥

जान्नूहोस् कुलराज, ईश्वर यिनै कुल्दीपका तीन् सुत,
नारायण बिचका र सूर्य अघिका कान्छा खगेन्द्रै तब ।
यस्तै यो सब भो हिरण्य पटिको छन् हेमलाल्का पनि,
क्यै सन्तान यहाँ मिलेजति सबै लेख्दैछु सारा गनी ॥४८३॥

गोकुलका साहिला छोरा हेमलालको सन्तान

भन्छन् थे अघि हेमलाल कुलका सद्भक्त ज्ञानी ठुला,
त्यस्तै साधक थे र तान्त्रिक पनि सन्तान् असी वर्षमा ।
छोरा हुन तिन यज्ञलाल,छविलाल औ शक्तिधर् आखिर,
छैनन् सन्तति जेठोका दुइ तिरै तीन् शक्तिधरका तर ॥४८४॥

जेठा हुन् जय शंकरै अनि पछी हुन् टेकनाथ मध्यका,
कान्छा हुन् बलभद्र एक उमनाथ् छोरा भए जेष्ठका ।
दोटै छन् बुझ टेकका पनि यहाँ चोलेन्द्र औ हुतनाथ्,
चोलेन्द्रात्मज तीन पद्म र प्रमोद प्रदीपनाथ् नाम खास् ॥४८५॥

प्रज्ज्वल् छन् सुत पद्मका र हुतनाथ्का छन् दुवै आत्मज,
ती हुन् सूदय राजु जान्नु सबको काठ्माण्डू मैं वास छ ।
कान्छा ती बलभद्रका त खगनाथ् भन्छन् प्रमोद् तत्सुत,
इन्का सन्तति पोखरा तिर सबै बस्छन् यो उल्लेख छ ॥४८६॥

पैले सिद्धप्रजापति सुत कुबेर कान्छा भनी लेखियो,
उन्का सन्ततिको निवास पहिले गुल्मी तिरै देखियो ।
देवानन्द भए कुबेर सुत ता उन्का भए पाँच् सुत,
जेठाको अनि माहीला यि दुइको भेटीन नाऊँ अब ॥४८७॥

साहीला त भवानीशंकर भए हुन् देवशंकर अनि,
कान्छा हुन् हरिशंकरै बुझनु होस् छन् पाँच् भवानी पटि ।
नाऊ हो भगिरथ्, रमापति अनी लक्ष्मीपति यस्पछी,
भन्छन् फेरि जनार्दनै र हरिदेव् दो छन् रमापुत्र ती ॥४८८॥

विद्याकर अनि काशिनाथ बुझनोस् लक्ष्मीपति पुत्र एक,
नाऊँ हो उनको भवेश्वर भनी चाप्कोटमा हो निवास् ।
छोरा पाँच् अनि देवशंकर जिका जेठा रघुकृष्ण हुन्,
नारायण४अघि ईश्वरी३,श्रीधर२ हुन् गोविन्द कान्छा रछन् ॥४८९॥

नारायण सुत दो पछाडि ध्रुव हुन् जेठा हरिवंश ता,
अप्ताली ध्रुवको भयो र हरिका तीन् पुत्र भन्छन् यता ।
गंगाधर अनि हुन् गजाधर पछी कान्छा त सीताधर,
गंगाधर सुत दो भए गुरुप्रसाद हुन् मीनप्रसाद आखिर ॥४९०॥

एकै छन् सुत एकदेव गुरुका ऐले मिलेका यहाँ,
सीताधर सुत हुन् महेश्वर अनी तिन् पुत्र उन्का जहाँ ।
मायानाथ र पुण्डरीक पछिका कान्छा दयानाथ हुन्,
ऐले वंश कुबेरका यति मिले खोज्दा पछी मिल्दछन् ॥४९१॥

दामोदरका सन्तानहरु–काठमाण्डौ

दामोदर सुत माहिला त पहिले श्रीकृष्ण हुन् लेखियो,
उन्का केशव हुन् र पुत्र उनका कृष्णानन्दनै देखियो ।
उन्का हुन् सुत ता यहाँ गणपति जो एकनै भेटिये,
जान्नोस् यि कुलका विशिष्ट जन थे सद्वंश व्यापी भए ॥४९२॥

पैले कान्पुरमा निवास यिनको खर्दार् थिए राज्यमा,
पाए आदर राज्यको र यशको विस्तार गरे साथमा ।
पौवा, पाटि समस्त पैतृक गुठी राखेर सेवा गरे,
यात्री, निर्धन, रोगिको र बटुवाको खाद्य सेवा गरे ॥४९३॥

धेरैकाल पछाडि सम्म यिनको यो पुण्य चल्दै रह्यो,
सारा वंशजमा परेर मल त्यो सत्कीर्तिमा फैलियो ।
छोडी वास थलो अगाडि कुलको सम्मानका खातिर,
राज्धानी तिर नै उहाँ पुगनु भो नीतिज्ञता सादर ॥४९४॥

काठ्माण्डू तिर नै लिए अति ठूला विर्ता स्वयं बुद्धिले,
जान्नू ती 'टऊँखेल्' पछाडि बडिखेल्, पाटन् ललित् पुर मिले ।
इन्का सन्ततिले जहाँ अझ पनी भोगिरहेछन् सब,
विद्या, पौरुष, राज्य सेवक सबै उच्चाधिकारी अब॥४९५॥

उन्का आत्मज देखिए दुईजना सुब्बा उमाकान्त र,
काशीनाथ भए प्रसिद्ध कुलका जो वंशका आदर ।
इन्का थे दुइ पुत्र जान्नु क्रमले जेठा रमाकान्त हुन्,
कान्छा हुन् अनि लक्ष्मीभक्त इ दुवैका वंश विस्तार छन् ॥४९६॥

छोरा तीन् अब देखिए बुझ यता जेठा रमाकान्तका,
कान्छा कृष्णप्रसाद३शंकरप्रसाद हुन् ईश्वरी१ जेष्ठ ता ।
मेजर् सैन्य विभागका अति ठूला कर्णेल थे ईश्वरी,
छोरा हुन् गुणराज एक उनका तीन् पुत्र उन्का पछी ॥४९७॥

जेठा केशवराज हुन् अनि पछी गोविन्द, हेरम्बराज्,
केशवका पनि पुत्र जान्नु छजना राम् राज्, भरत् जान्नु खास् ।
लक्ष्मण् फेरि पछी दिवाकर भए आनन्द हुन् अन्तरे,
कान्छा जान्नु अनन्त आज यि सबै छन् देश सेवा तिरै ॥४९८॥

छोरा तीन् अब रामराज तिर हुन् किरण, स्वराज लेखियो,
कान्छाको त मिलेन नाम अहिले त्यस्तै अरुको भयो ।
जान्नु आत्मज तीन वंश क्रममा गोविन्दका सुन्दर,
कान्छा हुन् लवराज्३विनोद२पहिले जेठात दामोदर१॥४९९॥

दामोदर् पनि विज्ञ योग्य, हँसिला, नीतिज्ञ नेपालका,
ऐले वाग्मति अञ्चलाधिश भई सेवार्थ छन् राज्यका ।
यो वंशावलिमा बढी रुचिलिने जानौं सबैले यहाँ,
छोरा पाँच सबै सुशिक्षित गुणी देखिन्छ यस् वंशमा ॥५००॥

जेठा जान्नु प्रकाश, पुस्कर अनि विपिन् नवीन् औ रवीन्,
पुस्करका सुत ता प्रशेष र प्रसीम् एकै प्रकाश्का रछन् ।
ऐले इञ्जिनियर विनोद बुझनोस् सन्तान् मिलेनन् यहाँ,
कान्छा ती लवराज बैंक तिरका डिप्टी गभर्नर जहाँ ॥५०१॥

इन्का आत्मजको मिलेनतर नाम् हेरम्बका चार सुत,
नाऊँ जान्नु प्रमोद, रिद्धि र शरद् कान्छा विमल हुन् अब ।
राम्रा योग्य र उच्च भिन्न पदमा सेवाधिकारी सब,
गर्छन् राष्ट्र र वंशको हर घडी सेवा र श्रद्धा अब ॥५०२॥

बाँकीको सबनाम वंश क्रमले धेरै मिलेनन् यहाँ,
जो-जो जे जसरी मिले क्रम संगै लेख्दैछु संक्षेपमा ।

काजी लक्ष्मीभक्तको वंश

*लेख्छु क्यै अब लक्ष्मीभक्त तिरको भेटे जतीको सब,
काजी थे इनि वीर सैन्य पदका सर्वस्व थे वंशज ॥५०३॥

---

* यो वंशावली माधवभक्त, योजना अधिकृत, कुपण्डोल काठमाण्डौको सहयोग द्वारा प्राप्त ।

इन्को शौर्य र बुद्धि योग बलले नेपालको गौरव,
धेरै बढ्न गयो, अघि चीन महाँ सम्मान पाए खुब ।
धेरै सम्पति औ वरिष्ठ पदको पाए पुरस्कार पनि,
नेपाली इतिहासमा छ इनको विर्सीनसक्नु स्मृति ।।५०४।।

सुब्बा हुन् ऋषिभक्त पुत्र उनका, उन्का भए चार सुत,
जेठा हुन् अनि वेदभक्त बुझनोस हुन् चक्र भक्त तत ।
साहीला त किशोरिभक्त र पछि डोर भक्त हुन् काहिला,
बाँकी के कति छन् मिलेन क्रमले सन्तान केही यता ।।५०५।।

छोरा सात् बुझ वेदभक्त तिर छन् गिरीश लम्बोदर,
माहींला बुझ पुष्प भक्त क्रमले हुन् सूर्यभक्त पर ।
दीपक् जान्नू चिरंजिवी र पछिका हुन् खड्ग फेरी अमर,
नाऊँका पछि भक्त जान्नू सबले यो वंशको हो कदर ।।५०६।।

काठ्माण्डू तिर धेर छन् अनि कुनै बस्छन् मधेश्मा भरी,
छोरा छन् दुई पुष्पका बुझप्रकाश, कैलाश हुन् आखिरि ।
निर्देशक् जलशक्तिका बुझ यहाँ हुन् सूर्यका पुत्र दो,
जेठा जान्नु सुबोध हुन् अनि सुशील, सुमन् दीपक्को भयो ।।५०७।।

जीत्पुर ग्राम प्रधान पंच बुझनोस् भन्छन् चिरञ्जीवि ता,
राकेश४रंजन३पुत्र चार क्रमले राजेश२ केदार१ ता ।
बाँकीका सुतको मिलेन अहिले जान्नोस् बडा हाकिम,
भन्थे ति अघि चक्रभक्त जसको कीर्ति ठूलो आदिम ।।५०८।।

छोरा चार भए प्रसिद्ध उनका गोविन्द औ माधव,
साहीला त ललीत हुन् र पछिका कान्छा निरञ्जन् अब ।
काजी वंशज 'भक्त' नाऊँ पछि यो लाएर नै पढनुहोस्,
काहीं छन्द बनाउदा त न मिले सच्याउने गर्नु होस् ।।५०९।।

केशव् फेरि रमेश्, दिनेश र महेश्, गोविन्दका चार सुत,
भन्छन् माधव मुख्य जान्नु अधिकृत् जो योजनामा रत ।
जस्कानै सहयोगले सब यहाँ काजीप्रजा जोडिए,
यस्तै वंशज प्रेमी बर्बै हुए गए होला न हूने र के ।।५१०।।

छोरा हुन् दुइ ती मुनेश र विशाल् बस्छन् कुपण्डोल मैं,
शाखाका अधिकृत् भए ललित ता दो पुत्र हुन् साथ मैं ।
राजीव, कोमल हुन् निरञ्जनजी ता भन्छन् यहाँ शिक्षक,
काजी सन्ततिको यहाँ यति मिल्यो खोज्दै गरौं भर्सक ।।५११।।

गणपति पुत्र काशीनाथको वंश

काशीनाथ सुपुत्र जान्नु नरनाथ, सुब्बा मनोहर, दुई,
एकै थे सुत पुष्पराज नरनाथ्जीका मिलेका यही ।
लक्ष्मीराज त पुष्पराज सुत हुन् भेटीन बाँकी अरु,
'नेपाल् गंज' छ वास आज यिनको भन्ने सुनेको बरु ।।५१२।।

छोरा पाँच भए मनोहरजिका हुन् भद्रनाथ् जेष्ठ ता,
नारायण्३, अनि धर्मदत्त२, नुरदेव् औ डिल्लीराम् अन्त्यका ।
एकै जान्नु अनङ्गनाथ अहिले सुब्बा नरायण्जिका,
थे शास्त्रज्ञ, कवि र तन्त्रहरुका ज्ञाता, ठूला वंशका ।।५१३।।

लेखे काव्य अनेक धार्मिक बडा जो गद्यमा, पद्यमा
विद्वत्ता परिपूर्ण थे ति रचना साहित्यका भावमा ।
उन्का आत्मज सात कोमल भए गोपाल, शंकर अनि,
श्रीधर् औ ऋषि पद्मनाथ क्रमले कान्छा रवीन्द्र पनि ।।५१४।।

कोमल्नाथजिका मधुसूदन औ कान्छा पुरुषोत्तम,
'नेपाल्गंज' छ वास शंकरजिका पाँच् पुत्र जान्नु क्रम ।
अच्युत् फेरि बसन्त जान्नु करुणाकर् औ किशोर्, राजु हुन्,
दामोदर् सुत हुन् यता श्रीधरका नेपालगंजै रछन् ।।५१५।।

दोटै हुन् सुत पद्मनाथ तिर ता जान्नोस् मनोज् औ महेश,
दोटै जान्नु रवीन्द्रका सुतपनि विक्रम्, त्रिविक्रम हरेक ।
वाँकी यो कुलमा मिलेन अरु क्वै खोज्दा पछि मिल्दछन्,
काठ्माण्डू तिर नै वरिष्ठ पदमा सेवा गरी वस्दछन् ।।५१६।।

गौरीकान्तको वंश

गौरीकान्त थिए यता गणपतिजीका अघिवंशमा,
नाऊँ जोड्न मिलेन माथि क्रमले कस्का थिए पुत्र ता ।
एकै पूर्ण प्रसाद गौरी सुत हुन् औ पूर्णका तीन् सुत,
जेठा सूर्यप्रसाद, केशवप्रसाद, गोविन्द कान्छा बुझ ।५१७।।

छोरा सूर्यप्रसादका ललित हुन् उन्का सुशील् औ सुनील्,
एकै सौरभ हुन् सुनील सुत ता ऐले यसै वंश बीच् ।
छोरा रामप्रसाद् सुबोध यि दुवै गोविन्दका भन्दछन्,
सन्तान् आज कुनै मधेश अरुचैं डिल्ली बजार वस्दछन् ।।५१८।।

पूर्व ३ नं० सल्लेको पौडेल वंश

*छन् पौडेल बहूत सन्तति हरु त्यो पोखरामा अझै,
जैनारायण थे सूपूर्वज कुनै वस्थे सबै वंश मैं ।
उन्का आत्मज ब्रह्मालाल उनका एकैथिए धुर्वलाल,
छोरा प्राणपति विरञ्चि उनका सन्तान हुन् नाम खास्।।५१९।।

छोडि वास थलो अगाडि इनले झन् पूर्व लागी कन,
सल्ले गाऊँ छ तीन नम्वर महाँ भो वस्न इन्को मन ।
धेरै सन्तति आज फैलिन गए पुर्खा तिनै सज्जन,
एकै मात्र सुपुत्र जान्नु उनका हुन् लक्ष्मीनारायण ।।५२०।।

---

* यो वंश क्रम यसै वंशका बन्धु श्री हरिण्यप्रसाद पौडेल विराट नगर निवासी द्वारा बनाइएको रेखा चित्रानुसार लिएको हो । पोखराका वंशहरु संग जोड्नु हामी सबैको परम कर्तव्य हुनेछ ।

छोरा दो इनका धनञ्जय अनि हुन् यज्ञ आखिरका,
एकै हुन् कमलापति सुत पनि जान्नोस् यता जेष्ठका ।

धनञ्जय वंश (मुखिया टोल)

छोरा दो कमलापति तिर पनि श्रीलाल औ पद्मलाल,
श्रीलाल्का मधुलाल औ जयप्रसाद हुन् चन्द्र दत्तै क्रमात्।।५२१।।

काहीला मकरी र कुञ्जरमणि कान्छा भए वासुदेव,
दोटै चन्द्र सुपुत्र भैरव तथा रुद्रप्रसाद नाम एक ।
छोरा भैरवका गणेश मकरीका पुत्र श्यामप्रसाद,
दो हुन् श्याम सुपुत्र आखिर-गुरु जेठा जनार्दन्प्रसाद ।।५२२।।

एकै थिरप्रसाद् जनार्दनजिका दो हुन् गुरुका सुत,
जेठा यादव सोम आखिर भए तीन् वासुका हुन् सुत ।
दुर्गा, नीलप्रसाद, पार्वतिरमण भेटीन नाउँ अरु,
सातै थे सुत पद्मलाल तिरका लेख्दैछु छोराहरु ।।५२३।।

ज्योतिखर अनि मुक्तिनाथ शिव औ सत्यप्रसाद सिद्धि र,
वाँकी जान्नु भवानिशकर अनि धर्मप्रसाद आखिर ।
ज्योतिका सुत भोलनाथ भनिए राम् नाथ ता मुक्तिका,
भोलाका भवकृष्ण तोत्र शिवका भन्छन् दुवै पुत्रता ।।५२४।।

सीताराम कनिष्ठ, जेष्ठ रजनीकर्का दुवै आत्मज,
कान्छा भीष्म र एकनाथ अघिका तीनै भए भीष्मज ।
जेठा चन्द्र, च्यवन्, गजेन्द्र यति हुन् दोटै सितारामका,
नारायण अनि लोकनाथ भनियो चारै भवानी प्रजा ।।५२५।।

नित्यानन्द पछाडि षोडश भए औ साहिला खेमराज,
मार्कण्डेय कनिष्ठ, नित्य सुतता हुन् वेद, ढुण्डीप्रसाद ।
कान्छा सोमप्रसाद सन्तति विना, चार वेदका आत्मज,
जेठा रामप्रसाद शम्भु, युवराज, नव्राज हुन् अन्त्यज ।।५२६।।

कुण्डीका ध्रुवराज ३, फेरि मणिराज २, राजेन्द्र १ तीन् सन्तति,
दोटै षोडशका त विष्णु पछिका औ वासुदेव् आद्य ती ।
एकै पुण्यप्रसाद खेममुत हुन् वाँकी मिलेनन् सब,
पैले सिद्धिप्रसादका दुई थिए ती रेवती, कोशल ॥५२७॥

एकै कोशलका खगेन्द्र इनका भन्छन् पुरुषोत्तम,
छैनन् रेवतीका मिले यति सबै यी सिद्धिका उत्क्रम ।
जान्नू धर्म सुपुत्र सात अहिले ती कलिदास्, श्रीप्रसाद,
साहींला सुत चेतनाथ क्रमले ती हेम, पाराशर ॥५२८॥

आदित्यै अनि धातृनन्द यति हुन् आठ् कालिदासात्मज,
जेठा हुन् जनमेजयै अनि पछि तो भोजराज मध्यज ।
साहींला मणि फेरि राजन भए गोपाल भूपाल रे,
सातौं हुन् मधुलाल आखिर यहाँ कान्छा दिवाकर भए ॥५२९॥

एकै ती श्रीप्रसाद पुत्र अहिले कृष्णप्रसाद भन्दछन्,
उन्का पाँच् गिरिराज्, कुमार क्रमले राजेन्द्र हुन् भन्दछन् ।
काहींला अनि योगराज पछिका कान्छा पुरुषोत्तम,
जेठा शान्तिप्रसाद् भरत् र खगराज् देवेन्द्र यी चेतज ॥५३०॥

शान्तिका शुभ, राम, पुत्र दुइ हुन् चार् हेमराजात्मज,
जान्नू जेष्ठ नवीन्, रमेश र महेश, उमेश हुन् अन्त्यज ।
पाराशर सुत ता विदूर क्रमले मुकुन्द, विष्णुप्रसाद,
नारद् ध्रुव र द्रोण जान्नु छ जना आदित्यका चार खास् ॥५३१॥

जेठा हुन् हरि फेरि राज क्रमले ती श्याम कान्छा शरद्,
एति वंश मिल्यो धनञ्जयजिको हेर्नोस माथि क्रमात् ।

श्री पति (अठ भैया) को सन्तान

कान्छा यज्ञपति सुपुत्र तिन हुन् जेठा थिए श्रीपति,
गौरीनाथ र वृद्धिलोचन पनि छैनन् ती गौरी पटि ॥५३२॥

आठै श्रीपति पुत्र जन्मिन गए ती लक्ष्मीनारायण,
फेरी वाणिविलास, रंग क्रमले धर्मान्द, नारायण ।
छैटौं हुन् जयभद्र देवि यसरी कान्छा श्रीनारायण,
लक्ष्मीका वलभद्र, विष्णु र दिवाकर् जान्नु होस् मध्यम ॥५३३॥

औ विद्यानिधि, धर्मदत्त यति पाँच वल्भद्रका पुत्र छ,
जेठा हुन् हरिनन्द, कर्ण र पछि तो बद्रिनाथ, लक्ष्मण ।
पाँचौं हुन् मकरध्वजै अनि पछि कान्छा भए अर्कलाल,
विरंची शिवलाल, राम क्रमले लक्ष्मण हरिनन्दज ॥५३४॥

विरंची सुत तीन मध्य अभय २ खडान्द ३ त्रैलोक्य १ हुन्,
कालीदास २ र सेतु ३ टंक १ यसरि त्रैलोक्यका तीन छन् ।
एकै पुत्र गणेश देखिन गए कान्छा खडानन्दका,
एकै शंकरदत्त जान्नु शिवका शिरोमणि रामका ॥५३५॥

पैले लक्ष्मणका सुपुत्र दुई थे ती चन्द्र, चक्रप्रसाद,
त्यस्तै दो सुत चन्द्रका जनकलाल् फेरि टिकादत्त खास ।
यस्तै हुन् वलभद्र सन्तति यहाँ पाए जति लेखिए,
छुटेका सब बन्धु जोड्न सबको एकत्व हो भेटिए ॥५३६॥

विष्णुदत्तको सन्तान

लीलानाथ र लोकनाथ भवनाथ यी विष्णुका तीन् हुन्,
लीलाका पनि टेक, कृष्ण शिवता तीनै यहाँ मिल्दछन् ।
चारै टेकज होमनाथ र षडानन्दै अनि तेजप्रसाद,
हितानन्द कनिष्ठ, होम सुतता ती ईश्वरी एक खास् ॥५३७॥

जान्नु कृष्ण सुपुत्र देवि र पछि ती काशिनाथ पर्शु राम्,
देवीका दुइ हुन् जगत् पशुपति, दोटै जगत् पुत्रनाम् ।
नित्यानन्द र बद्रिनाथ यतिनै छन् काशीका टंकनाथ,
पर्शु का, सुत सात विष्णु क्रमले औ माहिला मेघनाथ ॥५३८॥

टीकादत्त र दुर्ग, राम हरि औ ती ईश्वरी दिव्यराज,
सन्तोष् हुन् सुत विष्णुका क्रम संगै दो मेघका पुत्र खास् ।
हेमन्तै र वसन्त हुन् शिवप्रसाद्जीका अघि पाँच हुन्,
जेठा डम्वरनाथ, हेम र पछि ती मुक्तिनाथ् अर्कलाल् ॥५३९॥

कान्छा विष्णुप्रसाद आज यति नै सन्तान् लिलानाथका,
पाँचै छन् अव लोकका जयप्रसाद् गंगाप्रसाद,लक्ष्मी ता ।
काहींला जिवनाथ फेरि पछिका भोला,यति जान्नु होस्,
छोरा दो वलभद्र, धर्म जयका हुन् वंशमा मान्नुहोस् ॥५४०॥

गंगाका सुत तीन देखिन गए श्रीलाल, भीमलाल,महेश,
एकै चन्द्र श्रीलालका अनि अघि हुन् लक्ष्मीका काशीनाथ् ।
चारै छन् जिव पुत्र तेज क्रमले विष्णु र तारा निधि,
कान्छा हुन् दिननाथ डिल्लि अहिले ती तेजका सन्तति ॥५४१॥

भोलाका हित औ गजाधर दुवै मात्रै मिले वंशज,
पाँचै हुन् भवनाथका सुत हरु ती नन्दलाल सत्य र ।
नारायण् अनि धर्म दत्त पछिका तारा भनि जान्नु होस्,
एकै नन्दज भीमलाल उनका ऋषि भए मान्नु होस् ॥५४२॥

छोरा सत्यप्रसादका तिन भए जेठा त हेमवल्लभ,
माहीला कुल, लीलनाथ पछिका ऐले मिलेका सब ।
नारायण सुत होमशंकर४भए कान्छा अनि वम्प्रसाद३,
रोहिणी२अघिका कलाधर१भए जान्नू यिनै वंश खास ॥५४३॥

विद्यानिधि अनि दिवाकर सन्तति ता,
छैनन् कुनै पनि यहाँ अव देखिएका ।
हुन् धर्मदत्त सुतचार ति रंगलाल,
औ मित्रलाल३रविलाल४र पुष्पलाल२॥५४४॥

माहिला वाणी विलासको वंश

लेखें मिले जति सबै क्रम लक्ष्मीका त,
वाणी विलास सुत तीन मिले प्रशस्त ।
तारा०रमा० र शिवलाल यिनै मिलेका,
संक्षेपमा सब सुवंश यहाँ खुलेका ॥५४५॥

तारानाथ सुपुत्र कृष्ण उनका एकै फणीनाथ हुन्,
उन्का एक चिरञ्जीवि यहि मिले दो पुत्र इन्का रछन् ।
जेठा सोमप्रसाद फेरि पछिको मिलेन नाऊँ पनि,
तारानाथ सुवंश मात्र यति हो दो हुन् रमाकान्त कै ॥५४६॥

कान्छा हुन् सुत नन्दलाल् धनपति जेठा भए जान्नु होस्,
नाऊ मिल्न सकेन् नन्द तिरको चार जेष्ठका मान्नु होस् ।
सुव्वाखर अनि नैननन्द पछिका गोविन्द लीलापनि,
सुव्वाका सुत रेवती हुन गए नैनान्दका एक ती ॥५४७॥

नाऊँ मिल्दछ मातृका, ति अरुका सन्तान छैनन् अव,
कान्छा ती शिवलालका तिन भए देवी र चित्राखर ।
कान्छा सूर्यविनोद जान्नु अघिका देवीप्रसाद्का दुई,
जेठा हुन् जयधर्म फेरि पछिका भन्छन् भवानी यही ॥५४८॥

छोरा तीन् जयधर्मका हुन गए जो लोकनाथ् रेवती,
फेरी आखिर पोष्टराज इनका छोरा मिलेनन् कति ।
पारस् लोक सुपुत्र रेवती प्रजा चूडामणि भन्दछन्,
वाँकी वंश भवानीका नत मिले न चित्रका मिल्दछन् ॥५४९॥

कान्छा सूर्य सुपुत्र पाँच क्रमले ती चेतनाथ् पोसराज,
साहींला त ललित्प्रसाद पछिका हुन् पुष्प औ बोधराज ।
छैनन् चेत ललीतका सुत हुरु न बोध कै मिल्दछन्,
गोपालकृष्ण त पोसराज सुत हुन् षट् पुष्पका पुत्र छन् ॥५५०॥

जेठा थिरप्रसाद चेत र पछि डिल्लीप्रसाद् युवराज,
सीताराम र फेरि यादवप्रसाद् मिल्छन् यिनैनाम खास् ।

साहिला रंगलालको सन्तान

छोरा तीन् यदुनाथ औ जनकलाल फेरि हरिलाल ता,
भन्छन् यि सब रंगलाल तिरका तीनै यदुनाथका ॥५५१॥

जेठा मित्र र प्राणदत्त पछिका कान्छा महानन्द हुन,
छैनन् प्राण, महान्दका सुत यहाँ चार मित्रका पुत्र हुन् ।
जेठा अच्युत जान्नु फेरि नरनाथ त्यस्तै हुतानन्द र,
कान्छा आत्मज ता खडान्द भनिए छैनन् हुतानन्दज ॥५५२॥

तीनै अच्युत पुत्र देखिन गए दुर्गाप्रसाद् औ गया,
केदार् जान्नु कनिष्ठ पाँच क्रमले दुर्गाप्रसाद्का प्रजा ।
जेठा राजकुमार फेरि मनु हुन् तारा र केशव् अनि,
कान्छा आत्मजता भए तिलकनै दो हुन् गयाका पनि ॥५५३॥

जेठा उद्धव फेरि उज्ज्वलप्रसाद, केदारका छन् दुवै,
जान्नु दीपक औ मनोज, नरनाथ् जीका प्रजा हुन् तिनै ।
भूमिनन्द पछाडि केशव भए कान्छा जनकलाल हुन्,
भूमिका सुत चार लूमडिप्रसाद पैंजे लिलानाथ हुन् ॥५५४॥

फेरि कृष्णप्रसाद् कुमार भनिए छैनन् अरुका सुत,
कान्छा ती अधिका खडान्दतिर ता आठ् पुत्र मिल्छन् अब ।
नाऊँ पुष्प अशोक, चेतन, अनि रुद्रप्रसाद् होमनाथ्,
फेरि थिरप्रसाद पद्म र पछि आखीरका तीर्थराज् ॥५५५॥

राजन् फेरि भरत् सुपुत्र अहिले दो पुष्पका भेटिए,
यस्तै हुन् यदुका यता जनकका षट् पुत्रता देखिए ।
शक्तिवल्लभ औ कृपानिधि भए कृष्णप्रसाद माहिला,
फेरि शंकरिदत्त औ विजय राज् हुन् देवदत्तै भला ॥५५६॥

छैनन् कृष्ण,कृपा तथा विजयका चार् शक्तिका आत्मज,
दुर्गादास र होमनाथ पछिका बाणीविलास् कृष्ण त ।
नारायण् अनि वासुदेव क्रमले कृष्णप्रसाद् एकनाथ,
शालिग्राम् ठगराज जान्नु छ जना यी होमका पुत्र खास ॥५५७॥

नारायण् सुत तीन् प्रकाश र पछि हुन् राम औ लक्ष्मण,
दुर्गा बाणि र कृष्णका सुत हरु छैनन् यहाँ वर्णन ।
जान्नु बेहरीलाल फाल्गुनीप्रसाद दो शंकरीदत्तका,
फेरी हुन् बलिभद्र उद्धव दुवै ति बेहरीकाका प्रजा ॥५५८॥

फाल्गुनी सुत पूर्ण हुन् र अधिका ती दैवका तीन छन्,
जेठा हुन् कपिलै मुनि र क्रमले ती सोम औ खेम छन् ।
जान्नु होस् गिरिराज अम्बरप्रसाद् गंगाप्रसाद् जेष्ठका,
एकै जान्नु सरोज सोम सुतता लेखें जनकलालका ॥५५९॥

कान्छा ती हरिलालका सुत भए चार् जेष्ठ तिर्लोचन,
काशीदत्त र चन्द्रदत्त क्रमले त्रैलोक्यनाथें गन ।
तिर्लोचन् सुत दो धनञ्जय पछि कान्छा भए खेचर ।
पाँचै जान्नु यता धनञ्जयजिका देवीप्रसाद पुण्य र ॥५६०॥

साहीला लवराज यज्ञ र पछि हुन् सूर्य कान्छा बुझ,
काशीदत्त सुपुत्र एक अहिले जान्नोस नारायण ।
उन्का चार भए ति निर्मलप्रसाद् फेरि नरेन्द्र भन,
साहील त सुरेन्द्र फेरि पछिका दीपेन्द्र कान्छा गन ॥५६१॥

जन्मे दो सुत टेकनाथ धननाथ् ती चन्द्रदत्तै तिर,
मुक्ति डिल्ली र सूर्य, टेक सुत हुन् यी तीन नै आखिर ।
तीनै हुन् धननाथका ति छविलाल् औ दिव्य, विष्णुप्रसाद,
छैनन् आत्मज आज वंश विचमा त्रैलोक्यका कोइ खास ॥५६२॥

काहिला धर्मानन्दको सन्तान

धर्मानन्द सुपुत्र जेष्ठ रघुनाथ श्रीकान्त कान्छा भए,
चारै थे रघुका सुपुत्र क्रमले ती वृद्धिलाल् जेष्ठ थे ।
माहींला सुत कृष्णलाल परमाखर्४औ सदानन्द३ हुन्,
वृद्धिका सुत रंगलाल यतिनै ऐले मिलेका रछन् ॥५६३॥

तीनै आत्मज कृष्णलाल तिरका देवीचरण् जेष्ठ हुन्,
भूमिनन्द र निधिरत्न, निधिका चोरंजीवि पुत्र हुन् ।
एकै मेदिनि, देविका सुत भए औ भूमिका पाँच छन्,
जेठा भेषप्रसाद औ कमल,ओम् फेरि प्रकाश भन्दछन् ॥५६४॥

जान्नू यादव औ कुमार यसरि छन् ओमका दो सुत,
जेठा हुन् गिरिराज नीरजकुमार, पाँचै सदानन्दज ।
लक्ष्मीकान्त१र सोम५फेरि अभय२नर्नाथ३औ श्रीप्रसाद४,
लक्ष्मीका तिन इन्द्रलाल क्रमले नेत्रप्रसाद् होमनाथ् ॥५६५॥

छोरा छन् नरनाथका विदुर औ विमल,कुमार,भीमप्रसाद,
माहेश्वर र उपेन्द्र जान्नु छ जना षट् पुत्र नै श्रीप्रसाद ।
जान्नू भीम्,नवराज्,सुरेश,जगलाल् औ वाबूराम,लोकनाथ्,
कान्छाका क्रमले यहाँ बुझनुहोस् छन् सोमका पुत्र षट् ॥५६६॥

जेठा नेत्रप्रसाद जान्नु उदय, चूडामणि औ शरद्,
फेरी दिव्यप्रसाद जान्नु पछिका लावण्य हुन् पुत्र खास् ।
छोरा ती खिलनाथ २तेज१परमाखर्का दुवै मिल्दछन्,
बाँकी सन्तति छन् कहाँ कति जना भेटोन के-के रछन् ॥५६७॥

कान्छा ती अधिका श्रीकान्त सुत ता चारै जना भेटिए,
जेठा विष्णुप्रसाद फेरि प्रभुनाथ् विद्यानिधि लेखिए ।
इच्छाराम कनिष्ठ थे दुइ भए ती विष्णुका आत्मज,
जेठा जान्नु प्रजापति र नरनाथ् छैनन् प्रजा वंशज ॥५६८॥

एकै देविचरण् सुपुत्र नरका छन् दो प्रभुनाथका,
भन्छन् नाम त तोयनाथ पछिका औ मोहिनीनाथ ता ।
चारै तोयज होमनाथ लुमडी औ लोक्, खगेन्द्रप्रसाद,
एकै छन् नवराज ता लुमडिका दो लोकनाथ् पुत्र खास् ॥५६९॥

जेठा राजन हुन् कनिष्ठ अरुका नाऊँ मिलेनन् यहाँ,
एकै डोरप्रसाद मोहिनीजीका बाँकी मिलेनन् यहाँ ।
एकै आत्मज जान्नुहोस् जयप्रसाद् विद्यानिधिका भए,
पीताम्बर् अनि टेकनाथ, मणिराज् भन्ने यहाँ लेखिए ॥५७०॥

पीताम्बरसुत जान्नु पाँच तुलसी,चक्रप्रसाद,ओम्प्रकाश,
फेरी हुन् सुमंदैप्रसाद पछिका गोविन्द आखीर खास् ।
एकै छन् मणिराज आत्मज यहाँ नाऊँ पुरुषोत्तम,
इच्छाराम सुपुत्र चार भनिए टिका र नारायण ॥५७१॥

गोकर्ण र भरतप्रसाद बुझनोस् तीनै टिकादत्तका,
भूमिनन्दन२ पैलि जान्नु तुलसी१ हिरण्य आखिरका ।
दोटै छन् ऋषिराज्सुरेश् तुलसीका औ टंकराज् भूमिका,
बाँकी वंशजको मिलेन क्रम्ले नाऊँ यहाँ के कता ॥५७२॥

रुपनारायणको वंश

एकै रुपनरायणात्मज भए जान्नोस श्रीवल्लभ,
उन्का दो प्रभुनाथ औ लुमडिनाथ् मिल्छन् यहाँ आत्मज ।
एकै छन् सुत टंकनाथ प्रभुका औ टंकका पुत्र षट्,
वंशोधर अनि खेमराज क्रम्ले गंगा र विष्णुप्रसाद ॥५७३॥

फेरी ईश्वरि हुन् कुमार पछिका छन् वंशीका चार नै,
जान्नू टंकप्रसाद, भेष तुलसी ४ पैले हिरालाल३ चैं ।
भन्छन् शिवप्रसाद डोर र पछि लावण्य हुन् खेमका,
शालग्राम३ र होमनाथ २पहिला तारा१यि गंगात्मज ॥५७४॥

एकै ईश्वरीका मिले धरणीधर् बाँकी मिलेनन् अरु,
